सर्वाधिक बिक्री हुने
# साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.



लभगुरु
## रेखा थापा
पाठकहरूको समस्या समाधान गर्दैछिन्
पृष्ठ ११ मा

• वर्ष १२ • अंक १५ • काठमाडौं, शुक्रबार, भदौ ९, २०६३ • SAPTAHIK • Nepali National Weekly • Friday, Aug. 25, 2006 • पृष्ठ २४ • मूल्य रु. ८/-






तस्बिर : साइबर संसार डटकम

# स्कर्टमा स्टाइलिस लुक

• रोजिन शाक्य

फेसनको रंगीन एवं परिवर्तित वातावरणमा हिजोआज विशेषतः टिनएज यौवनाहरूमा स्कर्टका विभिन्न शैली निकै लोकप्रिय देखिन्छन् । विशेषगरी डान्स पार्टी, गेट टुगेदर पार्टी, बङ्कर्स पार्टी, कन्सर्ट, ग्रान्ड आदिमा स्लिभलेस पहिरनसँगै जिन्स, कटन, लिलेन, लाइग्मा आदिका प्लिटेड, सर्कुलर ह्याङकर चिफ शैलीका मिनी-माइक्रो तथा घुँडासम्म आउने स्कर्टको ग्ल्यामरले वातावरणलाई तताएको अनुभव हुन्छ । प्लिटेड, फ्लेयर्ड, लेयर्ड, स्ट्रेट, सर्कुलर, झुलादार, जस्ता फ्लाउन्सेस, बेलुन, कट्सयुक्त ह्यान्करचिप, एलाइन, प्लेन, क्रिङ्कल्ड, फ्रिली लगायतका दर्जनौं कट्स, डिजाइन एवं शैलीका मिनी माइक्रो, नि-लेन्थ, काल्फ-लेन्थ एङ्कल-लेन्थ स्कर्टहरू अहिले प्रचलनमा छन् । ह्वाइट, ब्ल्याक, एक्वा ब्लु, अलिभ, ग्रिन, रेड, ऐलो जस्ता रंगहरू जहाँ स्कर्ट फेसनमा कलर कोड बन्न पुगेका छन् त्यहीं प्याचवर्क, इम्ब्रोइडरी, पोल्का डटेड, फ्लोरल प्रिन्ट्सयुक्त स्कर्टको फेसन पनि उत्तिकै बढेको छ । जिप्सी तथा असिमेट्रिकल लुक स्कर्ट फेसनमा आउडेटेड भएको छ भने प्लिटेड, फ्लेयर्ड, फ्रिली लुकको डिमान्ड बढेको देखिन्छ ।

ओरेन्ज लाइक्रा तथा ब्ल्याक जर्जेटको सुन्दर संयोजनमा डिजाइन गरिएको टपका साथमा ओरेन्ज लाइक्रा मिनी-स्कर्ट, टाइगर प्रिन्ट बस्टियरमा ब्ल्याक जर्जेट लङ स्लिभ टपका साथमा ब्ल्याक प्रिन्टयुक्त रेड प्लिटेड स्कर्ट र ब्ल्याक काल्फ लेन्थ बुटको कम्बिनेसन होस् वा पिन्क लाइक्राको ट्याङक टपका साथमा डेनिम माइक्रो-मिनी स्कर्ट र काल्फ लेन्थ बुटको कम्बिनेसन, ह्वाइट जर्जेटमा पिन्क फ्लोरल प्रिन्ट भएको सर्ट पफ स्लिभयुक्त स्टाइलिस टप र घेरेदार स्कर्ट, रफल्ड र एम्पाएर टपका साथ पेन्सिल एवं पेग्ड कट्सयुक्त स्कर्ट, फ्रिली स्कर्ट साथमा फ्रिली स्पेगेटी टप जस्ता कम्बिनेसन



स्कर्ट स्टाइलमा पपुलर देखिन्छन् । जहाँ मिनी-माइक्रो स्कर्टमा नि-लेन्थ तथा काल्फ-लेन्थ बुटको कम्बिनेसन फेसनमा छ त्यहीं अन्य डिजाइनका स्कर्टका साथमा स्ट्राइपी स्यान्डल, मुलस तथा हाइहिल सुजको प्रचलन बढ्दो छ । स्कर्ट स्टाइलका साथ फन्की ह्यान्ड ब्यागको फेसन पनि उत्तिकै हट आइटम बनेको छ ।

थप जानकारी पृष्ठ २१ मा

**सन् १९६८ मा लन्डनबाट बजारमा आएको मिनी स्कर्टलाई फेसनको संसारमा एक क्रान्तिकारी डिजाइन मानिएको थियो । मिनी स्कर्टको डिजाइन तयार भएको ३८ वर्षपछि पनि यो हट फेसन आइटमका रूपमा अझ बढी लोकप्रिय हुँदैछ । मिनी स्कर्टको सिर्जना गर्ने श्रेय मेरी कवेटलाई जान्छ । लन्डनको कार्वाबी स्ट्रिटलाई मिनी स्कर्टको सो-केसका रूपमा चिनाउने श्रेय पनि उनैलाई छ । त्यति बेला सुन्दरीहरू घुँडासम्म ढाक्ने जुत्ता वा कालो पाइजामाका साथ स्कर्ट लगाउँथे । समयसँगै बढ्दो उदार मानसिकता एवं दर्जनौं शैलीका स्कर्टको उपलब्धताले आज स्कर्टलाई रेडी टु वेयरको अवस्थामा ल्याएको छ । आज स्कर्टको जुनसुकै डिजाइन र लम्बाइमा यौवनाहरू आफ्ना सुन्दर एवं मांसल, खुट्टा-तिघ्रा प्रदर्शन गर्न लजाउँदैनन् । सबैले यसलाई फेसन स्टाइल मान्न थालेका छन् । स्कर्टको फेसन टेनिस सुन्दरीहरूदेखि चलचित्रको पर्दा हुँदै फेसनेवल यौवनाहरूको स्टाइल स्टेटमेन्ट बन्न पुगेको देखिन्छ । सर्ट स्कर्ट होस् वा फुल लेन्थ स्कर्ट हरेक डिजाइन, लम्बाइ र स्टायलका स्कर्टले यौवनाहरूको वार्डरोवलाई स्टाइलिस लुक दिएको अनुभव हुन्छ ।**

साप्ताहिक

प्रतिस्पर्धा हेयर स्टाइलको



१० पृष्ठ मा

हङकङमा नेपाली कार्यक्रम




२ पृष्ठ मा



भक्तिनी सारु

१० पृष्ठ मा


मध्यपृष्ठमा





# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## मेष

समष्टिमा साता राम्रो छ। गलत विचार बढे पनि शनिबारदेखि परिश्रम गरे काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। व्यवसायमा वृद्धि हुनुका साथै यात्रा गर्ने अवसर प्राप्त हुनेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। घरेलु कामकाजमा बल नगर्नु नै उचित होला। सफलताका लागि गोपनीयता अपनाउनु आवश्यक छ।

## वृष

घरेलु समस्याले सताउनेछ। मन दुविधाग्रस्त रहनेछ। गलत विचार बढ्नाले काममा अवरोध आउनेछ। अरूको काममै समय बिते पनि जस पाउने सम्भावना भने देखिँदैन। मंगलबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने, धन आर्जन तथा यात्रा हुने योग छ। व्यवसायमा वृद्धि हुनुका साथै अरूबाट प्रशंसा पनि पाउनुहोला।

## मिथुन

सुरुमा पराक्रम एवं सोच्ने शक्ति बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। धन आर्जन पनि हुनेछ। मानसम्मान मिले पनि शनिबारदेखि विवाद, घरेलु समस्या एवं गलत विचार बढ्ने तथा काममा अवरोध आउने देखिन्छ। झूटो आरोप लाग्न सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कनेछ। अरूलाई विश्वास गरिहाल्नु उचित हुँदैन।

## कर्कट

सुरुमा विवाद एवं कुरा काट्नेहरू बढ्नेछन्। धनमाल हराउन सक्छ। घरेलु समस्याले सताउनेछ। मित्र तथा परिवारजनले धोका दिनेछन्। बेलामा बुद्धिले काम नगर्दा समस्यामा फस्न सकिन्छ। शनिबार, आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। आम्दानी पनि हुनसक्छ।

## सिंह

मानसम्मान प्राप्त हुनुका साथै भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। अरूले पनि तपाईंको विश्वास गर्नेछन्। पराक्रम बढ्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता मिल्नुका साथै घरजग्गा जोड्ने प्रयासमा सफलता प्राप्त होला। शनिबार, आइतबार र बिहीबार विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## कन्या

सुरुमा खर्च एवं विवाद बढ्नाले मनोबल घट्नेछ। अरूले गरेको गलत कार्यको दोष तपाईंमाथि थोपर्ने प्रयास हुनेछ। मुद्दा पनि लाग्न सक्छ। शनिबार, आइतबार, सोमबार तथा बिहीबार मानसम्मान मिल्ने, पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। बोलीको प्रभाव बढ्नुका साथै यात्रा हुनसक्छ।

## तुला

सोच्ने शक्ति बढ्नुका साथै धन आर्जन पनि होला। मानसम्मान पनि प्राप्त हुनेछ। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। भोजभतेरमा सामेल हुने अवसर मिल्नेछ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। महत्त्वपूर्ण जिम्मेवारी बोक्नुपर्ने हुनसक्छ। शनिबार तथा आइतबार गलत विचारका साथै खर्च एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

## वृश्चिक

मानसम्मान प्राप्त हुनेछ। आम्दानी पनि राम्रै होला। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। नयाँ तथा कीर्तिमान कायम गर्ने अवसर मिल्नेछ। व्यवसाय वृद्धि हुनुका साथै यात्रा गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम प्राप्त हुने योग छ। मंगलबार र बुधबार खर्च एवं विवाद बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

## धनु

भाग्य बलियो छ। सुरुमा नैराश्यता एवं उदासीनता बढे पनि शनिबारदेखि मानसम्मान तथा काममा सफलता मिल्ने एवं अरूबाट प्रशंसा प्राप्त हुने योग छ। व्यवसायमा लाभ हुनुका साथै वैदेशिक कार्यमा रुचि बढ्नेछ। धन आर्जन गर्ने अवसर मिल्नेछ। बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

## मकर

अस्वस्थता बढ्नेछ। काममा अवरोध आउनुका साथै मन चिन्तित रहनेछ। भाग्यले पनि साथ दिनेछैन। कुरा काट्नेहरू बढ्नेछन्। विश्वास गरेकाहरूले धोका दिनेछन्। सानोतिनो कुराले पनि मन ढुकढुक हुनेछ। सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ। कामकाजमा सुधार आउनुका साथै मानसम्मान पनि प्राप्त होला।

## कुम्भ

रमाइलो यात्रा गर्ने अवसर मिल्नेछ। व्यापार बढ्नुका साथै भेटघाटमा रमाउने अवसर प्राप्त हुनेछ। अरूको मन सजिलै जित्न सकिनेछ। प्रशंसा पनि पाउनुहोला। आकस्मिक भेटमा बढ्ने प्रसन्नताले सम्मान प्राप्त भए पनि शनिबारदेखि बुधबारसम्म स्वास्थ्यमा समस्या उत्पन्न हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

## मीन

सुरुमा परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर मिल्नेछ। व्यवसायमा सफलता प्राप्त हुनेछ। यात्रा गर्ने अवसर मिल्नुका साथै सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता मिल्नेछ। मंगलबारदेखि स्वास्थ्यमा समस्या देखापर्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। शरीरमा चोटपटक पनि लाग्न सक्छ।

### यो साताको पञ्चाङ्ग

भदौ १० गते : तीज, ११ गते : गणेश चतुर्थी, १ गते : ऋषि पञ्चमी, १५ गते : गौरापर्व प्रारम्भ

## आगामी कार्यक्रम

-पोखरामा ग्रान्ड डान्स पार्टीको आयोजना हुने क्रममा कुनै कमी आएको छैन। हरितालिका तीजका दिन अर्थात् भोलि शनिबार स्थानीय होटल फेवाप्रिन्समा जेनेरेसन टु द नेक्स डोरले पार्टी जाम शीर्षकको भव्य डान्सपार्टी आयोजना गर्दैछ। यसअघि पनि संस्थाले पोखरामा भव्य डान्स पार्टीको आयोजना गरिसकेको छ। डिजे केजङको संगीत-संयोजनमा डान्सपार्टी दिउँसो ३ देखि रातिसम्म चल्ने कुरा इभेन्ट म्यानेजर पुन गुरुङले साप्ताहिकलाई जानकारी दिइन्।

– गाईजात्राको अवसरमा राजधानीमा प्रदर्शन भैसकेको तीतेजीरे गाईजात्रा पोखरामा प्रदर्शन भैरहेको छ। आज शुक्रबार तथा भोलि शनिबार पोखरास्थित दीपेन्द्र सभागृहमा यो कार्यक्रम प्रस्तुत हुँदैछ। गुरुङ युथ फोरमले प्रस्तुत गरेको यो कार्यक्रम साँझ ४ बजेपछि प्रारम्भ हुनेछ। राजधानीमा सहभागी भएका हास्यकलाकारहरू नै पोखरामा पनि प्रस्तुत हुँदैछन्। यसअघि हिजो बिहीबार कार्यक्रमको पहिलो शो प्रदर्शन गरिएको थियो।

– फोकस एड नेपालको आयोजनामा आज शुक्रबार कमलादी, काठमाडौंस्थित प्रज्ञा-प्रतिष्ठानमा देशभरिका बालबालिकाहरूलाई समेटेर 'चिल्ड्रेन अफ द इयर' शीर्षकको बालसौन्दर्य तथा प्रतिभा प्रतियोगिता सञ्चालन गरिंदैछ। 'अल नेपाल मेघा कन्टेस्ट' उपशीर्षक राखिएको यो प्रतियोगितामा आठदेखि १२ वर्ष उमेर समूहका ३२ जना बालबालिका सहभागी हुँदैछन्।

– आज शुक्रबार साँझ हयात रिजेन्सीमा एउटा फेसन सो आयोजित गरिंदैछ। प्रवीण श्रेष्ठले आयोजना गर्न लागेको उक्त फेसन सोमा राजधानीमा दुई दर्जन मोडलले विभिन्न डिजाइनरका पहिरन प्रदर्शन गर्नेछन्। कार्यक्रम राति आठ बजे प्रारम्भ हुनेछ।

– आगामी असोज ६ गते राजधानीमा सम्पन्न हुने लक्स सुपरमोडल प्रतियोगिताको 'ग्रान्ड फाइनल' का लागि देशका विभिन्न सहरमा छनौट कार्यक्रम आयोजित गरिंदैछ। निर्धारित कार्यक्रमअनुसार भोलि शनिबार विराटनगरको रत्ना होटल, आगामी भदौ १७ गते पोखराको होटल द कान्तिपुर तथा भदौ २४ गते काठमाडौंस्थित र्‍याडिसन होटलमा बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म छनौट कार्य सञ्चालन हुनेछ। प्रतियोगिताको अन्तिम चरणमा २० जना युवायुवतीलाई सहभागी गराइने कार्यक्रम आयोजकहरूले जनाएका छन्।



– पलेंटीको आठौं श्रृंखलामा सङ्गीतकार तथा गायक गणेश रसिक प्रस्तुत हुँदैछन्। आज शुक्रबार तथा भोलि शनिबार सम्पन्न हुने पलेंटीको नयाँ श्रृंखलामा नेपाली सङ्गीतजगत्‌का यी परिचित संगीतकर्मी सहभागी हुन लागेका हुन्। सङ्गीत तथा साहित्यमा निरन्तर लागिरहेका रसिकले शृंखलामा आफ्ना लोकप्रिय सिर्जनाहरू घन्काउनेछन्। 'पलेंटीमा भाग लिएर आफ्नो अतीतलाई स्मरण गर्ने जमर्को गर्दैछु। सङ्गीतमा रमाउन चाहने श्रोतासामु प्रत्यक्ष गाउन पाउनु हरेक कलाकारका निम्ति अनुपम क्षण हो। म पनि त्यही क्षणको आनन्द लिने अभिलाषाका साथ अभ्यासरत छु।' रसिकको टिप्पणी छ।

– मिस नेपाल हङकङ पूर्णिमा गुरुङले पर्सि भदौ ११ गते हङकङको येनलङ थिएटरमा 'इन्द्रेणी साँझ २००६' शीर्षकको सांस्कृतिक कार्यक्रम आयोजित गर्दैछिन्। एचके नेपाल डटकमले जनाएअनुसार उक्त कार्यक्रममा नेपालबाट गायक निमा रुम्बा तथा सुगम पोखरेल सहभागी हुँदैछन्। कार्यक्रममा हङकङकै स्थानीय कलाकारहरूले गायन तथा नृत्यसमेत प्रदर्शन गर्नेछन्।

– काठमाडौं जेसिसको आयोजनामा भोलि भदौ १० गते शनिबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा 'मिस टिन २००६' शीर्षकको सौन्दर्य प्रतियोगिता हुँदैछ। प्रतियोगितामा २४ जना युवतीले भाग लिंदैछन्।

– बौद्धस्थित हयात रिजेन्सीको रक्स बारमा आयोजना भैरहेको 'सि फुड फेस्टिवल' को अवधि बढाइएको छ। अगस्ट महिनाभरि यो फेस्टिवल सञ्चालन हुने रक्सले जनाएको छ। साँझ ६ बजेदेखि राति एक बजेसम्म सञ्चालन हुने फेस्टिवलका क्रममा समुद्री माछासँगै आफूलाई मन परेको वाइनको स्वाद लिन सकिन्छ।

– आज भदौ ९ गते शुक्रबार बेलायतको रिडिङमा पनि एउटा नेपाली डान्स पार्टीको आयोजना हुँदैछ। आज के छ डट कमले आयोजना गर्न लागेको 'समर इन्ड पार्टी २००६' मा त्यहाँ बसोबास गर्ने नेपाली युवा-युवतीहरूको सहभागिता रहनेछ।

–नेप्लिज फेसन होमले भोलि भदौ १० शनिबार प्रज्ञा-प्रतिष्ठानमा सात वर्षदेखि तेऱ्ह वर्ष उमेर समूहका बालिकाहरूको 'किड्स क्विन २००६' को आयोजना गर्दैछ। कार्यक्रम दिउँसो २ बजे प्रारम्भ हुनेछ।

- ढोरपाटन ब्लु स्काई कप भलिबल प्रतियोगिता भदौ १४ गतेदेखि काठमाडौंको गोंगबुस्थित भलिबल कोर्टमा प्रारम्भ हुनेछ। लिगका आधारमा सञ्चालन गरिने उक्त प्रतियोगितामा २४ वटा टिमले सहभागिता गर्नेछन्।

-घरायसी प्रयोजनका लागि उपयुक्त विभिन्न विद्युतीय उपकरण तथा अत्याधुनिक मोबाइलहरूको प्रदर्शनी 'चाइना ट्रेड फेयर २००६' भदौ २२ गतेदेखि २५ गतेसम्म चल्नेछ। प्रदर्शनी आयोजक संस्था नेपाल-चीन कार्यकारी परिषद्ले जनाएअनुसार दैनिक उपभोग्य वस्तुहरू, अटोमोबाइल, मोटरसाइकल, फर्निचर आदि सामग्री प्रदर्शनीमा राखिनेछन्।



## साता संक्षेप

भदौ २– नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा दुवै काङ्ग्रेसको एकीकरणसम्बन्धी खाका प्रस्तुत ।
– राजाको शासनकालमा सूचना खर्च विगत वर्षहरूभन्दा दोब्बर भएको सार्वजनिक लेखासमितिद्वारा जानकारी ।
– भदौको तेस्रो सातादेखि भारी लाडसेडिङ हुने ।
– स्वास्थ्य सहायकको आन्दोलनका कारण देशभरिका स्वास्थ्य तथा उपस्वास्थ्यचौकी ठप्प ।

भदौ ३– माओवादीद्वारा युद्धविरामको अवस्थामा पनि सर्वसाधारणको हत्या, हजारौं गाउँले माओवादीविरुद्ध सडकमा उत्रिए ।
– पेट्रोलियम पदार्थको मूल्यमा अत्यधिक वृद्धि, देशभर प्रदर्शन ।
– माओवादीद्वारा अपहरित १२ वर्षीया बालिकालाई तीन साता यातना, मानवअधिकारवादी संस्थाहरूद्वारा घोर भर्त्सना ।

भदौ ४– पेट्रोलियम पदार्थको मूल्यवृद्धिको विरोध निहुँ बनाउँदै नेकपा (एमाले) का महासचिव मधावकुमार नेपाल तथा उनका भाइको कोटेश्वरस्थित घरमा तोडफोड ।
– पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा नेकपा (माओवादी) सहित जनआन्दोलन-२ का सबैजसो दलहरूद्वारा छुट्टाछुट्टै प्रेस विज्ञप्ति ।
– धादिङको भूमिस्थानमा चट्याङबाट ४ गाउँलेको मृत्यु, एक दर्जन घाइते ।

भदौ ५– सरकारद्वारा पेट्रोलियम पदार्थमा लागू गरेको नयाँ मूल्य फिर्ता, जनजीवन पुनः सामान्य ।
– माओवादी यातनाबाट धनुषाका नेपाली काङ्ग्रेसका कार्यकर्ता दीपनारायण यादवको मृत्यु ।
– मूल्यवृद्धिको विरोधमा देशभर १६ पेट्रोलपम्प तोडफोड, पेट्रोलियम पदार्थका विक्रेताद्वारा सरकारसँग क्षतिपूर्तिको माग ।

भदौ ६– दरबारका साना कर्मचारीले तलब नपाएको गुनासो, ठूला कर्मचारीको तलब र दसैं भत्तासहित ७ करोड निकासा ।
– नेपालस्थित गैरसरकारी संस्था 'रिड' लाई १० लाख डलरको एक्सेस टु लर्निङ पुरस्कार ।
– सरकार-माओवादीबीच वार्ता, विद्रोही छापामार राख्ने स्थान तोक्ने निर्णय ।
– अदालतसँग सम्बन्धित संस्थामा माओवादीद्वारा भएको तोडफोडको विरोधमा झापामा कर्मचारीहरूद्वारा प्रदर्शन ।

# संसद्को ऐतिहासिक घोषणाको सबैभन्दा विवादास्पद मुद्दा

**साप्ताहिक समाचार**

काठमाडौं– तीन महिनाअघि जेठ ४ मा प्रतिनिधिसभाले गरेको ऐतिहासिक घोषणाहरूमध्ये 'नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिनेछ' भन्ने बुँदाले उत्पन्न गराएको तरङ्ग शान्त हुने छाँटकाँट देखिएको छैन । यो घोषणाको उद्देश्य जेसुकै भए पनि नेपाललाई विश्वको एक मात्र हिन्दू राष्ट्रका रूपमा गौरव गर्ने कतिपय नेपाली दुःखी मात्र भएनन्, उनीहरूले यसको खुलेर विरोधसमेत गरे । कतिपयले यसलाई हिन्दू धर्मको मानमर्दनका रूपमा बुझेका कारण केही स्थानमा प्रदर्शन पनि भए । हिन्दू धर्मसँग सम्बन्धित संस्थाहरूले यो घोषणा तत्काल फिर्ता हुनुपर्ने माग गरे भने भारतको हिन्दुवादी दलका रूपमा चिनिएको भारतीय जनता पार्टीले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणताका यो घोषणाले जन्माएको विवादका विषयमा एक घण्टा छलफल गर्‍यो । यसरी देशभित्र मात्र होइन प्रतिनिधिभाले गरेको उक्त घोषणा विश्वभरिका हिन्दूको चासोभित्र पर्‍यो ।

अर्कातिर प्रतिनिधिसभाले गरेको सबैजसो घोषणालाई हृदयदेखि स्वीकार गर्न नसकेको नेकपा (माओवादी) ले यो बुँदालाई देश र जनताको पक्षमा भएको घोषणा भन्दै स्वागत गर्‍यो । जनयुद्ध सुरु गर्नुअघि नै आफूहरूले धर्मनिरपेक्षताको माग उठाएको भन्दै उसले नेपालीहरूको शिर ठाडो भएको बतायो । नेपाली काङ्ग्रेसलगायत जनआन्दोलनका सात सहयात्रीले पनि उक्त बुँदाको पक्षमा आ-आफ्नो तर्क राख्दै यो घोषणाले नेपालमा बस्ने सबै धर्म र सम्प्रदायका मानिसलाई सजिलो बनाएको बताउँदै आएका छन् । देश तथा विदेशबाट धर्मनिरपेक्षताको विषयमा विरोधका स्वरहरू आइरहेकै बेला नेकपा (एमाले) ले धर्मनिरपेक्षताको अर्थ तथा त्यसको प्रभावका सम्बन्धमा आफ्ना कार्यकर्तालाई प्रशिक्षण गर्ने नीति तय गर्‍यो । तीन महिनाभित्रमा यो विषयमा धेरै बहस, तर्क र विश्लेषण हुँदै आए पनि दुवै थरी आ-आफ्नो मतमा अडिग छन् । यो तर्कवितर्कले नेपालमा धर्मसम्बन्धी नयाँ विवाद बढ्ने चिन्ता बढ्दै पनि गएको छ ।

धर्मनिरपेक्षताको घोषणालाई लिएर चिन्ता गर्नुपर्ने, सबै थोक बिग्रियो भनेर रुनुपर्ने कुनै आवश्यकता छैन भन्दै नेपाली काङ्ग्रेसका महामन्त्री रामचन्द्र पौडेल भन्छन्– 'धर्मनिरपेक्षताको घोषणाले नेपालका बहुसंख्यक हिन्दूको सद्भावको उदाहरण पेस गरेको छ । अरू धर्मप्रति उदारता प्रस्तुत गरेको छ ।'

पौडेलको विचारमा धर्मनिरपेक्षताले कुनै धर्मलाई निषेध गर्ने होइन, बरु सबै धर्मको अस्तित्व मान्ने वातावरण बनाउँछ । धर्मनिरपेक्षताको घोषणालाई सकारात्मक मान्ने अधिकांश दलका नेताहरू धर्मनिरपेक्षताको घोषणाको विरोध गर्नेहरू धर्मका नाममा राजनीति गरिरहेका व्यक्ति वा संस्थाहरू भएको आरोप लगाउँछन् ।

यता धर्मनिरपेक्षताको घोषणा विदेशीहरूको इसारामा आएको बताउँदै चर्चित आध्यात्मिक चिन्तक रामानन्द गिरी यसले नेपालको वैदिक युगदेखिको संस्कार एवं परम्परामाथि हमला गर्ने चिन्ता व्यक्त गर्छन् । जनआन्दोलनमा जनताले धर्मनिरपेक्षताको माग उठाएका थिएनन् भन्दै गिरी भन्छन्– 'कुनै पनि नेपाली जनता धर्मनिरपेक्षताको घोषणाबाट खुसी छैनन् ।' गिरीको विचारमा विश्वको एक मात्र हिन्दूराष्ट्र भनेर नेपालले पाएको गौरवलाई यो घोषणाले धूलो बनाएको छ ।

धर्म संसारभरि नै अन्यन्तै संवेदनशील विषय मानिन्छ । धर्मकै नाममा विश्वभरि लाखौं मानिसको ज्यान जाने गरेको इतिहाससमेत भएकाले राज्यले धर्मका विषयमा नबोल्नु नै उपयुक्त हुने तर्क प्रतिनिधिसभा घोषणाका विपक्षमा रहेकाहरूको छ । हिन्दू विद्यापीठका प्राचार्य चिन्तामणि योगी भन्छन्, 'हिन्दूत्वको विरोधचाहिँ खोजीखोजी गर्ने तर मिसनरीको सम्बन्धमा चाहिँ चुपचाप बस्ने नीतिले देशको भलो गर्दैन ।' उनको विचारमा जसरी विश्वभरिका मुस्लिमहरू मक्का-मदिना पुग्छन्, त्यसैगरी हिन्दूराष्ट्र भएका कारण नेपालमा धेरै पर्यटक भित्रिने भएकाले पनि नेपाललाई धर्मनिरपेक्ष घोषणा गर्नुअघि विश्वभरिका नेपालीहरूको राय बुझ्नुपर्थ्यो ।

पक्ष र विपक्षका यस्ता तर्कले देशलाई क्रमशः धार्मिक राजनीतितिर धकेल्न थालेको देखिन्छ । भारतमा शिवसेना, भारतीय जनता दल यस्तै धार्मिक मुद्दाबाट बाहिर आएका दल हुन् । यस्ता दलले देशको विकासलाई भन्दा मानिसको धार्मिक स्वतन्त्रताको मागलाई बढी प्रश्रय दिने हुँदा कहिलेकाहीू यस्ता दलका कारण भारतीय जनताले अप्ठ्यारा पनि भोग्नुपरेको तर्क पनि नाजायज छैन । अफगानिस्तानको तालिवान तथा इरान र इराकका अतिवादी संगठनहरू धार्मिक मुद्दाकै कारण चर्चामा छन् । अहिले बढ्दै गएको तर्क-वितर्कबाट सचेत हुनुपर्ने तर्क राख्दै राजनीतिशास्त्रका विद्यार्थी अनमोलमाणि चालिसे भन्छन्– 'धर्मनिरपेक्ष हुँदैमा नेपाल छूवाछूतमुक्त वा गरिबीमुक्त हुँदैन ।' चालिसेको विचारमा धर्मनिरपेक्षताको मुद्दा राजा ज्ञानेन्द्रले धर्म र सेनाको आडमा नेपाली जनताको स्वतन्त्रता हरण गरेको विरोधस्वरूप आएको हो । हिन्दू धर्मको नाम बेचेर फेरि पनि राजाले नेपाली जनताको स्वतन्त्रता हरण गर्न नसकून् भनेर प्रनिनिधिसभाले उक्त घोषणा गरेको थियो तर त्यसको असर अर्कातिर पर्छ भन्ने कुरामा ख्याल राखिएन ।

नेकपा (एमाले) का नेता मोदनाथ प्रश्रित पनि राजाले धर्ममा गरेको अदृश्य राजनीतिलाई ध्यानमा राखेर प्रतिनिधिसभाले यो निर्णय गरेको कुरालाई स्वीकार गर्छन् । यो घोषणापछि राजाले धर्मको नाममा सधैं राजा हुने अवस्थामा बाधा उत्पन्न हुने प्रश्रितको ठहर छ । धर्मनिरपेक्षताको घोषणाले राजालाई र केही हदसम्म धर्ममा राजनीति गर्नेहरूलाई अप्ठ्यारो परेको बताउँदै प्रश्रित भन्छन्– 'राज्यले हिन्दू धर्मलाई मात्रै महत्त्व दिने र अन्य धर्मलाई वास्ता नगर्ने परिपाटीको अन्त्य गर्नु भनेको राज्यले सबै धर्मलाई महत्त्व दिनु हो । सबै धर्मलाई महत्त्व दिने प्रतिनिधिसभाको घोषणा कसरी धर्मविरोधी र एकलकाँटे हुन्छ ? यसले त सबैलाई धार्मिक स्वतन्त्रता प्रदान गरेको छ ।'

खुलेर नभने पनि धर्मनिरपेक्षताका बारेमा यति धेरै प्रतिक्रिया आउला भन्ने सोचाइ प्रतिनिधिसभाका सदस्यहरूको पनि थिएन । धर्मनिरपेक्षताको घोषणाका बारेमा पर्याप्त छलफल र बहस नचलाएका कारण यसका बारेमा भ्रम फैलाउन चाहनेहरूले राम्रो मौका पाएको प्रतिनिधिसभा सदस्यहरूको ठहर छ । 'पर्याप्त बहस चलाउनुपर्थ्यो, जनता के चाहन्छन् बुझ्नुपर्थ्यो' भन्दै प्रतिनिधिसभा सदस्य शंकर पाण्डे भन्छन्– 'प्रतिनिधिसभाले यस्तो घोषणा गर्ला भनेर मलाई पनि थाहा थिएन । पर्याप्त छलफल नचालाउनु नै यसको कमजोरी हो ।' रातारात हतार गरेर यस्तो घोषणा आउनु र प्रतिनिधिसभाका सदस्यहरूले पनि थाहा नपाउनुले पनि धर्मनिरपेक्षताको घोषणामा निहित पवित्र उद्देश्यमाथि शंका उब्जिएको चाहिँ स्पष्टै छ ।

## मुखाले

माओवादीले हतियार नत्यागेसम्म उनीहरूलाई दलको मान्यता दिन सकिँदैन ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

राज्यसत्ता परिवर्तन नभै सरकारमा जान्नौं ।

**प्रचण्ड, अध्यक्ष, नेकपा (माओवादी)**

जनविद्रोह गरेर भए पनि सत्तामा पुग्छौं ।

**कृष्णबहादुर महरा**
**प्रवक्ता, नेकपा (माओवादी)**

यो सरकार पूरै असफल भयो । जनता विकल्पतिर जान सक्छन् ।

**पशुपतिशमसेर राणा**
**अध्यक्ष, राष्ट्रिय प्रजातन्त्र पार्टी**

अन्तरिम संविधानका विषयमा आएको प्रधानमन्त्रीको भनाइ विवेकहीन छ । उहाँले जनआन्दोलनको भावनालाई बिर्सन थालेको आभास हुन्छ ।

**लक्ष्मणप्रसाद अर्याल**
**संयोजक, अन्तरिम मस्यौदा समिति**

राजालाई दया देखाउनुपर्ने कुनै आवश्यकता छैन । पराजित भएपछि मात्र उनले जनतालाई प्रतिनिधिसभा हस्तान्तरण गरेका हुन् ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

संविधानसभाले राजतन्त्र फाल्ने निर्णय गरे पनि राजावादीहरू चुप लागेर बस्दैनन् भन्ने कुरा माओवादीसहित हामीले पनि बुझेका छौं ।

**प्रकाश, सह-महामन्त्री, नेकपा (एकता कन्द्र)**

# मिथिलाञ्चलमा पहिलो फेसन विद्यालय

**श्यामसुन्दर शशि**

जनकपुर– आधुनिक फेसनको पछाडि लागेर आफ्ना परम्परागत पहिरनलाई बिर्सदै गएका मिथिलावासीहरू त्यतिबेला थप चिन्तित भए जब उनीहरूले यहाँ फेसन विद्यालय सञ्चालन हुन लागेको सूचना पाए । उनीहरूलाई फेसन विद्यालयले आफ्नो पारम्परिक पहिरनलाई विस्थापित गर्ने डर थियो । विद्यालय स्थापना हुनुपूर्व केही सांस्कृतिक मञ्चका अगुवाहरूले विद्यालय सञ्चालकहरूसँग आफ्ना गुनासा व्यक्त नगरेका पनि होइनन् ।

यद्यपि कक्षा सञ्चालन गर्दासम्म मैथिलहरूको चिन्ता क्रमशः घट्दै गएको छ । स्कुल अफ आर्ट एन्ड फेसनले काठमाडौं तथा पोखरापछि जनकपुरमा पनि एकवर्षे डिप्लोमा कक्षा सुरु गरेको छ । विद्यार्थीहरूको आकर्षण तथा अभिभावकहरूको रुचिले पारम्परिक धारणाहरू क्रमशः घट्दै गएको स्पष्ट संकेत मिल्छ ।

यो विद्यालयमा फेसन डिजाइनिङ तथा इन्टेरियर डेकोरेसन (आन्तरिक सज्जा) विषयको बेग्ला-बेग्लै कक्षा सुरु भएको छ । फेसन डिजाइनिङमा आधुनिक पहिरनसँगै मिथिलाको पारम्परिक पहिरनसम्बन्धी ज्ञान दिने सोच सञ्चालकहरूले बनाएका छन् । मिथिलाका लोप हुन थालेका तथा भैसकेका पहिरनहरूको खोजी गरी तिनलाई समयसुहाउँदो रूपमा प्रस्तुत गर्ने प्रयास गर्नेछौं'- प्रशिक्षक सञ्जय ठाकुर भन्छन् । ठाकुरका अनुसार यहाँका कला र संस्कृतिजस्तै पहिरन पनि प्रख्यात हुनेछन् ।

आफ्नै सहरमा आधुनिक विषयमा अध्ययन गर्न पाएकोमा विद्यार्थीहरू पनि खुसी देखिन्छन् । 'औपचारिक पढाइसँगै यो विषय पनि पढ्न पाएकी छु । अवसर पनि राम्रै छ'- छात्रा आँचल अधिकारी भन्छिन् । आन्तरिक सज्जाको कक्षा लिइरहेका छात्र देवकुमार महतो यो नयाँ विषयप्रति उत्साहित देखिन्छन् ।

होटल तालिम
कुक-4500, वेटर-1500
4952446

Universal Academy College
+2 Science Humanities Management
Admission OPEN


आवश्यकता
सम्पर्क

होटल तालिम
जम्मा रु. २५९९/-
कुक २५९९/-
वेटर १४९९/-
SMTTC 2040782
RMDTTC 464720 9851093629

Basic Advance, Diploma र Special


प्राइभेट एक्जाम्टेड Test/SLC
TEST र SLC
English Language
लगनखेल
2120893, 9841-338476
9841-306634
Small Heaven Academy
गोंगबु चोक
016214510, 4442957
9841-207258
BMTC Academy

# रोक अराजकता

अहिले मुलुकमा साना-ठूला जुनसुकै प्रकृतिका घटना-दुर्घटना घटे पनि त्यसले तीव्र प्रतिक्रिया उत्पन्न गर्न थालेको छ । चाहे सडक दुर्घटना होस् वा कुनै खास वस्तुमा गरिएको मूल्यवृद्धि होस्, त्यसले अराजकताको हदैसम्मको प्रतिक्रिया देखाउन थालेको छ । कुनै पनि घटना वा दुर्घटनाको प्रतिक्रिया देखा पर्नु स्वाभाविक हो तर त्यस्ता प्रतिक्रियाले अराजक स्थितिको सिर्जना गऱ्यो भने त्यसलाई गम्भीर रूपमा लिइनुपर्छ । मुलुकमा लोकतन्त्रको पुनर्बहालीपछिका केही घटनाक्रमले आमनागरिकलाई त्यस्तो अराजक स्थितिको सामना गर्न बाध्य बनाएको छ । लोकतन्त्र पुनर्बहालीपछि अहिले मुलुक संक्रमणकालीन अवस्थामा छ । राजनैतिक रूपमा संक्रमणकालीन अवस्था जहाँ पनि र जहिले पनि संवेदनशील मानिन्छ । खासगरी हाम्रो जस्तो अल्पविकसित मुलुकमा संक्रमणकालीन अवस्था थप संवेदनशील हुन्छ भन्ने कुरालाई विगतका अनुभवहरूले देखाइसकेको छ । यस्तो अवस्थामा मुलुकका सबै पक्ष खासगरी सरकार र सरकारलाई समर्थन जुटाउने सबै वर्ग र पक्षले कुनै पनि किसिमको अराजक स्थितिलाई नियन्त्रणमा लिन ठोस प्रयास गर्नुपर्छ ।

विगत १० वर्षदेखि जनयुद्धमा होमिएर संविधानसभामा सहमति जनाउँदै शान्तिपूर्ण राजनीतिमा प्रवेश गरिरहेका नेकपा (माओवादी) तथा उनीहरूलाई शान्तिको गोरेटोमा हिंड्न सहमत गराउने सात राजनैतिक दलको हातमा अहिले मुलुकको वर्तमान र भविष्य दुवै निहित छ । युगौंयुगदेखिको निरंकुशता र त्यस्तो निरंकुशताले विकसित गरेको कतिपय सामाजिक संस्कारका विरुद्ध अहिले नेपाली जनता जागेका छन् । यस्तो संक्रमणकालमा आममानिसको अपेक्षा बढी हुनु स्वाभाविक नै हुन्छ । अहिले मानिसहरू 'लोकतन्त्र भनेकै जनताको सर्वोच्चता हो, जनताको सर्वोच्चताका अगाडि सबै कुरा गौण हुन्छन्' भन्ने मान्यताका साथ बेलाबखतमा सडक तताइरहन्छन् । संक्रमणकालमा कसैले पनि गलत कदम नउठाओस् भनेर सचेत गराउन सडक आन्दोलन भैरहनुलाई आफैंमा गलत भन्न मिल्दैन तर त्यस्ता सडक आन्दोलनमा सहभागी हुने कुनै खास तत्त्वले जनताका भावनालाई अराजक ढंगले प्रयोग गर्न थाल्यो भने निश्चित रूपमा त्यो मुलुक र जनता दुवैका लागि घातक हुन सक्छ । सूक्ष्म रूपमा विश्लेषण गर्ने हो भने विगत केही सातादेखि मुलुकका राजधानीलगायत केही प्रमुख सहर तथा राजमार्गमा घटेका वा घटाइएका कतिपय घटनालाई त्यस्तै तत्त्वले अराजक रूपमा प्रयोग गरेको अनुमान गर्न सकिन्छ । यस्ता घटनामा कस्ता-कस्ता तत्त्व संलग्न छन् भन्ने कुरामा सात राजनैतिक दल तथा माओवादीले पनि गहन विश्लेषण गर्नुपर्ने देखिन्छ ।

कुनै पनि प्रकृतिको सानो वा ठूलो घटनालाई आफ्नो राजनैतिक स्वार्थका लागि प्रयोग गरिनु कुनै पनि राजनैतिक दलका लागि अन्ततः घातक प्रमाणित हुन सक्छ । कुनै पनि सफल क्रान्तिपछि प्रतिगामी तत्त्वहरूले अग्रगमनको बाटो छेक्न विभिन्न घटनालाई माध्यम बनाउने गरेको इतिहास छ । यो कुराबाट सात राजनैतिक दल तथा माओवादी दुवै पक्ष पक्कै पनि अनभिज्ञ छैनन् तर पनि अहिले मुलुकमा साना वा ठूला जस्तासुकै घटनामा पनि तीव्र प्रतिक्रिया देखा पर्नुका साथै राजनैतिक दलहरूसँग सम्बद्ध भ्रातृसंस्थाहरूको संलग्नता देखिएको छ । क्षणिक लोकप्रियताका लागि वा अर्को राजनैतिक दलभन्दा हामी जनताको पक्षमा छौं भन्ने कुरा देखाउनकै लागि पनि कतिपय राजनैतिक दलले यस्ता घटनाको उपयोग गर्ने गरेको देखिएको छ । यस्तो प्रवृत्ति राष्ट्र र समाज दुवैका लागि घातक हुन सक्छ । यो कुरा सबै राजनैतिक दलले गम्भीरतापूर्वक मनन गर्नुपर्ने बेला आइसकेको छ ।

# पुनः कोषराज 'भुस्तिघ्रे' र असारको १७



डा. डी. पी. भण्डारीसँग

परम्परागत शास्त्रीय संस्कृत धारबाट दीक्षित, शिक्षित हुँदै आफ्नो अन्तिम व्यक्तित्व– पेसागत व्यक्तित्व– उपलब्ध गरिसकेकाहरूमध्ये दुई शिक्षक, दुई विद्वान्हरूको मूर्ति मेरो मनभित्र अत्यन्त मनोहरता लिएर बास गरिहेको छ । एकको बाह्य र अन्तर संरचना, संसार-दृष्टि, सु-संस्कृत, सरल जीवन शैलीबारे मलाई पूरा ज्ञान छ भन्ने घमन्ड छ– उनकी पत्नीभन्दा बढी । अर्कोसित परिचय पातलो छ । केही पातलो चिनाजानी, केही तीक्ष्ण दृष्टि एवं केही विश्वसनीय सूचनाका आधारमा फैसला गर्न सक्छु– तिनी पनि भरसक भुस्तिघ्रेभन्दा बढी नभए पनि उनीजत्ति नै सुकिला छन् । कोषराज बढी परिचित छन्, लौकिक शब्दावलीमा बढी गतिशील छन् । डा. रामप्रसाद भट्टराई 'विलीन' बढी शान्त छन्, शालिन र शिष्ट छन् । लोभमुक्त, चाकडीमुक्त, नर वा नारी संस्कृत शिक्षा परम्पराबाट अवतरित हुन्छन् भने म त्यसलाई चानचुने आश्चर्यका रूपमा लिने स्थितिमा छैन । यही मौका छोपेर नेपाली र अरू विषयहरूका स्वघोषित र परघोषित विद्वान्, विदुषिहरूको भित्री र बाहिरी विधान, स्वभाव र सौन्दर्य-रुचि, स्वार्थ साधना आदि विभिन्न दृष्टिकोणबाट उडन्ते वा गहिरो निरीक्षण गर्न सक्यो भने केही ज्ञान हुनेछ ।

हाम्रो देशको 'प्रबुद्ध' वर्ग कति फितलो, कति गहिरो, कति उदार, कति संकीर्ण छ भन्ने तथ्यबारे केही परिज्ञान हुनेछ । निर्लिप्तता र नैतिक मूल्यहरूको पालना एक स्तुत्य अपवादका रूपमा लिन विवशताको अनुभव गरिरहेको छु । अति आशक्तिको अभावले नै विवेकशीलहरूलाई वास्तविक सम्राट्को स्थितिमा पुऱ्याइदिन्छ– वास्तविक सम्राट् ।

अब आउँछ भुस्तिघ्रेको 'अननुकरणीय'– कोषराज सम्पादित पुस्तकको नाम । सर्वाधिक रूपमा सम्पन्न छन्द कवि-गोष्ठीहरूमा वाचन हुने प्रत्येक कवि र उसको कविताबारे तद्क्षण, तदछन्दमा गरिएको संक्षिप्त समालोचनात्मक टिप्पणीहरूको संकलनको नाम हो 'अननुकरणीय'– एक भुस्तिघ्रे शीर्षक । वास्तवमा कोषराजको प्रत्युत्पन्नता पाउन अति दुर्लभ छ नेपाली कवि र अकवि विद्वान्हरूबीच । मेरो अनुमान छ कि कोषराजले आफैंले त्यो शीर्षक राखेनन् होला । रमेश खकुरेलको परिकल्पना हुनसक्छ, दोस्रो कमलमणिसितको परामर्श र रमेशको चुनावको परिणति हुनसक्छ । सम्पादक र शीर्षक जस्तो भए पनि त्यो असार १७ गतेको विमोचनशैली र सार असामान्य थियो । प्रारम्भदेखि अन्तसम्म रोचकता थियो पद्‌कन्या क्याम्पसको त्यो जर्जर कक्षाकोठाभित्र, जहाँ पच्चीस-तीस वर्ष पहिले म अंग्रेजी पढाउने प्रयास गर्थें ।

अहिले ती दिनको मीठो याद मात्र बाँकी छ । ती मुलायम यादहरूसित मिश्रित हुन पुग्यो खस्रो शरीरभित्र खस्रो स्वभाव भएको कोषराजको प्रतिभा । इतिहास भनेको यस्तै हुँदो रहेछ– केही दशकपछि दृश्य मात्र होइन, कथा, पटकथा र पात्रमा पनि परिवर्तन । असारको १७ गते सबै सीमाहरूका बाबजुद एक रमणीय पलका रूपमा मेरो स्मृतिभित्र रहिरहने छ– अतीतको कसक, वर्तमानको एक क्षणिक अमुखरित उत्सव ।

असारको प्रथम दिन प्रत्येक वर्ष मेरो स्मृतिमा अर्कै ध्वनि, अर्कै लहर र अर्कै तरलता लिएर आएको हुन्छ । संस्कृत भाषा नबुझ्ने पनि संस्कृत साहित्यप्रति मेरो पनि 'अननुकरणीय' अनुराग छ । राग अनुकरण गर्न त त्यति कठिन छ भने अनुराग अनुकरण गर्न कति जटिल होला । कालिदासले 'मेघदूत लेखेको दिन । मेघदूतको कथालाई नृत्य नाटिकाका रूपमा प्रस्तुत गरेको हेरेको थिएँ । भारत वर्षमा अध्ययनकालमा छाप गहिरो परेको थियो । कहिलेकाहीं पाठ गर्दा आनन्द आउँछ, संस्कृति राम्रोसित नबुझे पनि । याद आइरहन्छ मलाई रवीन्द्रनाथको विस्मययुक्त प्रशंसा– 'कवि कुल गुरु ! कोन आषाढेर प्रथम दिवसे । कोन विस्मृत वरषे । लेखेछिलो मेघदूत ?' हे कवि सम्राट् ! कुन असारको प्रथम दिनमा, कुन विस्मृत वर्षमा तिमीले मेघदूतजस्तो अद्भुत काव्य लेख्यौ ? रवीन्द्रनाथको नक्कल गरेर सस्तो ठट्यौलीका लागि प्रश्न गर्न सकिन्छ– 'हे भुस्तिघ्रे !

कुन असारको १७ गते, कुन वर्ष तिमीले 'अननुकरणीय' जस्तो किताबको लोकार्पण गऱ्यौ ?' दुई विपरीतहरूको हास्यास्पद संयोजन– दुई ध्रुवहरू : कालीदास र कोषराज । निश्चय पनि 'मेघदूत' को रचना असारको प्रथम दिवसमा भएको होइन । कविले यक्षलाई एक उर्वर, रसिलो काल-विन्दुमा आफ्नी वियुक्त प्रियासम्म मेघलाई माध्यम बनाएर सन्देश मात्र पठाएको हो । साहित्यमा तथ्य तर्क गर्न थाल्यौं भने हामी आफ्नै जनताको, कल्पनारिक्तताको परिचय दिइरहेका हुन्छौं । सरसर्ती हेर्दा कोषराजजस्तो सतही संसारमा आफ्नै जिद्दी, आफ्नै निष्ठा र आफ्नै आग्रह लिएर विचरण गरिरहेको प्राणीले 'मेघदूत' विमोचित भएको मासमा कसरी कालीदासलाई सम्झेर आफ्ना टिप्पणीहरूको संग्रह विमोचित गर्न सक्यो होला ? केवल एक संयोगलाई बढी विस्तारित गर्नु मेरो आफ्नै कोषराजीय स्वाँठपना हुनसक्छ । जे होस्, एक क्षणकै लागि भए पनि असारको १ गते असारको १७ माथि हावी भयो– एक स्वप्नील विचलन ।

छन्द कविहरूको मासिक गोष्ठी अहिले कति उत्साहित कुन गति लिएर चलिरहेछ– रमेश र कोषराजको सहभागितामा त्यही उमंग छ कि छैन ? म निपट असँचित छु । दुवै चालकहरूका नयनहरू, कपोल र भावभंगिमाहरूको आधारमा भन्ने हो भने, महाचालक कमलमणि दीक्षितको छन्दमोह र शास्त्रप्रेमको तापमान हेर्ने हो भने त्यो आफ्नो विशिष्ट परिचय बनाइसकेको गोष्ठीले निरन्तरता पाइरहेको होला भन्ने मेरो विश्वास छ । अहिले आफ्नो आँसु प्रतिभा देखाउने यत्नमा कोष कति गम्भीरतासित लागेका छन्- मलाई अत्तोपत्तो छैन । उनी अहिले आफ्नी पत्नीको, छोरीहरूको, ज्वाइँहरूको तारिफ गर्नमा बढी रुचि राख्छन् । निश्छल स्वभाविक मुद्रामा भन्छन्– 'सर ! अहिले मेरो आम्दानी धेरै राम्रो छ– १५-२० हजार पुग्छ महिनाको । सरलाई उधारो दिने स्थितिमा पुगिसकेको छु....।'

कोषराज र डा. रामप्रसाद भट्टराई 'विलीन' को निस्पृहता, शान्तचित्त, आत्मसंयम, सरलता, चाटुकारिता-शून्यता र छद्महीनताले मलाई असामान्य रूपले मोहित गरेको छ । गुण-दोषमाथि टिप्पणी गर्ने योग्यता अहिलेसम्म प्राप्त गरेको छैन । तैपनि घोषणा गर्न चाहन्छु– 'अननुकरणीय' आफ्नै वैशिष्ट्य बोकेको एक नँतनतामण्डित अति वर्तमान कृति हो । कमलमणि, कोषराज र रमेश खकुरेल तीनै जना 'अननुकरणीय' प्रकाशनमा ल्याएर आफैं अननुकरणीय भैदिए– अरूले जति प्रयास गरे पनि अनुकरण गर्न नसकिने ।

असारको १७ गतेको रमणीयता, वैचित्र्य अन्तरालहरूमा त्यहाँ उपस्थितहरूको स्मृतिमा आउने योग्यता राख्दछ । त्यो घटनाको अनुगुञ्ज अहिले पनि विभिन्न भोगीहरूका मुखारविन्दबाट सुनिने हुनाले त्यसमा केही दम थियो भन्ने सत्य प्रमाणित हुन्छ । तिनै विद्वान्हरूलाई मेरो बधाई-पुनरुक्ति । मेरो वेदना : भुस्तिघ्रेको मस्तीको डाहा लागिरहन्छ ।

पो.ब.नं. २९७४

## नीति-नियम



शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष एवं छन्द यी छ वेदांग हुन् । ऋग, यजु, साम, अथर्व, चार वेद हुन् । मिमांशा, न्यायशास्त्रको विस्तार, धर्मशास्त्र, पुराणलाई 'त्रयी' भनिन्छ ।

व्याज लिनु, कृषि, व्यापार, गाईपालन यी सबैलाई व्यवसाय भनिन्छ । व्यवसायसम्बन्धी सम्पूर्ण शास्त्रको ज्ञान राख्ने व्यक्तिलाई जीविकासम्बन्धी कुनै डर हुँदैन ।

धर्म तथा सुख प्राप्तिका लागि सज्जनहरूको संगत गरिरहनुपर्छ ।

जसरी पूर्णिमाको चन्द्रमा अनि तलाउको कमलको फूलले मानिसको मन आनन्दित तुल्याउँछ त्यसैगरी सज्जनको व्यवहारले पनि मनै आनन्दित पार्छ ।

–शुक्रनीति

अनुवाद : रामहरि बन्जारा

## चि ठी प त्र



### ग्रामीण विकास विभागको आकर्षण

त्रिभुवन विश्वविद्यालयले शैक्षिक सत्र २०५८/०५९ देखि मानविकी तथा सामाजिक शास्त्र अध्ययन संकायतर्फ ग्रामीण विकास विभाग खोलेर विद्यार्थीहरूलाई एउटा राम्रो विषय पढ्न पाउने अवसर सिर्जना गरेको छ । ग्रामीण विकासअन्तर्गत विद्यार्थीहरूले ग्रामीण पर्यटन, ग्रामीण उत्पादन, उत्पादनको बजारीकरणदेखि गाउँले जीवनलाई आवश्यक ।

हाम्रो जस्तो अल्पविकसित र गाउँ नै गाउँले भरिएको मुलुकमा ग्रामीण विकास महत्त्वपूर्ण विषय मानिन्छ । ग्रामीण विकासका लागि यस्ता विद्यार्थी पास आउट भएपछि नेपालमा आवश्यक भैरहेका ग्रामीण विषयका विज्ञहरूको पूर्ति हुनेछ । त्यही क्षेत्रका विशेषज्ञहरूको पूर्तिले हालसम्म देखिएका र भोग्नुपरेका समस्याहरूबाट धेरै राहत मिल्नेछ । अशिक्षा र गरिबीले नेपालका ग्रामीण भेगमा उत्पादित सामानको उचित भण्डार एवं बजार व्यवस्था गर्न नसक्दा ग्रामीण जनस्तर उकास्न सकिएको छैन । त्यसैले अहिलेको परिस्थितिमा ग्रामीण विकास विभागको स्थापनाले देशको ग्रामीण क्षेत्रको विकासका लागि चाहिएजस्तो जनशक्ति उत्पादन हुने देखिन्छ ।

–विश्वमणि अधिकारी
हिमालयन कलेज, पुरानो बानेश्वर

### कार्यकर्ता पोस्ने धन्दा

लोकतन्त्रको आन्दोलनमा सर्वसाधारण जनताको उपस्थिति नभएको भए यो आन्दोलन सफल हुँदैनथ्यो भनेर सत्ताधारी सात दलका नेताहरू कुर्लिरहेका हुन्छन् । वास्तविकता पनि यही हो, निरङ्कुशता र व्यक्तिवादी चरित्रका विरुद्ध जनता सात दललाई अन्तिम मौका दिँदै आन्दोलनमा सहभागी भए, जसका कारण कैयौंले आफ्नो ज्यान बलिदान गर्नुपऱ्यो भने हजारौं घाइते भए । आन्दोलनको सफलतासँगै कांग्रेसका शीर्ष नेताको अध्यक्षतामा सर्वदलीय सरकार पनि गठन भयो, तर यो सरकारले विभिन्न स्थानमा आफ्ना भरौटेहरूलाई नियुक्ति गरिरहेको देख्दा मन्त्रीहरूले सत्तालिप्साको पुरानो शैलीलाई छोड्न सकिरहेका छैनन् भन्ने स्पष्ट हुन्छ । अहिले आन्दोलनको जस लिँदै विभिन्न पदमा भाग खोज्नेहरूको आन्दोलनमा कस्तो भूमिका थियो भन्ने कुरा जनताले राम्रोसँग बुझेका छन् । मन्त्रिपरिषद्ले पूर्णता पाउने बेलामा जसरी सात दलबीच भागबन्डाको घीनलाग्दो खिचातानी थियो, त्यस्तै अहिले कोभन्दा को कम भन्दै आफू मातहतका मन्त्रालय, विभाग र महाशाखामा आफ्ना मान्छे भर्ती गर्ने संस्कार देखिएको छ ।

सरकारमा सामेल सबै दल यो प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्न लागिपरेका छन्, तर यी नेताहरूले बुझ्नुपर्ने कुरा के हो भने जनताले उनीहरूलाई पटक-पटक मौका दिनेवाला छैनन् । त्यसैले राष्ट्रले खोजेको आवश्यक मानिसलाई पूर्वाग्रह नराखी भर्ती गर्ने काम गर । दशौं लाख जनता कुनै व्यक्तिविशेषको सुखद जीवनका लागि लडेका होइनन् ।

–निमेष सुवेदी, लखनपुर, झापा

### अझै बन्द किन ?

जनआन्दोलन भाग २ को सफलतासँगै हाल सर्वदलीय सरकार छ । जनताका म्यान्डेट पूरा गर्न आएको यो सरकारका काम-कारबाहीप्रति सहमति-असहमति राख्ने थुप्रै कुरा हुन सक्छन् । लोकतन्त्रप्रति धेरैका आशा हुन सक्छ, तर देशकै मूल मुद्दा माओवादी समस्याको स्थायी हल गरेर शान्ति स्थापना गर्नु मूल लक्ष्य हो भन्ने कुरा सबैले बुझ्नुपर्ने हो ।

केही समययता विभिन्न आन्दोलनका नाममा नागरिकको दैनिक जनजीवनमा असर पार्ने किसिमका गतिविधि भैरहेका छन् । अध्ययन गर्न गएका छोराछोरी यातायात अवरुद्धका कारण निर्धारित समयमा घर फर्किन सकिरहेका छैनन् । अझ विद्यार्थी, ट्रेड युनियनलगायतका विभिन्न संघसंस्थाले दैनिक गरिरहेका आन्दोलनका कारण विद्यालयहरूले नै बिदा दिन थालेका छन् । यसरी अध्ययन गर्ने समयमा बिदा दिन थालेपछि उनीहरूको अध्ययनमा असर पर्नु स्वाभाविकै हो । यस विषयमा कुनै पनि निकायले आवाज उठाएको पाइन्न । यो देशमा समस्या समाधानका लागि आन्दोलन गर्नुबाहेक अरू विकल्प छैन भन्ने मानसिकता मात्र विकास भएजस्तो लाग्यो । आन्दोलनकर्मीहरूले कमसेकम भावी पुस्ताको भविष्यमा खेलबाड नगरे, विद्यालय बन्द हुने अवस्था सिर्जना नगरे हामी अभिभावकहरू आभारी हुने थियौं ।

–हरिशरण काफ्ले, ललितपुर

## तीतो सत्य

- उपदेश लिन गाह्रो हुन्छ ।
- इज्जत सम्मान मागेर होइन व्यवहारबाट पाउन सकिन्छ ।
- परिश्रम गरेर कमाएको सम्पत्तिको बढी महत्त्व हुन्छ ।

**शालिग्राम लम्साल**

- असल साथी खोज्ने होइन, आफू अरूका लागि असल साथी बन्न सक्नुपर्छ ।
- हरेक सम्बन्ध नाटक हुँदैन । नाटकमात्र नाटक हुन्छ ।
- हरेक साथ सदृश्य हुँदैन, कुनै-कुनै साथ अदृश्य अर्थात् भावनात्मक पनि हुन्छ ।

**जलन**

- आशा गरिबको जीवन हो ।
- दृढ संकल्प नै सफलताको प्रथम खुड्किलो हो ।

**प्रभाकर खड्का**

- मीठो बोली आफैमा एउटा वैल्दे पहिचान हो, सबैसँग मीठो बोल ।

**कल्पना गुरुङ**

*तीतो सत्य स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन पाठकहरूसँग हार्दिक अनुरोध छ ।*

–सम्पादक

# चोरी-सिकारीहरूको मारमा विश्वकै दुर्लभ एकसिङ्गे गैंडा

**प्रवीण दत्त**

चितवन– दुर्लभ वन्यजन्तु एकसिङ्गे गैंडा चोरी-सिकारीका कारण मारमा परेको छ। एकसिंगे गैंडाका लागि उपयुक्त बासस्थान मानिएको चितवन राष्ट्रिय निकुञ्जमा गैंडा मारिने क्रम बढ्दो छ। निकुञ्जमा भित्रिने आन्तरिक र बाह्य पर्यटकका लागि प्रमुख आकर्षक मानिने गैंडा चोरीसिकारीका कारण निकुञ्जभित्र तथा वरिपरिको सामुदायिक वनमा समेत असुरक्षित हुन पुगेको छ।

गत असारमा गैंडा तस्करहरूले चितवन तथा नवलपरासीको विभिन्न स्थानमा गरी ७ महिनाको बच्चासहित ४ गैंडालाई मारेका थिए। दुई गैंडालाई घाइते बनाएका थिए। यसअघि बरण्डाभार वनक्षेत्रमा पर्ने चतुर्मुखी सामुदायिक वनमा तस्करहरूले एक पोथी गैंडालाई गोली हानी मारेका थिए। उक्त गैंडाको खाग र खुर तस्करहरूले लान त पाएनन् तर उक्त गैंडाको सात महिनाको केटो अनाथ भयो। त्यसको लगत्तै २ दिनपछि चोरी-सिकारीकै कारण नवलपरासीको पिप्रहरमा एक भाले गैंडालाई तस्करहरूले चारैतिरबाट करेन्ट प्रवाह गरी मारे। उक्त गैंडाको खाग र खुर सकुशल अवस्थामा फेला परे पनि गैंडाचाहिँ मृत अवस्थामा थियो। त्यसको दुई दिन बित्न नपाउँदै फेरि चितवन राष्ट्रिय निकुञ्जभित्रै रहेको चित्रसेन सामुदायिक वनमा एक वयस्क पोथी गैंडालाई मार्दा सात महिनाको गर्भमै रहेको भाले बच्चासमेत मरेको थियो। उक्त गैंडाको खाग र खुर तस्करहरूले काटेर लगेका थिए।

एकातिर गैंडा मार्ने क्रम जारी थियो भने अर्कातिर गैंडालाई मार्न नसकेर घाइते तुल्याउने कामलाई पनि तस्करहरूले निरन्तरता दिएका थिए, जसका कारण वरण्डाभारस्थित वनक्षेत्रमा दुई गैंडा घाइते अवस्थामा फेला परेका थिए। निकुञ्जकर्मीहरूको अनुभवमा यस्ता घाइते गैंडाको बाँच्ने आशा एकदमै न्यून हुन्छ। दुई साताभित्र यति धेरै गैंडा मर्नु संरक्षणका दृष्टिकोणले चिन्ताजनक देखिन्छ।

**वर्षायाममा बढी गैंडा मारिन्छ**

प्रायः वर्षायाममा नदी तरेर निकुन्ज जानुभन्दा नजिकैको सामुदायिक वनमा गैंडाको गौंडा ढुक्नु तस्करहरूका लागि सजिलो भएकाले सामुदायिक वनका गैंडा तस्करहरूका लागि सजिलो निसाना बन्ने गरेका छन्। आजभोलि गैंडाले बच्चा जन्माउनुका साथै बच्चा हुर्काउनसमेत सामुदायिक वनतर्फ आकर्षित हुनु उनीहरूकै लागि घातक साबित भएको छ। वन्यजन्तुका लागि निकुन्जभन्दा सुरक्षित मानिने सामुदायिक वनहरूमा तस्करहरूले अहिले गैंडा मार्ने काम तीव्र पारेका छन्। प्रायःजसो वर्षायाममा नै गैंडाहरू बच्चा जन्माउँछन्।

गैंडाहरू निकुञ्जभित्र बाघ, बँदेलजस्ता वन्यजन्तुले बच्चा खाइदिने डरले सामुदायिक वनमा बच्चा जन्माई उसलाई आफैंसँग लिएर घुम्ने गर्छन्। स्थानीय बासिन्दाको चहलपहल बढी हुने भएका कारण निकुञ्जमा चलखेल गरी गैंडा मार्न नसकेका तस्करहरूले अहिले मध्यवर्ती क्षेत्रका सामुदायिक वन र त्यसवरपरका क्षेत्रलाई गैंडा मार्ने आकर्षक थलो मानिएका छन्।

'वर्षामा गैंडाको गतिविधि निकुन्जमा भन्दा सामुदायिक वनमा बढी हुन्छ,' -निकुन्जका प्रमुख संरक्षण अधिकृत टीकाराम अधिकारी भन्छन्- 'यही मौका छोपी गैंडा तस्करहरूले सामुदायिक वनका गैंडा मार्छन्।'

**किन मार्छन् गैंडा**

तस्करहरूले गैंडा मार्नुको कारण त्यसको खाग र खुर हो, जुन अन्तर्राष्ट्रिय बजारमा चर्को मूल्यमा बेचिन्छ। गैंडाको खाग प्रतिकिलोग्राम १० देखि १५ लाख रुपैयाँमा बिक्री हुन्छ। एउटा वयस्क गैंडाको खाग ४ देखि ५ किलोग्रामसम्म हुन्छ। उक्त खाग तिब्बत हुँदै चीनको अन्तर्राष्ट्रिय बजारमा लगेर बेचिन्छ।

**के काममा प्रयोग आउँछ त खाग ?**

गैंडाको खागलाई तिब्बती-चिनियाँ समुदायमा एक प्रकारको यौन उत्तेजक औषधीका रूपमा प्रयोग गरिन्छ। परम्परागत चिनियाँ यौनवर्द्धक औषधीको माग अन्तर्राष्ट्रिय बजारमा अत्यधिक छ। गैंडाको खाग नेपाललगायत अन्य देशबाट चोरी-सिकारीका माध्यमबाट भित्रिए पनि नेपालमा त्यस्तो औषधीको बजार छैन।

**कसरी मार्छन् गैंडा ?**

कुनै समय गैंडा मार्न जोखिमपूर्ण विधि अपनाउनुपर्थ्यो, जसअन्तर्गत जमिनमा ठूलो खाल्डो खनेर गैंडा ढुकेर बस्नुपर्थ्यो। खाल्डोमा फस्नेबित्तिकै तस्करहरूले घरायसी हतियार भाला प्रहार गरी गैंडा मार्थे भने अहिले त्यसको ठीक विपरीत बन्दुकको मद्दतले गैंडाको टाउको र कुम्भमा सजिलै गोली हानी मार्ने गरेको पाइएको छ। कहीं-कहीं त चारैतिर करेन्ट प्रवाह गरेर पनि गैंडा मार्ने गरेको पाइएको छ। गैंडालाई मारिसकेपछि तस्करहरूले गैंडाको नाकको माथि हुने खाग र खुर काटेर लान्छन्।

**तस्करहरूको मनोबल ?**

निकुञ्जभित्र चोरी-सिकार प्रतिरोध एकाइ निष्क्रिय हुनु नै गैंडा तस्करहरूको मनोबल बढ्नुको कारण हो। चोरी-सिकार प्रतिरोध एकाइ सक्रिय रहेको बेला तस्करहरूले यतिको गैंडा नमारेको अनुभव निकुञ्जकर्मीहरूले सँगालेका छन्।

'माओवादी असुरक्षाका कारण निकुन्जका सुरक्षापोस्टहरू पनि सक्रिय नरहेकाले तस्करहरूको मनोबल बढेको जिल्ला वन अधिकृत इमामुद्दिन अन्सारी बताउँछन्।

चोरी-सिकारी एकाइका प्रमुख कमलजंग कुँवर तथा उनका सहयोगी रीतेशभूषण बस्नेत अहिले निकुन्जको हिरासतमा बन्दी मारिएको घटनामा संलग्न रहेको अभियोगमा कारागारमा रहनुले पनि तस्करहरूको मनोबल बढेको छ। 'अहिले तस्करहरूमा सामुदायिक वनमा नै दिउँसै गोली चलाउन सक्ने गरी मनोबल बढेको छ,' -संरक्षण अधिकृत टीकाराम अधिकारी भन्छन्- 'यस्तो स्थितिलाई तत्काल रोक्न सरकारले तुरुन्त गैंडा संरक्षण रणनीति तयार गरी सबै पक्षको सहयोगमा कार्यनीति तयार गर्नु आवश्यक भैसकेको छ।' निकुञ्जका कर्मचारी जेलमा परेकाले त्यसको फाइदा सबैभन्दा बढी तस्करहरूलाई नै पुगेको छ। अधिकारीका अनुसार हाल १ सय जना तस्कर सक्रिय रहेकोमा तीमध्ये २० जनासँग बन्दुक छ। गैंडा मार्ने काममा ठूलो सञ्जाल नै सक्रिय रहेकाले यसको सञ्जाललाई माथिल्लो तहबाट नै भत्काउनुपर्ने निकुञ्जकर्मीको धारणा छ।

ठुला तस्करहरू बोटे, मुसहर, आदिवासी, मध्यवर्ती समुदायका व्यक्तिलाई ५-१० हजार रुपैयाँको लोभ देखाएर गैंडा मार्न लगाउँछन्। अर्कातर्फ माथिल्लो स्तरका तस्करहरू पद र पहुँचका कारण नसमातिनु, समातिएकाहरू पनि धरौटीमा रिहा भै बेपत्ता हुनुले पनि तस्करहरूका विरुद्ध कारबाहीमा चुनौती देखिएको छ। हतियारविना जंगलमा पस्न सक्ने स्थिति नरहेको त्यहाँ कार्यरत वन रक्षकहरू बताउँछन्। विगतमा लिइएका हतियार सरकारले उपलब्ध गराउनु आवश्यक छ,' -एक वन रक्षक भन्छन्- 'बिनाहतियार हामी तस्करहरूसँग भिड्न सक्दैनौं। तस्करहरूले सुविधासम्पन्न हतियार बोकेका हुन्छन्।'

**संरक्षणका लागि के गर्नुपर्ला ?**

नेपालको पर्यटनको प्रमुख हिस्सा ओगट्ने जंगल सफारीका लागि आउने पर्यटकको प्रमुख आकर्षण एकसिंगे गैंडाको चोरी-सिकारी रोक्न त्यति सजिलो नभए पनि यसका लागि हरेक क्षेत्रबाट सहयोग आवश्यक छ।

गैंडाको चोरीसिकारी रोक्न सबै तहका व्यक्तिको सहयोग आवश्यक देखिन्छ। निकुन्ज संरक्षणका लागि छुट्टै संयन्त्र बनाउनुपर्ने, स्थानीय युवाहरूलाई चोरी-सिकारविरुद्ध परिचालन गर्नुपर्ने, वनरक्षकलाई हतियार उपलब्ध गराउनुपर्ने जस्ता कार्यले गैंडा संरक्षण गर्ने कुरा स्थानीय बासिन्दाहरू बताउँछन्।

संरक्षणका लागि अल्पकालीन र दीर्घकालीन समाधानका लागि ठोस निति ल्याएर संरक्षणमा विशेष गरी मध्यवर्ती क्षेत्रका स्थानिय बासिन्दा, राजनैतिक दल, यूवा समूह आदिलाई सक्रिय गराई चेतनामूलक अभियान सशक्त बनाउनुपर्छ। थोरै पैसाको प्रलोभनमा गैंडा मार्न उक्साइएका समुदायका लागि आय आर्जनसम्बन्धी छुट्टै योजना ल्याउनु पनि आवश्यक छ, जसबाट उनीहरूले परिवार पाल्नका लागि गैंडा मार्नेजस्तो जघन्य अपराध नगरून्। 'स्थानीय बासिन्दाको सहयोगबाट मात्र संरक्षण सम्भव छ,' -मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष कृष्णप्रसाद भुर्तेल भन्छन्– 'गैंडा संरक्षकको भन्दा चोरी-सिकारीको गिरोह ठूलो भएकाले पनि चोरी-सिकारविरुद्ध वृहद सञ्जालको आवश्यकता देखिएको छ।'

अहिले निकुन्जले सर्वाधिक खोजी गरिरहेका (मोस्ट वान्टेड) को सँचीमा परेका तस्करमध्ये केही अहिले कारागारमा सजाय भोगिरहेका छन्। अधिकांश गैंडा तस्करहरू फरार रहेका छन् भने फरार पेसेवर गैंडा तस्करहरूलाई विशेष सुरकीका आधारमा पक्राउ गर्न सकिने सञ्जाल बनाउनु अति आवश्यक देखिन्छ। उनीहरूकै सक्रियताका कारण यसरी चोरी-सिकारी बढेको अनुमान गरिन्छ।



## गत वर्षको तुलनामा गैंडाको स्थिति

**आर्थिक वर्ष २०६२/६३ मा चोरी-सिकारवाट ९ र प्राकृतिक कारणले २३ गरी ३१ गैंडा मरेका थिए। आर्थिक वर्ष २०६१/६२ मा चितवन राष्ट्रिय निकुन्ज र वरपरको मध्यवर्ती क्षेत्रमा गरी २५ गैंडा मरेका थिए। तीमध्ये १५ वटा गैंडा चोरी-सिकारीबाट र १० वटा प्राकृतिक कारणले मरेका थिए। चालू आर्थिक वर्षको सुरुको दुई साता नबित्दै ४ गैंडा मरिसकेको छ भने २ गैंडा घाइते छन्। सन् २००० को गणनामा ५ सय ४४ गैंडा फेला परेकोमा २००५ को गणनामा ३ सय ७२ गैंडा फेला परेका थिए।**


प्राइभेट TEST - SLC
भर्ना खुल्यो

प्राइभेट Test र SLC मा
अन्तिम भर्ना
Rainbow Int'l Academy

Examptecl
SLC 063 को लागि
COACHING तथा TUITION
कक्षामा भर्ना खुल्यो
STUDENTS OPEN SCHOOL

"Freedom for Learning Easy to Pass"
के तपाई 5 विषय (Math/Science र Test नदिई) मात्र पढेर S.L.C. र मात्र १ वर्षमा +2 पास गर्न चाहनु हुन्छ ?
Admission खुल्यो :
Last Admission
WISDOM EDUCATION FOUNDATION
Ph- 4238086, Bagbazar

Basic, Diploma, Advance
Beautician Teacher Training
Special Short
ITC

होटल तालिम मोडर्नमा
Switzerland & UK
Cook, Waiter, Bakery, Barman
Captain, Bell Boy, Supervisor,
Care Giver, Housekeeping
Domestic Helper
Cook Training
Housekeeping
English Language FREE
MODERN HOTEL
Ph- 4363215

बाथ र दमको अचूक उपचार
4-490089

# नेपालमा कानुनको अध्ययन

बालकृष्ण बस्नेत

कानुनको उच्च अध्ययनका लागि स्नातक (एलएलबी) तथा स्नातकोत्तर (एलएलएम) तहको अध्यापन नेपालमै हुन्छ । एलएलबीको पढाइ दुई किसिमले हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा स्नातक अध्ययन सकेपछि एलएलबी अध्ययन गर्न सकिन्छ । दस वर्षअघि प्रमाणपत्र तह फेज आउट भएपछि ३ वर्षे एलएलबीको अध्यापन हुदै आएको छ ।

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिई ६ वर्षअघि स्थापना भएका काठमाडौं स्कुल अफ लमा भने ५ वर्षे एलएलबी तथा २ वर्षे एलएलम तहको पढाइ हुँदै आएको छ । मानवाधिकार र लैङ्गिक न्याय, फौजदारी कानुन र न्याय, वाणिज्य तथा अन्तर्राष्ट्रिय व्यापारिक कानुन गरी ३ वटा विषयमा एलएलएमको अध्यापन गराइन्छ । एलएलबीमा भर्नाका लागि कुनै पनि विषयमा प्रमाणपत्र तह वा प्लस टु उत्तीर्ण भएको हुनुपर्छ । साउन महिनादेखि ५ वर्षे एलएलबीको नयाँ सत्रमा भर्ना खुल्छ । कक्षा सञ्चालन भदौदेखि प्रारम्भ हुन्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको एलएलबीमा दसैंपछि नयाँ सत्रको कक्षा सुरु हुन्छ ।

त्रिभुवन विश्वविद्यालयअन्तर्गत केन्द्रीय स्तरको नेपाल ल क्याम्पस कानुनको पढाइ हुने पहिलो शैक्षिक संस्था हो । यहाँ ३ वर्षे एलएलबीका अतिरिक्त २ वर्षे एलएलम (स्नातकोत्तर) तहको पढाइ हुन्छ ।



मुलुकको कानुनी शिक्षा सधैं प्रयोगमा बितेको छ । जस्तै यसअघि २ वर्षे बिएल, ३ वर्षे बीएल, ३ वर्षे डिप्लोमा, स्नातकपछि डिप्लोमा र कानुनको प्रमाणपत्र तहपछि डिप्लोमाका प्रयोगहरू भएका थिए । विश्वविद्यालयले बारम्बर तहगत ढाँचामा परिवर्तन ल्याए पनि पाठ्यक्रममा भने खासै भिन्नता थिएन । अहिले चालू रहेको अरू विषयमा स्नातकपछि ३ वर्षे एलएलबीको पाठ्यक्रम पनि प्रायः पहिलेकै संरचनाको छ ।

कानुन तथा न्यायको क्षेत्रमा चुनौती थपिँदैछ । न्याय सेवा, कानुन व्यवसाय, अध्ययन, अध्यापनमा देखिएको चुनौती त छँदैछ । मुलुकको बढ्दो अन्तर्राष्ट्रिय सम्बन्ध, मानवअधिकार संरक्षणका लागि मुलुकले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धता र प्रत्याभूतिहरू, खुला बजार नीति र अन्तर्राष्ट्रियकृत व्यापार, डब्लुटीओ आदिले यसको दायरालाई फराकिलो बनाएको छ । यसैलाई मध्यनजर राखी कलेजहरूले पाठ्यक्रम र अध्ययन प्रणाली विकास गरेका छन् ।

ठिमी, भक्तपुरस्थित स्कुल अफ लमा कानुनबाहेक यही वर्षदेखि मानवाधिकार तथा द्वन्द्व र अन्तर्राष्ट्रिय मानवीय कानुन विषयमा एक वर्षे स्नातकोत्तर तहको अध्यापन पनि भैरहेको छ ।

त्रिभुवन विश्वविद्यालयले सन् १९९६ बाट तीन वर्षे एलएलबी तह सुरु गरेको हो । प्रदर्शनीमार्गस्थित नेपाल ल क्याम्पस र राजधानीबाहिर ५ क्याम्पसमा उक्त तहमा अध्ययन हुन्छ । त्रिभुवन विश्वविद्यालयले केही निजी कलेजलाई समेत सम्बन्धन दिएको छ । त्रिभुवनविश्वविद्यालय-अन्तर्गतको एलएलएबीमा जम्मा १५ वटा अनिवार्य र १८ वटा ऐच्छिक विषय छन् । अनिवार्यमध्ये ९ वटाको १०० पूर्णांक र ६ वटा ५० अंकका छन् । ऐच्छिकमा सबै ५० पूर्णांकका छन् ।

काठमाडौं स्कुल अफ लमा प्रयोग भैरहेको पाँच वर्षे पाठ्यक्रममा ४० प्रतिशत भार व्यावसायिक शिक्षामा राखिएको छ । एलएलबी पहिलो वर्षमा विद्यार्थीहरूलाई कम्प्युटर प्रशिक्षणदेखि कानुन व्यवसाय र न्यायप्रणालीका मर्यादाहरूका सम्बन्धमा व्यावहारिक प्रशिक्षण दिइन्छ । कानुनी ज्ञानबाहेक अन्य विषयको जानकारीका लागि राजनैतिक सिद्धान्त, अर्थशास्त्र, इतिहास, सामाजिक शास्त्र, व्यवस्थापन पनि पढ्नुपर्छ ।

दोस्रो वर्षको पाठ्यांशमा विद्यार्थीहरूको भाषागत दक्षतालाई विशेष महत्त्व दिइएको छ । 'साइवर नेटवर्किङ' बाट कानुनको अध्ययनमा जोड दिन तथा त्यसबाट नेपाली विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय जगत्का नया मान्यताहरूमा तत्कालै अवगत गराउने उद्देश्यले यो प्रशिक्षणलाई लागू गरिएको छ । तेस्रो वर्षदेखि 'इफेक्टिभ लिगल राइटिङ/प्रि-ट्रायल प्रेजेन्टेसन, ट्रायल एड्भोकेसी एन्ड प्लिडिङ इन अपिलियट कोर्टस' विषयक २ वटा व्यावहारिक विषयसहितको पाठ्यक्रम छ । यही वर्षदेखि विद्यार्थीहरू स्कुलमा खोलिने अभ्यास अदालतमा सरिक हुन्छन् ।

चौथो वर्षदेखि विद्यार्थीहरूको विशिष्टीकरणको प्रक्रिया सुरु हुन्छ । फौजदारी कानुन र न्याय, वाणिज्य कानुन, संवैधानिक कानुन र वातावरणीय र विकास कानुन गरी ४ वटा विषयमा विशिष्टीकरण गराइन्छ । तेस्रो वर्षदेखि नै र प्रमाण कानुन, संवैधानिक कानुन, अन्तराष्ट्रिय कानुन, फौजदारी कानुन, सम्पत्ति कानुन, अन्तर्राष्ट्रिय संस्था र मानवअधिकार, कानुनी लेखाइको तरिका र अनुसन्धान र मुट कोर्ट (अभ्यास अदालत), हिन्दू विधिशास्त्र आदि विषय समावेश छन् । यो पाठ्यक्रमको उद्देश्य विद्यार्थीहरूलाई गहन कानुनी ज्ञान प्रदान गर्नु, खोज, अनुसन्धान, विश्लेषण क्षमता बढाउनु र कानुन व्यवसायमा

**तीन वर्षे एलएलबी अध्यापन हुने क्याम्पसहरू**

**त्रिभुवन विश्वविद्यालयअन्तर्गत**
**नेपाल ल क्याम्पस, प्रदर्शनी मार्ग, काठमाडौं**
**महेन्द्र बहुमुखी क्याम्पस, धरान**
**महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, राजविराज**
**पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा**
**बुटवल बहुमुखी क्याम्पस, रूपन्देही**
**महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज**
**पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत**
**काठमाडौं स्कुल अफ ल (पाँच वर्षे एलएलबी), ठिमी, भक्तपुर**

विद्यार्थीहरूले अनिवार्य 'ल फर्म प्लेसमेन्ट' तथा 'लिगल एड क्लिनिक' कार्यक्रममा सरिक हुनुपर्छ ।

पाँचौं वर्षमा विद्यार्थीहरूले ३०० क्रेडिट आवर्सका अनिवार्य विषय र ४०० क्रेडिट आवर्सका आफूले चौथो वर्षमा छानेको क्षेत्रका विषयमा अध्ययन गर्नुपर्छ । यही वर्ष विद्यार्थीले 'अनुसन्धानात्मक कार्यपत्र' तयार पार्नुका अतिरिक्त 'अप्लाइड लिगल रिसर्चको व्यावहारिक अध्ययन गर्नुपर्नेछ ।

विश्वविद्यालयको तीन वर्षे एलएलबी कोर्समा विधिशास्त्र, कार्यविधि व्यवसायिक ज्ञान बढाउनु रहेको छ । विश्वविद्यालयअन्तर्गत एलएलएम तहको पढाइ नेपाल लमा हुँदै आएको छ । वार्षिक ५० जना विद्यार्थीले उक्त तहको अध्ययन गरिरहेका छन् । त्यसमा विदेशी विद्यार्थीका लागि तीन सिट सुरक्षित छ । काठमाडौं स्कुल अफ लले छात्रवृत्तिको व्यवस्था पनि गरेको छ । उक्त कलेजले दलित एवं पिछडिएको कोटाबाट १० जना, प्राध्यापक ध्रुववरसिंह थापा छात्रवृत्ति कोषबाट ५ जना तथा क्लास टपरबाट ९ जनालाई छात्रवृत्ति प्रदान गर्छ ।

## अवसर

-काठमाडौंस्थित एक विद्यालयको माध्यमिक तहका लागि अंग्रेजी, स्वास्थ्य जनसंख्या तथा वातावरण, सामाजिक शिक्षा, गणित, विज्ञान, संगीत र नृत्यका शिक्षकको आवश्यकता छ । योग्य व्यक्तिले विद्यालयको फोन नं. ४४९३१८७ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक विद्यालयको निम्न माध्यमिक तहका लागि बिएस्सी वा आइएस्सी उत्तीर्ण म्याथ र साइन्स शिक्षकको आवश्यकता छ । न्यूनतम २ वर्षको अनुभव हासिल गरेका व्यक्तिले विद्यालयको फोन नं. ४४७३८८९ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक कलेजका लागि इकोनोमिक्स, मार्केटिङ, बुम, नेपाली, अंग्रेजी, हेल्थ, फिजिकल एजुकेसन र मास कम्युनिकेसन विषयका लेक्चररको आवश्यकता छ । योग्य व्यक्तिले कलेजको फोन नं. ४४७०३६३ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक विद्यालयको माध्यमिक तहका लागि एक जना विज्ञान शिक्षकको आवश्यकता छ । इच्छुक व्यक्तिले मोबाइल नं. ९८५१०२६६१५ मा सम्पर्क राख्नुहोला ।

-ललितपुरस्थित एक व्यापारिक संस्थामा पार्टटाईम वा फुलटाइम काम गर्ने एक जना कम्प्युटर अपरेटरको आवश्यकता छ । एकाउन्ट प्याकेजमा दक्षता हासिल गरेका व्यक्तिले संस्थाको फोन नं. ५५२३९४० मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक विद्यालयको प्राथमिक तहका लागि एक जना गणित शिक्षक र एक जना विज्ञान शिक्षकको आवश्यकता छ । सम्बन्धित विषयमा अनुभवप्राप्त व्यक्तिले मोबाइल नं. ९८४१३८९७१२ मा सम्पर्क राख्नुहोला ।

-हुम्लाको सिमिकोटस्थित एक रिसोर्टका लागि इन्डियन र कन्टिनेन्टल खाना बनाउन जान्ने अनुभवी एक जना कुकको आवश्यकता छ । इच्छुक व्यक्तिले फोन नं. ४४३२१९० मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक एकेडेमीका लागि निम्न माध्यमिक तहका लागि एक जना इङ्गलिस टिचर, प्रि-प्राइमरी तहको ग्रेड टिचर र पार्ट टाइम म्युजिक टिचरको आवश्यकता छ । योग्य व्यक्तिले एकेडेमीको फोन नं. ४४८०६४९ मा सम्पर्क राख्नुहोला ।

-काठमाडौंस्थित एक विद्यालयको प्राइमरी तथा लोअर सेकेन्डरी लेभलमा एक-एक जना इङ्गलिस टिचरको आवश्यकता छ । दुई वर्षको अनुभवप्राप्त व्यक्तिले विद्यालयको फोन नं. ४४९८७६३ मा सम्पर्क राख्नुहोला ।

## बेरोजगार मञ्च

◆ लिच्छीराम्चे, खोटाङका स्थायी बासिन्दा भूमिराज राई 'इच्छुक' हाल इटहरीमा बसोबास गर्छन् । प्रमाणपत्र तह दोस्रो वर्षमा अध्ययनरत राईले कम्प्युटरमा डिप्लोमा उत्तीर्ण गरेका छन् । यसबाहेक उनले एक वर्षसम्म एउटा पत्रिकामा कम्प्युटर अपरेटरका रूपमा काम गरिसकेका छन् । कुनै पनि कम्पनी, कारखाना तथा पसलमा लेखापाल वा कम्प्युटरसम्बन्धी काम गर्न इच्छुक राईलाई फोन नं. ०२५-५८२७४८ मा सम्पर्क राख्न सकिन्छ ।

◆ उर्लाबारी-७, मंगलबारे, मोरङका स्थायी बासिन्दा विकास सापकोटा हाल बालाजु, काठमाडौंमा बसोबास गर्छन् । २२ वर्षीय सापकोटा व्यवस्थापन संकायमा स्नातक गर्दैछन् । टुरिज्म डाइरेक्टरीमा बजार प्रतिनिधिका रूपमा काम गरिसकेका सापकोटालाई फोन नं. ९८५१००९६४१ मा सम्पर्कराख्न सकिन्छ ।

◆ २८ वर्षीय देवबहादुर खड्का डल्लू, काठमाडौंमा बसोबास गर्छन् । बी.ए./बी.एड.उत्तीर्ण गरी हाल स्नातकोत्तरमा अध्ययनरत खड्काले विद्युत् जडान, हाउस किपिङ तथा गाइडको प्रशिक्षण लिइसकेका छन् । गाविस सचिवका रूपमा समेत काम गरिसकेका खड्काले युएनडिपीका लागि सामाजिक परिचालकको काम पनि गरेका छन् । समाज परिचालनसम्बन्धी प्रशिक्षण लिएका खड्का यो विषयमा प्रशिक्षण दिनसमेत सक्षम छन् । उनलाई सामाजिक परिचालनको क्षेत्रमा काम गरिरहेका संघ-संस्थाले फोन नं. ०१४२७२१४५ मा सम्पर्क राख्न सक्छन् ।

◆ केराबारी, मोरङका स्थायी बासिन्दा श्यामकुमार श्रेष्ठले सीएमए उत्तीर्ण गरेका छन् । ग्रामीण क्षेत्रकै एक क्लिनिकमा स्वयंसेवकका रूपमा छ महिनासम्म काम गरिसकेका श्रेष्ठ कुनै पनि मेडिकल, नर्सिङ होम वा स्वास्थ्य संस्थामा काम गर्न इच्छुक छन् । केराबारीमै बसोबास गर्ने श्रेष्ठलाई केराबारी गाविस-४, मोरङको ठेगानामा पत्राचार वा फोन नं ०२१-५३९४४६ मा सम्पर्क राख्न सकिन्छ ।

◆ २१ वर्षीय कृष्ण भण्डारी स्नातक दोस्रो वर्षका छात्र हुन् । गुल्मीका स्थायी बासिन्दा भण्डारीले १५ महिने सीएमए प्रशिक्षण पूरा गरेका छन् । स्वास्थ्य क्षेत्रमा छ महिना काम गरिसकेका भण्डारीले कम्प्युटरको पनि प्रशिक्षण लिएका छन् । चितवनको भरतपुरमा अस्थायी बसोबास गरिरहेका भण्डारीलाई फोन नं ०५६-५०११८० मा सम्पर्क राख्न सकिन्छ ।

◆ बुटवलका रोशन गुप्ता बी.ए.प्रथम वर्षका छात्र हुन् । कम्प्युटरको प्रशिक्षण लिएका गुप्ता हाल महाराजगन्ज, काठमाडौंमा बसोबास गर्छन् । कक्षा आठसम्मका विद्यार्थीलाई ट्युसन पढाउन इच्छुक गुप्ता बिहान-बेलुकाको पार्ट टाइम काम गर्न पनि तयार छन् । उनलाई फोन नं. ४३७२०६७ मा सम्पर्क राख्न सकिन्छ ।

◆ मोरङका २२ वर्षीय सरन लिम्बू हाल धरानमा बसोबास गर्छन् । लिम्बू सिटिइभिटीबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट सीएमए उत्तीर्ण गरी विगत आठ महिनादेखि एक निजी स्वास्थ्य संस्थामा कार्यरत छन् । प्रमाणपत्र तहका विद्यार्थी सरन हाल कम्प्युटरको प्रशिक्षण पनि लिइरहेका छन् । कुनै पनि क्षेत्रमा काम गर्न इच्छुक सरनलाई sharan_limbu@yahoo.com मा सम्पर्क गर्न सकिन्छ ।

बेरोजगारमञ्च बेरोजगार युवा तथा रोजगारदाताहरुका लागि हो । यो स्तम्भले रोजगारदाता एवं कामको खोजीमा रहेका दक्ष जनशक्तिबीच पुलको काम गर्नेछ । यो स्तम्भका लागि आफ्नो उमेर, योग्यता, काम गर्ने रुचिको क्षेत्र तथा अनुभवसहित आफ्नो सम्पर्क ठेगाना हामीलाई लेखी पठाउनुहोस् ।

प्राइभेट Test
अन्तिम भर्ना
रेडियन्ट एकेडेमी

के तपाई SLC मा असफल हुनु भयो?
कक्षा ८ पास गरेर तपाईको पढाई रोकियो?
SLC Exampted
Private Test/SLC
SEA PUBLIC OPEN SCHOOL
Thamel Ktm Ph : 4420537 / 4434960


आवश्यकता

50% छुटमा
LANGUAGE TRAINING
Tel: 4249576

उद्घोषण
Phone : 2003402

# दक्ष जनशक्ति तथा रोजगारदाताबीचको सेतु

कुनै व्यावसायिक तालिम लिएर पनि बेरोजगार हुनुहुन्छ ? अथवा आफ्नो योग्यता र सीपका सम्बन्धमा सुनिदिने संस्थाको खोजीमा हुनुहुन्छ ? तपाईंसित सीप र दक्षता भए पनि त्यसअनुसारको कामको खोजीमा समस्या भैरहेको छ भने देश-विदेशमा रहेका रोजगारदातासम्म पुग्न तपाईंलाई मद्दतका लागि पूर्वाञ्चलका अग्रणी संस्थाहरूले सहयोगी भूमिका सुरु गरिसकेका छन् ।




दक्ष नेपाली जनशक्तिको पहुँच राष्ट्रिय/अन्तर्राष्ट्रिय श्रम बजारसम्म पुऱ्याउन पूर्वका विभिन्न १९ व्यावसायिक संस्थाले उक्त अभियान थालेका हुन् । दक्ष जनशक्तिको सोझो र सहज पहुँच वैदेशिक रोजगारमा नभएको सन्दर्भमा ती संस्थाले आधुनिक प्रविधिबाट उक्त अभियान थालेका हुन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा आमनेपालीको पहुँच वृद्धि गर्दै बजारको मागअनुसार दक्ष जनशक्ति उत्पादन गरी रोजगारी उपलब्ध गराउने प्रयासमा प्राविधिक शिक्षालयहरूको साझा मञ्चले पियर एक्सचेन्ज ग्रुप नामबाट एकीकृत प्रयास थालेको हो । सञ्जालका सुधीर श्रेष्ठ यो नौलो अभियानबाट दक्ष तर बेरोजगार नेपाली तन्नेरीहरूलाई प्रत्यक्ष फाइदा पुग्ने बताउँछन् ।

अभियानअन्तर्गत दक्ष जनशक्तिको विस्तृत विवरणसहितको वेबसाइट सञ्चालन गरिएको छ । www.nepalworkforce.com नामक उक्त साइटमा विभिन्न शिक्षालय तथा व्यावसायिक तालिम केन्द्रबाट दक्षता प्राप्त गरेकाहरूको पूर्ण विवरणसहितको जानकारी राखिएको छ । त्यसैका आधारमा रोजगारदाता संस्थाले आफूले खोजेको जनशक्तिसँग सोझो सम्पर्क स्थापित गर्न सक्छन् । रोजगारदाताले वेबसाइटमा राखिएको विवरणका आधारमा आफूलाई चाहिएजस्तो श्रमदाता छनौट गर्न सक्ने यो नौलो प्रविधि मुलुकमा पहिलो भएको दाबी गरिएको छ ।

रोजगारदाता संस्था तथा रोजगारी खोजिरहेका दक्ष जनशक्ति दुवैलाई फाइदा पुग्ने यो वेबसाइटमा आफ्नो विवरण समावेश गराउन सम्बन्धित संस्थामा फारम भरेअनुसारको विवरण समावेश गरिन्छ । कुनै पनि विषयमा दक्षता हासिल गरेकाहरूले आफ्नो विवरण उक्त वेबसाइटमा राख्न सक्छन् । इन्टरनेटको पहुँच नभएकाहरूलाई सम्बन्धित संस्थाले त्यस्तो विवरणमा सामेल गराउनेछन् ।

–माधव घिमिरे

## साप्ताहिक डट कम

# merodang.com

दाङ जिल्लाका बारेमा जानकारी दिने साइटको नाम हो साइबर दाङ डटकम । यो वेबसाइट २०६२ असारदेखि सञ्चालनमा आएको हो । यो वेबसाइटमा दाङ जिल्लाको भौगोलिक अवस्थिति, इतिहास, प्रसिद्ध स्थानहरू, प्रसिद्ध उत्सवहरू आदि जानकारी उपलब्ध छ । यो साइटमा दाङका कलाकारहरू, दाङसँग सम्बन्धित वालपेपर तथा फोटो ग्यालरी, दाङमा रहेका टेलिफोन नम्बरहरू आदिका बारेमा पनि जानकारी समेटिएको छ । त्यसैगरी नेपालका प्रसिद्ध सेलिब्रेटीहरूको अटोग्राफ पनि यो वेबसाइटमा राखिएको छ । आगामी दिनहरूमा अनलाइन न्युज, म्यासेन्जर तथा यो साइटको माध्यमबाट साथी बनाउन सकिने गरी इलेक्ट्रोनिक पल्सको पनि विकास गरिने जानकारी वेबसाइट निर्माणमा संलग्न अनुप पाण्डे बताउँछन् ।

–एकराज

## जिज्ञासा

•सुदन झा, कम्प्युटर कन्सल्टेन्ट

**प्रश्न : दुईवटा कम्प्युटरका बीचमा सम्पर्क भए–नभएको कसरी थाहा पाउने ? कृपया मोडेममार्फत बताइदिनुहोला ?**

**–अनिश न्योपाने, दुवाकोट**

**उत्तर :** हामीमध्ये धेरैजसो विन्डोज ९८ चलाउँछौं । त्यहाँ युजर नेम, पासवर्ड र फोन नं. राख्ने निश्चित ठाउँ बनाउनुपर्छ । त्यसका लागि सबैभन्दा पहिले माई कम्प्युटरमा डबल क्लिक गर्नुपर्छ । भित्र Make row Connection भन्ने आइकन हुन्छ । त्यस आइकनलाई डबल क्लिक गरेमा एउटा Dialog Box खुल्छ । त्यसमा फोन नं. लगायत अन्य भरिएका कुरा हाल्दै Next भन्ने बटन थिच्दै जानुपर्छ र अन्त्यमा final थिच्नुपर्छ । त्यसो गरेपछि एउटा नयाँ आइकन बन्छ (दुईवटा कम्प्युटरका बीचमा फोन भएको), त्यस आइकनमा क्लिक गरे युजरनेम पासवर्ड र फोन राख्ने ठाउँ रहन्छ । सबै कुरा निश्चित ठाउँमा राखेर Conncet भन्ने बटन थिच्नुपर्छ । युजरनेम र पासवर्ड सही भएमा logging to network भन्ने सूचना आउँछ र मनिटरको दायाँतर्फ तल आईकन गएर बस्छ ।

इन्टरनेट जोडिएपछि हामी विभिन्न किसिमका ब्राउजरको मद्दतले वेबसाइट हेर्न सक्छौं । Internet Explorer, Netscape Navigater, Opera जस्ता कुनै पनि ब्राउजर खोलेर त्यसको Address Bar मा आफूले हेर्न चाहेको वेबसाइटको नाम लेखेर क्लिक गरेमा त्यो वेबसाइट हाम्रो ब्राउजरमा खुल्छ । यसरी काम सकिएपछि इन्टरनेट बन्द गर्न दायाँतर्फ पुछारमा भएको आइकनलाई डबल क्लिक गरेमा एउटा डायलग बक्स खुल्छ । त्यस डायलग बक्समा हामीले कतिबेर इन्टरनेट चलायौं भन्ने सूचना हुन्छ । सोही डायलग बक्सको पुछारमा रहेको disconnet भन्ने बटन थिचेमा इन्टरनेट बन्द हुन्छ ।

# नयाँ अफिस सिस्टम आउने

नयाँ अपरेटिङ सिस्टम भिस्टा सार्वजनिक गर्ने तयारीमा रहेको माइक्रोसफ्ट कर्पोरेसनले आगामी जनवरी महिनासम्ममा माइक्रोसफ्ट अफिस सिस्टम २००७ बजारमा ल्याउने भएको छ । आगामी अक्टोबर महिनासम्म नयाँ अफिस सिस्टमको सम्पूर्ण कार्य समाप्त गरिसक्ने माइक्रोसफ्टले बताएको छ । व्यवसायीहरूलाई लाइसेन्सिङ प्रोग्रामअन्तर्गत अफिस सिस्टम उपलब्ध गराएपछि माइक्रोसफ्टले खुद्रा बिक्रीका लागि भिस्टा अपरेटिङ सिस्टमलाई बजारमा ल्याउनेछ ।

यसबीच नयाँ अपरेटिङ सिस्टम भिस्टाले माइक्रोसफ्ट कर्पोरेसनलाई विवादमा ल्याएको छ । सन् १९९५ मा अपरेटिङ सिस्टम विन्डोज सार्वजनिक गरेदेखि एक्स्पो संस्करणसम्म माइक्रोसफ्टले तोकेको समयमा नै आफ्ना अपरेटिङ सिस्टमका नयाँ संस्करणहरू बजारमा ल्याएको थियो, तर अहिले पहिलो पटक अपरेटिङ सिस्टमको नयाँ संस्करण बजारमा ल्याउन माइक्रोसफ्टले बढी समय लगाएको छ । सन् २००२ मा एक्स्पो ल्याएपछि सन् २००६ को नोभेम्बरसम्ममा माइक्रोसफ्टले भिस्टा ल्याउने घोषणा गरी बिटा संस्करण त्यसअघि नै पालैपालो उपलब्ध गराउने बताएको थियो, तर योजनाअनुसार कार्य नभएपछि माइक्रोसफ्टले भिस्टा सार्वजनिक गर्न ढिलाइ हुने घोषणा गर्दै आफ्नो विन्डोज विभागको व्यवस्थापनमा हेरफेर गरेको छ ।

# मकै छर्ने आधुनिक यन्त्र

**साप्ताहिक समाचार**

काठमाडौं– नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वैज्ञानिकहरूले मकै छर्ने यन्त्रको विकास गरेका छन् । नेपालको पहाडी क्षेत्रमा छिटो तथा वैज्ञानिक पद्धतिबाट मकै छर्न उपयोगी हुने यो प्रविधि प्रयोगात्मक रूपमा पनि सफल देखिएको वैज्ञानिकहरूले बताएका छन् । उक्त यन्त्रबाट नेपालको पहाडी क्षेत्रका कृषकहरू लाभान्वित हुने बताइएको छ । तराईका खेतियोग्य जमिनमा मकै छर्ने अत्याधुनिक प्रविधिहरू भित्रिए पनि पहाडी क्षेत्रका लागि मकै छर्ने प्रविधि उपयोग गरिएको थिएन ।



'यसको प्रयोग पहाडी क्षेत्रमा सफल हुने आशा लिएका छौं,' ज्याब सिडर नाम दिइएको उक्त यन्त्रका सम्बन्धमा बताउँदै नार्कका वरिष्ठ वैज्ञानिक श्रीमद श्रेष्ठ भन्छन्– सर्वसाधारण कृषकको प्रयोगका लागि नार्कले प्रशिक्षणमा धेरै संख्यामा उपकरण निर्माण गर्ने काम पनि भैरहेको छ । परीक्षण प्रयोग सफल देखिएकाले काठमाडौंवरिपरिका किसानले यस प्रकारको यन्त्रको माग गरेका छन् ।

पहाडी क्षेत्रमा मकै बाली लगाउनुपूर्व दुईदेखि तीन पटकसम्म जोतेर मात्र बाली लगाइन्छ । श्रेष्ठका अनुसार परिश्रम धेरै गरेर बाली लगाए पनि बीउको उमारशक्ति कम हुँदा किसानले हैरानी बेहोर्नुपर्छ । कहिलेकाहीं बढी माटोले पुर्दा पनि बीउ उम्रिन सक्दैन, तर उक्त यन्त्रमार्फत रोप्दा नउम्रिने सम्भावना हुँदैन ।

विकसित मुलुकका पहाडी क्षेत्रमा प्रयोग गरिने मोडललाई आधार बनाएर नार्कले नयाँ किसिमले उक्त यन्त्रको विकास गरेको हो । उक्त यन्त्रको तौल ५ किलोग्राम छ । नार्कले काठ, फलाम तथा अन्य वस्तु प्रयोग गरेर उपकरण बनाएको भए पनि फलामको उपकरण उपयुक्त देखिएको छ । श्रेष्ठका अनुसार मानिसले बोकेर प्रयोग गर्नुपर्ने भएकाले यन्त्रलाई सकेसम्म हल्का बनाइएको छ । दुई हातको प्रयोगले बोकेर बीउ छर्ने उक्त यन्त्रमा दुईवटा प्लास्टिकका बट्टा राखिएको छ । हातले चलाएको भरमा एउटाले मकैको बीउ र अर्कोले सीमित रासायनिक मल छोड्छ । उपकरणमा निश्चित दूरीमा मकै लगाउन पनि संकेत छडीको प्रयोग गरिएको छ । उपकरणमार्फत बाली लगाउँदा बीउ र मलको मात्रा पनि वैज्ञानिक पद्धतिले खसाउन सकिन्छ । श्रेष्ठका अनुसार उपकरणको प्रयोगबाट एक घण्टामा एक रोपनी जग्गामा मकै छर्न सकिन्छ । उक्त यन्त्र बनाउन करिब दुई हजार रुपैयाँ लागेको श्रेष्ठले बताए ।

पहाडी माटो नरम तथा कडा दुई किसिमको हुने भएकाले नरम क्षेत्रमा यन्त्रले सजिलै काम गरे पनि कडा माटोमा पानी परेपछि मात्र उक्त यन्त्र प्रयोग गर्न सकिन्छ ।

## यौन विज्ञान

# चुम्बन र ज्वरो

धेरै जनासँग अन्तरंग चुम्बन साटसाट गर्दा मेनेन्जाइटिस रोगको सिकार हुन सक्ने सम्भावना बढ्ने कुरा हालै गरिएको एउटा अध्ययनले देखाएको छ । टंग किस अर्थात् एक-अर्काको जिब्रो र ओठ चुसेर चुम्बन गर्नाले मेनेन्जाइटिसलगायत अरू थुप्रै स्वास्थ्य असर देखा पर्न सक्ने पनि सो अध्ययनले देखाएको छ । वैज्ञानिकहरूले १५ देखि १९ वर्षका १ सय ४४ युवामा अनुसन्धान गरेर उक्त निष्कर्ष निकालेका हुन् । अनुसन्धानमा त्यस्ता युवाहरूलाई संलग्न गराइएको थियो जो पहिले नै मस्तिष्क ज्वरोले पीडित बनेका थिए ।

वैज्ञानिकहरूले अनुसन्धानमा संलग्न गराइएका युवाहरूसँग कुराकानी गर्नुको अतिरिक्त उनीहरूको मुखको ऱ्यालको समेत परीक्षण गरेका थिए । वैज्ञानिकहरूका अनुसार केही मानिसको मुखमा मेनिनगोकोकाल नामक ब्याक्टेरिया हुन्छ जसले मेनेन्जाइटिस लगायतका रोगहरू एकबाट अर्कोमा सार्छन् । वैज्ञानिकहरूका अनुसार दुई जनाभन्दा बढीसँग चुम्बन गर्दा हातखुट्टा चिसिने, ज्वरो बढ्ने, विक्षिप्त भइने, वाकवाकी लाग्ने, झाडापखाला लाग्ने, टाउको दुख्ने, जोर्नीहरूलगायत गर्दन दुख्ने, घाममा हेर्न गाह्रो हुने तथा जीउ दुख्ने समस्या देखा पर्न सक्छ ।

अनुसन्धानमा एक जनाले दुई जनामा सीमित रहेर गरिएको चुम्बन र अर्को समूहका एक जनाले सात जनासम्ममा गरेका चुम्बनकर्ताको बीचमा अनुसन्धान गरिएको थियो । मेनेन्जाइटिस रिसर्च फाउन्डेसनकी लिंडा ग्लेन भन्छिन्– 'युवायुवतीहरूलाई साधु नै बन्ने सल्लाह म दिन्नँ, तर दुई जनाभन्दा बढीसँग चुम्बन गर्दा सतर्क चाहिँ हुनुपर्छ ।' चुम्बनसम्बन्धी यो अनुसन्धानको विस्तृत विवरण ब्रिटिस मेडिकल जर्नलमा प्रकाशित गरिएको छ ।

# शनिको चन्द्रमामा मिथेनको भण्डार

सौर्यमण्डलमा वातावरणयुक्त एक मात्र शनिग्रहको चन्द्रमा टाइटनमा फेला परेको ज्वालामुखीबाट मिथेन ग्याँसको उत्सर्जन भएको जानकारी पाइएको छ । विशेषज्ञहरूले टाइटनको हिउँले भरिएको उक्त ज्वालामुखी निष्क्रिय रहेको बताएका छन् । विज्ञान पत्रिका नेचरमा प्रकाशित प्रतिवेदनअनुसार टाइटनमा यस्तो ज्वालामुखीको अस्तित्व छ, जसमा मिथेन ग्याँसको उत्सर्जन भएको थियो । यसका आधारमा टाइटनमा वातावरणको उपस्थितिका कारण जान्न सहयोग हुन्छ ।

टाइटन सौर्यमण्डलको एक्लो यस्तो चन्द्रमा हो, जसमा नाइट्रोजन र मिथेन ग्याँस छ । त्यहाँ रहेका ज्वालामुखी र पृथ्वीको ज्वालामुखीमा फरक छ । पृथ्वीमा अर्बौं वर्षअघि भएजस्तै रासायनिक प्रतिक्रिया टाइटनमा समेत हुने गरेको वैज्ञानिकले अनुमान गरेका छन् । यसै प्रक्रियाअन्तर्गत पृथ्वीमा जीवनको विकास भयो । मिथेन पृथ्वीमा पाइने अत्यन्त ज्वलनशील ग्याँस हो । तीव्र वातावरणीय दबाब एवं चिसोका कारण यो ग्याँस टाइटनमा तरल अवस्थामा पाइन्छ ।


# युवतीको काखीको गन्ध र पुरुष

यौवनमत्त महिलाको शरीरबाट निस्कने गन्धले पुरुषहरूलाई अप्रत्यक्ष रूपमा आकर्षित एवं उत्तेजित पार्ने नयाँ रहस्य चिकित्सा क्षेत्रका अनुसन्धानकर्ताहरूले पत्ता लगाएका छन् । इथोलोजी जर्नलमा उल्लेख भएअनुसार यौवनमत्त महिलाहरूको मासिक श्रावपछिको लगत्तैका दिनहरूमा तथा प्रजननको अवस्थामा काखीबाट एक किसिमको गन्ध निस्कन्छ, जसले पुरुषहरूलाई उत्तेजित एवं आकर्षित पार्छ, तर जब यस्तो अवस्था ठीक विपरीत हुन्छ त्यतिखेर त्यस्ता महिलाहरूको काखीबाट अनौठो खालको दुर्गन्ध निस्कन्छ र त्यो दुर्गन्धले पुरुषहरूलाई आकर्षित एवं उत्तेजित गर्नुको साटो विकर्षित गरिरहेको हुन्छ ।


अनुसन्धानको नेतृत्व गर्ने वैज्ञानिक जान ह्याभलिक यस्तो गन्धले यौन समागमका लागि पुरुषहरूलाई उत्तेजित पार्न निर्णायक भूमिका खेल्ने गरेको बताउँछन् । अनुसन्धानकर्ताहरूले यस्तो तथ्य प्रजनन अवस्थामा पुगेका र यस्तो अवस्थाको विपरीत रहेका एक सय एक दर्जन महिला तथा पुरुषहरूलाई समेत सँगसँगै हिंडिरहेको अवस्थामा थाहा नपाउने गरी अनुसन्धान गरिएको थियो ।









## गिनिज बुक्स अफ वर्ल्ड रेकर्ड्सबाट

### सबैभन्दा सानो माछा

संसारमा २० हजारभन्दा बढी प्रजातिका साना-ठूला माछा पाइन्छन्। भर्टिब्रेट समूहमा पर्ने माछाका प्रजातिहरूको संख्या अन्य कुनै पनि जीव समूहका प्रजातीहरूको संख्या भन्दा बढी हुन्छ। माछाका प्रजातिहरूमा सबैभन्दा सानो प्रजातिको माछा फिलिपिनो ड्वार्फ पिग्मी गोबी



प्रजातिको माछा हो। यो माछा जम्मा ८ मिलिमिटर लामो हुन्छ। यो माछा प्रसान्त महासागरमा मात्र पाइन्छ।

### सबैभन्दा ठूलो माछा

संसारभरि पाइने माछाहरूमा पानीभित्रै अक्सिजन ग्रहण गर्ने सबैभन्दा ठूलो माछा ह्वेल शार्क हो। यो माछा १५ मिटरसम्म लामो हुन्छ। यो माछा तातो पानी भएका सबै महासागरहरूमा पाइन्छ।

### सफा पानीमा पाइने




### सबैभन्दा ठूलो

सफा वा ताजा पानी भएका समुद्र वा तालमा पाइने सबैभन्दा ठूलो माछा स्टर्जियन हो। यो माछा ५ मिटरसम्म लामो हुन्छ। यो माछा आर्कटिक महासागर तथा सुपेरियर ताल क्षेत्रमा पाइन्छ।

### सबैभन्दा सुस्त गतिमा पौडिने माछा

संसारमा सबैभन्दा सुस्त गतिमा पौडिने माछा गोल्ड फिस प्रजातिको माछा हो। गहिरो समुद्रमा पाइने यो माछा प्रतिघण्टा ५ किलोमिटरका दरले पौडिन्छ।

### सबैभन्दा तीव्र गतिमा पौडिने माछा



संसारमा सबैभन्दा तीव्र गतिमा पौडिने माछा साइल फिस प्रजातिको माछा हो। गहिरो समुद्रमा पाइने यो माछा प्रतिघण्टा १ सय ९ किलोमिटरका दरले पौडिन्छ।



## डरलाग्दो लामखुट्टे

वैज्ञानिकहरूका अनुसार विश्वभरि वर्षायाममा ३ हजारभन्दा बढी किसिमका लामखुट्टे देखा पर्छन्। अस्ट्रेलियामा पाइने रातो रंगको तीन इन्च लामो लामखुट्टे अत्यन्तै विषालु हुन्छ। यसको टोकाइले मानिस, जनावर तथा पक्षीलाईसमेत बेहोस पारिदिन्छ तर यस्ता लामखुट्टेलाई 'एलिडिया' नामक कीराले सजिलै खाइदिन्छ।


यस्तै अमेजन नदीको किनारमा पाइने 'औबी' नामक लामखुट्टेले बर्सेनि ७० देखि ८० लाख फलफूल खाएर सखाप पारिदिन्छ। यो लामखुट्टेको प्रकोप बढेको बेला यसले फलफूल खाएर मात्र नपुगेर रूखको पातसमेत सखाप पारिदिन्छ। यो लामखुट्टे पनि तीन इन्च लामो हुन्छ। अफ्रिकी जंगलमा 'सी-सी' नामक खतरनाक लामखुट्टे पाइन्छ। यी लामखुट्टेको टोकाइपछि समयमै उपचार नपाए मानिसको मृत्यु हुन्छ। दक्षिण अफ्रिकाको जंगलमा 'जमिल' नामक ५ इन्च लामो लामखुट्टे पाइन्छ, जसको थुतुनो पनि सुईजस्तै तीखो हुन्छ। यसले टोक्नेबित्तिकै रगत भलभली बग्न थाल्छ र रगतको प्रवाह रोक्न हम्मे-हम्मे पर्छ। 'एफिस' नामक लामखुट्टेले त मानिसलाई अचेत नभएसम्म टोकिरहन्छ।

नाइजेरियाको जंगलमा 'लेरिप' जातको लामखुट्टे पाइन्छ। त्यसले पशुपक्षीलाई बाँच्नै नसक्ने अवस्थामा पुऱ्याउँछ, तर यसले सुँगुर र गधालाई भने टोक्दैन, त्यसैले स्थानीय मानिसहरू यिनै जनावर पाल्छन्।

## जन्मदिनको शुभकामना



अशुपा पोखरेल २०५७ भदौ १२ | प्रमित शर्मा २०५५ भदौ १२ | विवेक मगर २०६१ भदौ १२



आश्मा पौडेल २०५१ भदौ १३ | आयुषा तामाङ २०६० भदौ १४ | अस्मिता कुइँकेल २०५२ भदौ १४ | जितेस कसौधन २०६२ भदौ १५



चाँदनी गुरुङ २०५४ भदौ १५ | क्षितिज राई २०५७ भदौ १५ | सिमरन सुवेदी २०५८ भदौ १५ | यावेश थापा २०५९ भदौ १५



सुस्मिता कुइँकेल २०५४ भदौ १५ | कौशल भण्डारी २०५६ भदौ १५ | कुशल भण्डारी २०५४ भदौ १० | प्रविण लामा २०५२ भदौ ९



राहुल क्षेत्री २०६० भदौ १३ | सिमरन मल्ल २०५८ भदौ १५ | विज्ञविजय ढुंगाना २०५९ भदौ १२

### कुपन

जन्मदिनको शुभकामना

नाम :........................................................

जन्म मिति :....................................................

स्कुल :..........................................................

ठेगाना : ......................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

## टाढासम्म किन देख्न सकिन्न ?


पृथ्वीको कुनै ठाउँमा उभिएर हेर्ने हो भने कति टाढासम्म देख्न सकिन्छ भन्ने कुरा सजिलै अनुमान लगाउन सकिन्छ। वास्तवमा पृथ्वीको बनावट गोलो र बीचमा अलि फुकेका कारण पृथ्वीको सबै भाग देख्न सकिँदैन। हामी जति उचाइमा छौं त्यत्तिकै मात्रामा टाढासम्म देख्न सक्छौं। समुद्रको किनारमा उभिएर हेरियो भने समुद्र र आकाश जोडिएको जस्तो देखिन्छ तर त्यो दूरी ४ किलोमिटर भन्दा बढी हुँदैन। अग्लो ठाउँमा बसेर हेरेको खण्डमा भने त्योभन्दा टाढा देख्न सकिन्छ। १ हजार मिटर अग्लो पहाडको टुप्पाबाट हेर्ने हो भने २ सय ७० किलोमिटर टाढासम्म देख्न सकिन्छ।

## तल दिइएको चित्रमा ६ वटा फरक छुट्याऊ



फरक - साडीको बुट्टा, ब्लाउजको रंग, केश, चप्पल, सुरुवाल, चुरा।

## तल दिइएको चित्रमा कति समानहरू लुकेका छन् ?



लुकेका समानहरू : कछुवा, माछा, सुगा, सर्प, बकुला।

## शब्दहरू खोज

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गा | द | ये | श | र | इ | न्द्र | जा | त्रा |
| ई | आ | म | कृ | वृ | ट | रा | न | ष्णा |
| जा | भो | न | द | ही | जा | त्रा | तृ | जि |
| त्रा | पा | ल | स्प | लि | का | रो | न्टे | ब्रो |
| भो | टो | जा | त्रा | घो | ना | पा | का | छे |
| शी | न | य | क | डे | त्रि | इँ | ली | ड् |
| गु | म | स्या | ङ् | जा | हे | जा | ग | ने |
| ए | न | सू | ख | त्रा | र | त्रा | ण्ड | जा |
| बि | स्के | ट | जा | त्रा | ख | ड् | की | त्रा |

माथि दिइएका अक्षरहरूमा नेपालका आठ प्रमुख जात्राहरूका नाम लुकेका छन्। ती नामहरू सायद तिमीले पनि सुनेको हुनुपर्छ। के तिमी ती नामहरू खोज्न सक्छौ ?

लुकेका नामहरू : गाईजात्रा, घोडेजात्रा, इन्द्रजात्रा, बिस्केटजात्रा, जिब्रो छेड्ने जात्रा, रोपाईँजात्रा, दही जात्रा, भोटोजात्रा।

## साप्ताहिक अंकजाल प्रतियोगिता-८०

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

१. सँगै दिइएको १६ वटा कोठाहरूमा ७९ देखि ९४ सम्मका अंकहरू नदोहोरिने गरी यसरी भर, जसबाट तिनीहरूको योगफल ठाडो, तेस्रो, छड्के जसरी जोड्दा पनि ३४६ होस्।

२. अंकजाल साप्ताहिकको कार्यालयमा प्रकाशित भएको मितिले दुई साताभित्र पठाइसक्नुपर्नेछ।

३. विजेतालाई २ सय रुपैयाँ पुरस्कार दिइनेछ।

नाम : ..................................कक्षा : .....

स्कुल : ................................................

ठेगाना : ................................................

अंकजाल ७६ मा सहभागीहरूको संख्या : २०९


गोलाप्रथाबाट विजेता :

बालकुमार माझी, कक्षा १०, वसन्त उच्च मावि, वसन्तपुर, तेह्रथुम

साप्ताहिक झन्को
शुक्रबार, भदौ ९, २०६३



## पुजानाको तिर्खा



चलचित्र 'तिर्खा' मा कामुक भूमिका निर्वाह गरेर पुजानाले दर्शकमाझ लोकप्रिय हुने प्रयास गरेकी छिन्। चलचित्रमा पूर्व मिस्टर नेपाल जीवन लुइँटेलकी श्रीमती बनेकी पुजानाले जीवनसँग त उत्तेजक हाउभाउ प्रस्तुत गरेकै छिन्, त्यसबाहेक आफ्ना अंगरक्षकको भूमिका निर्वाह गर्ने उदय श्रेष्ठसँग पनि त्यस्तै तात्तातो दृश्य दिएको बताइन्छ। निर्मल केसीद्वारा निर्देशित यो चलचित्रमा यौनतिर्खा लागेपछि एउटी विवाहित महिला कति हदसम्म छट्पटिन्छिन् भन्ने कुरा प्रस्तुत गरिएको छ। यौनतिर्खाबाट छट्पटाइरहेकी युवतीको भूमिकालाई पुजानाले न्याय प्रदान गरेको चलचित्रका नायक लुइँटेल बताउँछन्। यो चलचित्र प्रदर्शनपछि पुजानाले कामुक नायिकाको छवि बनाइन् भने आश्चर्य मान्नु पर्दैन।

## वेबसाइट नै किन ?

'वेबसाइट बनाएर के फाइदा ? हाम्रा दर्शकहरू पनि त वेबसाइट हेरेर चलचित्र हेर्न आउने खालका हुनुपर्‍यो नि ?' केही चलचित्र निर्मातासँग उनीहरूका चलचित्रको वेबसाइटका बारेमा सोध्दा यस्तो ठाडो जवाफ आयो। कलिउडमा चलचित्र वा कलाकारको वेबसाइट बनाउने चलन चलेको छैन। विगतमा 'बादलपारि', 'सुपरस्टार', 'गाजल' जस्ता दुई-चारवटा चलचित्रका 'टेम्पोररी वेबसाइट' बनाइए पनि ती चलचित्रलाई खासै फाइदा नपुगेपछि अरूले वेबसाइट बनाउन चाहेनन्। अहिले चलचित्र निर्देशक अनिल संग्रौलाले आफ्नो चलचित्र निर्माण कम्पनी रे मुभिजको वेबसाइट बनाएका छन्, जसमा उनले निर्देशन गरेका पुराना चलचित्रहरूका साथै प्रदर्शन हुन बाँकी 'पाइला'का बारेमा पनि थुप्रै जानकारी राखिएका छन्। अर्का निर्माता तथा निर्देशक आकाश अधिकारी इन्टरनेट जान्ने फिलममेकर हुन्। उनले पनि आफ्नो चलचित्र निर्माण संस्था द स्काई मुभिजको वेबसाइट बनाएका छन्। आफ्नो वेबसाइटमा आकाशले बनाएका पुराना चलचित्र तथा प्रदर्शनको क्रममा रहेको 'क्रोध' सम्बन्धी जानकारी उपलब्ध छन्।

## वेबमा नेपाली चलचित्र

तपाईंले भुवन केसीद्वारा निर्मित सुपरहिट चलचित्र 'करोडपति' हेर्नुभयो ? करिब एक दशकअघि प्रदर्शन भएको यो चलचित्र हेर्न नभ्याउनेहरू धेरै हुन सक्छन्। चिन्ता नलिनुहोस्, केसीको करोडपति मात्र होइन पुरानो



चलचित्र 'परालको आगो' देखि नयाँ चलचित्र 'उपहार' सम्मका दर्जनौं चलचित्र अहिले नेपाली वेबसाइटमा राखिएका छन्। ईनेपालन्यूज डटकम लगअन गरेर नेपाली चलचित्रको सेक्सनमा क्लिक गर्नेबित्तिकै तपाईंले अनलाइन चलचित्रको मज्जा लिन सक्नुहुन्छ। युटिभीको सर्भरमार्फत चलचित्र हेर्न सकिने व्यवस्था यो वेबसाइटले गरेको छ, तर चलचित्रलाई कपि गरेर आफ्नो सुविधाअनुसार भने हेर्न सकिने छैन।



## राजेशकै माग

केही समयअघिको कुरा हो। निर्देशक सोभित बस्नेत हेटौंडाको एक चलचित्र भवनमा पुगेछन्। चलचित्र भवनमा दर्शकहरूको भीड थियो। उनी दंग परेछन्। किन त त्यो भीड ? उनलाई रहस्य जान्न मन लाग्यो। उनी चलचित्र भवनभित्र प्रवेश गरेछन्। ढोकैदेखि दर्शकहरूको भीड थियो। कतै कुनै कलाकार त आएनन् ? उनको उत्सुकता झन् बढ्यो। उनी एकैछिनपछि चकित परे। ती सबै दर्शक राजेश हमाललाई पो हेर्न आएका रहेछन्। त्यो पनि साँच्चैका राजेश हमाल पनि होइनन्। पर्दामा राजेश हमालको नयाँ चलचित्र हेर्न त्यो भीड लागेको रहेछ। प्रदर्शन भैरहेको चलचित्र 'जीवनदाता'मा तीन जना नायक छन्- रमित ढुंगाना, विराज भट्ट र राजेश ढुंगाना। तर सोभित चकित परे, अतिथि भूमिकामा रहेका राजेश हमाल बोले, उठे, हिंडे, बसे जे गरे पनि दर्शकहरू ताली बजाउँदा रहेछन्। भनेपछि राजेशको माग ज्यूका त्यू रहेछ। फर्केर आएपछि सोभितले पनि जुक्ति फुराए। रमितको दोहोरो भूमिका रहेको उनको आगामी चलचित्र 'शक्ति'मा उनले राजेश हमालका लागि एउटा गीतको अवसर सिर्जना गरे।

# कलिउड चर्चा

## दुई मोटी बाईबाई



चलचित्र नायिका जल शाह तथा कान्तिपुर टेलिभिजनको कार्यक्रम 'द पवनकली सो'की सञ्चालिका लुनिभा तुलाधरमध्ये को बढी मोटी ? यो ठट्टा-रमाइलोको विषय हुन सक्ला। चलचित्र नायिका वा टेलिभिजन कार्यक्रम सञ्चालिका भनेका छरिता, सुन्दरी हुनुपर्छ भन्ने मान्यताविपरीत यही पेसामा लागेर यी दुईवटी मोटी चर्चित पनि भए। यद्यपि दुवै जनाको लक्ष्य भने फरक थियो। पवनकली अर्थात् लुनिभा पढेर ठूलो मानिस हुन चाहन्थिन् भने जल शाह काठमाडौंमा एउटा बंगला बनाएर घरजम गर्न चाहन्थिन्। अविवाहित यी दुईमध्ये जल शाह शाही सरकारका बेलामा सेन्सर बोर्डको सदस्यमा जागिर खाएर विवादित पनि भइन्। शरीर मोटो



हुँदै गएपछि उनले पछिल्लो समयमा काम पनि पाउन छाडेकी थिइन्। लुनिभा भने पवनकली भएर चर्चित भए पनि विदेशमा पढ्न जाने आफ्नो सपना त्यत्तिकै तुहाउन चाहन्नथिन्। उनको प्रयास खेर गएन। यसै साता पवनकली अर्थात् लुनिभा कान्तिपुर टेलिभिजनको जागिर छाडेर भारतको गुजरातस्थित विश्वविद्यालयमा 'पर्फमिङ आर्ट'मा स्नातकोत्तर गर्न जाँदैछिन्। त्यसका लागि उनले छात्रवृत्ति नै पाएकी छिन्। अब उनी 'द पवनकली सो'मा देखिनेछैनन्। जल शाह पनि विगतका अन्य नायिकाहरूझैं अमेरिका पलायन भएकी छिन्। अमेरिका जानुलाई उनले सामान्य 'टुर' बताए पनि पाएसम्म निर्देशन पढ्ने लक्ष्य रहेको बताएर आफ्नो योजना लामो समय उतै बस्नु रहेको कुरा स्पष्ट पारेकी छिन्।





# रमझम डिजाइनर स्पर्धाको



प्रतिकुल मौसम र परिस्थितिका बाबजुद गत शनिबार राजधानीको होटल सोल्टीको मेघा मल्हार प्रेक्षालयमा बिछ्याइएको र्‍याम्पमाथि डिजाइनर छिरिङ डोल्करले तयार पारेको दुलहीको पहिरनमा सजिएकी मोडल आयुषी शाहको क्याटवाकबाट प्रारम्भ भयो– डिजाइनरहरूको सिर्जना र कल्पनाको प्रतिस्पर्धा अर्थात् डिजाइनर कन्टेस्ट २००६ । नेपाल एजुकेसन अफ फेसन टेक्नोलोजी (एनईएफटी) का लागि समिता बस्नेत तथा तमना श्रेष्ठले आयोजना गरेको उक्त प्रतिस्पर्धामा राजधानीको नमुना कलेज, एनईएफटी, आईईसी, आईआईएफटी पोखरा र बुटवलको साफट, चितवनको एनईसी तथा धरानका डिजाइनरहरू गरी चार दर्जन डिजाइनरका सिर्जनालाई प्रतिस्पर्धामा उतारिएको थियो ।

बी.एल. हाउसको व्यवस्थापनमा सञ्चालित उक्त प्रतिस्पर्धामा साफ्ट बुटवलका अरुणा गुरुङको सिर्जनाले टेन्थ रनर-अप, नमुना कलेजका डिजाइनर जोडी शशी चौधरी तथा सुगन्धा ज्ञवालीले नाइन्थ रनर-अप, धरानका श्रद्धा लिम्बूले एट्स रनर-अपको पुरस्कार हात पारे । सेभेन्ट्थ रनर-अपको उपाधि आईईसीका अनुबाबा रायमाझीले जितिन् । एनईएफटीका उर्मिला कटुवाल सिक्स्थ रनर-अप, लक्ष्मीशोभा खड्गी फिफ्थ रनर-अप, साफ्ट बुटवलका गीता थापा फोर्थ रनर-अप तथा एनईएफटीकी कृपा महर्जन थर्ड रनर-अप घोषित भए ।





साफ्ट पोखराका रीता गुरुङको कल्पनाशीलताले सेकेन्ड रनर-अपको उपाधि चुम्यो भने एनईएफटीका छिरिङ डोल्करले फस्ट रनर-अपको उपाधि पाइन् । डिजाइनरहरूको उक्त प्रतिस्पर्धामा नमुना कलेजका जोडी अञ्जु डंगोल तथा मनीषा जोशी उत्कृष्ट डिजाइनर घोषित भए । सब्टल निम्फेट शीर्षकमा निर्मित अञ्जु तथा मनीषाको सिर्जना सिल्भर ग्रे कलरको साटन र ट्रान्स प्यारेन्ट फ्याब्रिक प्रयोग गरिएको इभिनिङ गाउनमा समेटिएको थियो ।

गायकद्वय मिङमा शर्मा र जितेनका सुमधुर गीतहरूले संगीतमय बनेको उक्त कार्यक्रममा सहभागी २४ जना बालबालिकाको किड्स फेन्सी ड्रेस प्रतियोगिता तथा उनीहरूको बालसुलभताले भरिएको आकर्षक प्रस्तुतिले कार्यक्रममा ऊर्जा प्रदान गरेको थियो । किड्स फेन्सी ड्रेस प्रतियोगितातर्फ भने आर्या खनाल, हीना अधिकारी तथा क्याटी पिन्टर बर्न क्रमशः सेकेन्ड रनर-अप, फस्ट रनर-अप तथा उत्कृष्ट छनौट भएका थिए ।

**–रोजिन शाक्य**

# हेयर स्टाइलको प्रतिस्पर्धा ?

**साप्ताहिक समाचार**

काठमाडौं– हेयर स्टाइलको पनि प्रतिस्पर्धा ? झट्ट सुन्दा आश्चर्य लागे पनि यस्तो प्रतियोगिता हाम्रै देशमा सम्पन्न भएको छ । विश्वका विकसित मुलुकहरूमा यस्ता प्रतिस्पर्धाहरू आयोजना भैरहे पनि नेपालमा भने युनिलिभर नेपाल लिमिटेडले यस प्रकारको नौलो प्रतियोगिता सञ्चालन गरेर केशलाई आकर्षक स्वरूप प्रदान गर्न रुचाउने युवायुवतीहरूलाई हौस्याएको छ ।


त्यसै पनि अचेल गाउँ-सहर जताततै आकर्षक हेयर स्टाइल बनाउने टिनएजरहरूको संख्या बढ्दो छ । युवतीहरू मात्र होइन, युवकहरूसमेत आफ्नो गेटअपलाई आकर्षक बनाउन लोभलाग्दो हेयर स्टाइल बनाउँछन् । साँझपख राजधानीको न्यूरोड चहार्ने हो भने विभिन्न प्रकारका हेयर स्टाइलिस्ट युवा-युवतीहरूको ताँती नै देख्न सकिन्छ ।

गत असार १७ गते नै घोषणा गरिएको ‘सनसिल्क हेयर स्टाइल कन्टेस्ट’ मा देशभरिबाट २ सय ५५ जना सहभागी थिए, जसमध्ये केश विशेषज्ञहरूको निर्णायक समितिले उत्कृष्ट तीन जनालाई पुरस्कारको हकदार बनाएको छ । प्रतियोगितामा सूदन गुरुङको हेयर स्टाइललाई सबैभन्दा उत्कृष्ट घोषणा गरियो । उनले आफ्नो खैरो केशलाई सीधै माथि फर्काएका थिए । पुष्पा गुरुङले भने आफ्नो कालो केशलाई असामान्य ढंगले सजाएकी थिइन् । निर्णायकलाई उनकै हेयर स्टाइल मन पर्‍यो, जसबाट उनले दोस्रो उत्कृष्ट हेयर स्टाइलिस्टको उपाधि जितिन् । सिल्की केश भएकी समुग्धाको आकर्षक हेयर स्टाइलले तेस्रो स्थान हासिल गर्‍यो । प्रतिस्पर्धामा सहभागिता जनाउनका लागि ४ बाई ६ आकारको आकर्षक हेयर स्टाइल झल्किने तस्बिरको आह्वान गरिएको थियो । प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने सूदनले २५ हजार रुपैयाँ जितेका छन् भने पुष्पाले १५ तथा सुमग्धाले १० हजार रुपैयाँ जितेका छन् । प्रतिस्पर्धीमध्ये ५० जना युवा-युवतीलाई सान्तना पुरस्कारस्वरूप गिफ्ट ह्याम्पर प्रदान गरिएको छ ।









## केवल एक प्रश्न

एकैछिन है....तीनवटा कुरा भन्न पाइन्छ हैन ? (केही बेर सोचेपछि) करण जौहरको दर्शकको चाहना बुझ्न सक्ने क्षमता, एप्पल कम्प्युटरका स्टिभ जब्सको असम्भवलाई सम्भव बनाएर ख्याति कमाउने कला अनि गुगलको मार्केटिङ सेन्स ।

**–अभिनव कसजु (वेब डिजाइनर)**

अँ....चोर्ने मौका पाएँ भने....लौन मनमा आयो मुखमा आएन । (केही बेरपछि) काजोलको अभिनय शैली चोर्थे होला ।

**–यमुना उप्रेती (मोडल)**

मैले चोर्ने मौका पाएँ भने त बिल गेट्सको मस्तिष्क चोर्थें होला । (किन उसको सम्पत्ति नचोर्ने ?) सम्पत्ति त उसको जस्तो मस्तिष्क भएपछि कमाइहालिन्छ नि ।

**–सुनिल थापा (चलचित्र अभिनेता)**

**तपाईलाई कसैको केही खुबी चोर्ने मौका दिइयो भने कसको के चोर्नुहुन्छ ?**

(प्रश्न सोध्न नपाउँदै) पुजा गुरुङको बोल्ने शैली ।

**–डिजे बिम्यान**

के दिनु यसको जवाफ ? चोर्न पाए नेताहरूको सजिलै झूटो बोल्न सक्ने र घुमाएर कुरा गर्ने खुबी चोर्थें । मसँग त्यही कुराको कमी छ ।

**–कृति भट्टराई (भिजे)**




तस्बिर : कमल श्रेष्ठ

## गफै त हो

## ओसोभक्त सारु

प्रसारण भैरहेको टेलिश्रृंखला ‘अपराजिता’ की नायिका सारु खड्का टेलिभिजनमा जति राम्री देखिन्छिन्, बाहिर त्योभन्दा राम्री छिन् । त्यसैले उनलाई फ्यानहरूले ब्लफ तथा मिस कल मात्र होइन, मोबाइलबाट एसएमएस पठाएर हैरान बनाएका छन् । एसएमएसमा राम्रा म्यासेज पठाए त हुन्थ्यो नि ! म्यासेज पठाउनेहरूले सुरु-सुरुमा उनको अभिनय र त्यसपछि सौन्दर्यको प्रशंसा गर्छन्, पछि त्यही व्यक्तिले उनलाई ‘आई लाइक यू’ लेखेको म्यासेज पठाउँछ । सारुले थ्याङ्क्स भनेपछि उसले ‘आई लभ यू’ नै भन्दिन्छ ।

त्यसैले अचेल उनले म्यासेजको रिप्लाई नै गर्न छाडेकी छिन् । सुन्दरी सारुका कुरा राम्रै हुनाले पनि उनलाई यस्ता म्यासेज आएको हुनुपर्छ । यौनका सम्बन्धमा उनी निकै उदार छिन् । साताको एक पटक ओशो तपोवन पुग्ने सारु रजनिशको अनुयायी भएकैले पनि यौनमा उदार भएकी होलिन् । यौनबाट समाधि मिल्छ भन्ने ओशोको कुरामा उनको सहमति छ । अझ उनले ओशोभन्दा एक कदम अघि बढ्दै यौनका बारेमा भनेकी छिन्– ‘यौन कुण्ठा पालेर मानसिक रोगी बन्नुभन्दा व्यवस्थित यौन सम्बन्धको स्वादमा रमाउनु उपयुक्त हुन्छ ।’ आफ्नो यो भनाइलाई पुष्टि गर्दै उनले ‘जिन्दगीलाई रोगी बनाउनुभन्दा रोमाञ्चक बनाउनु उत्तम हुन्छ’ पनि भनेकी छिन् । निरोगी देखिने सारुको रोमाञ्चकताको रहस्य त बल्ल पो पत्ता लाग्यो ।



तस्बिर : राजीव श्रेष्ठ

# लभगुरु रेखा



**म मेरो बाल्यावस्थाको साथीसँगको प्रेममा पागल छु । ऊ साँच्चै नै मेरो लायक छ तर यहाँ एउटा समस्या सिर्जना भयो । ऊ मभन्दा दुई वर्ष जेठी मेरी दिदीलाई मन पराउँदो रहेछ । हामी सबै सँगै हुर्किएका हौं । मेरी दिदी कम बोल्ने स्वभावकी छिन् । उनी आफ्ना कुरा मसँग बाहेक कसैसँग गर्दिनन् । मेरो बाल्यावस्थाको साथीले दिदीलाई मनपराएको कुरा हालैमात्र मलाई भनेको छ तर ऊ दिदीलाई त्यो कुरा भन्न सक्दैन । जब कि दिदी अरू नै कुनै केटासँग प्रेम गर्छिन् । यो अवस्थामा यदि मैले मेरो बाल्यावस्थाको साथीलाई दिदीका बारेमा बताएँ भने उसको मन दुख्न सक्छ । म त्यो हेर्न सक्दिनँ । अर्कातर्फ दिदीले पहिल्यै नै कसैलाई मन पराइरहेकीले उसलाई पनि म बाल्यावस्थाको साथीले मन पराइरहेको कुरा भन्न सक्दिनँ । उसले दिदीलाई मन पराएको थाहा हुँदाहुँदै म कसरी मेरो चाहना अभिव्यक्त गरूँ ? लौन दिदी मलाई यो धर्मसंकटबाट उम्कने उपाय सिकाउनुहोस् ।**

**सुश्री एस.**

मैले तपाईंलाई परेको समस्या बुझें । सम्भवतः अहिले तपाईं निर्णय गर्न नसक्ने अवस्थामा हुनुहुन्न । संसारमा कुनै पनि समस्याको कतै न कतै समाधान हुन्छ । भनिन्छ, प्रेम गर्नेहरूले सकेसम्म केही पनि नलुकाउनु । प्रेम पारदर्शी हुनुपर्छ । त्यसैले पनि तपाईंले बाल्यावस्थाको साथीसँग सबै यथार्थ खोल्नु नै राम्रो हुन्छ । कथंकदाचित उसले कुनै अर्को माध्यमबाट यो कुरा थाहा पायो भने असमभ्रुदारी सिर्जना हुनसक्छ । तपाईंकी दिदी पहिल्यै कसैसँग प्रेम गर्छिन् । त्यसैले उनलाई बाल्यावस्थाको साथीले मनपराएको कुरा सुनाउनुको कुनै औचित्य छैन । तपाईंले यो यथार्थ साथीलाई सुनाउनु ठीक हुन्छ । केही समय उसको चित्त दुखे पनि पछि उसले यसलाई सामान्य ढंगबाट लिन सक्छ किनकि तपाईंकी दिदी र ऊबीच प्रेम-सम्बन्ध आरम्भ भएकै छैन । यो अवस्थामा तपाईं उसलाई साथ दिनुहोस् । कतै उसले तपाईंलाई नै प्रेम गर्न थाल्छ कि ?

पाठकहरूको प्रेम जिज्ञासा समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं । आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस् । ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ । यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन । आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला ।

## फिल्मी खबर

-नायिका रेखा थापाले निर्माण गरेको चलचित्र 'हिम्मत' प्रदर्शनको सँघारमा पुगेको छ । इन्डियन आइडल अभिजित सावन्त तथा नेपाली तारा दीपक लिम्बूले पार्श्वगायन गरेको यो चलचित्रमा नायिका थापाको दोहोरो भूमिका छ भने विराज भट्ट, रमित ढुंगाना तथा श्रीकृष्ण लुइँटेल चलचित्रका प्रमुख कलाकार हुन् ।

-चलचित्र 'हामी तीन भाइ' ले सफलता पाएको दुई वर्षपछि सञ्चारकर्मी तथा निर्माता जयप्रकाश रिजालको दोस्रो चलचित्र 'भरोसा'को निर्माणकार्य अन्तिम चरणमा पुगेको छ । कैयन् चलचित्रमा मुख्य सहायक निर्देशक भै काम गरेका राजेन्द्र उप्रेतीद्वारा निर्देशित यो चलचित्रमा श्रीकृष्ण श्रेष्ठ, दिलीप रायमाझी, उषा पौडेल, अरुणिमा लम्साल, नन्दिता केसी, रूपा राना आदि कलाकारले अभिनय गरेका छन् ।

– नेपाली चलचित्रहरू कमै प्रदर्शन हुने नेपालगन्जमा केही चलचित्रले भने राम्रो व्यवसाय गरेका छन् । पछिल्लो समयमा निखिल उप्रेतीको 'सावधान' ले तीन साता प्रदर्शन भएर सोचेभन्दा राम्रो व्यवसाय गरेको थियो भने त्यसपछि चलचित्र 'अभिमन्यू' ले पनि त्यही सफलतालाई दोहोऱ्याइरहेको छ । यो चलचित्र सावधानलाई उछिन्दै पाँचौं साता पूरा गऱ्यो । अभिमन्यूमा निखिल उप्रेती, अरुणिमा लम्साल तथा जेनी कुँवरले अभिनय गरेका छन् ।


-नेपाल नृत्यकलाकार संघ पुनः क्रियाशील भएको छ । संघको सदस्यता नलिई कुनै पनि चलचित्र वा म्युजिक भिडियोमा नृत्य गर्न नपाइने संघको नियमविपरीत कतिपय नृत्यकलाकारले चलचित्र तथा म्युजिक भिडियोहरूमा नृत्य गरेकाले नृत्यनिर्देशक दिनेश अधिकारीको संयोजकत्वमा केही चलचित्रको छायाङ्कनस्थलमा गएर नृत्यकलाकारलाई संघको सदस्यता वितरण गरिएको थियो ।

-निर्माता सुनिलकुमार थापाले निर्माण गरेको चौथो चलचित्र 'तकदीर' प्रदर्शनका लागि तयार भएको छ । दिलिप रायमाझी, विराज भट्ट र झरना थापाको त्रिकोणात्मक प्रेमकथा रहेको यो चलचित्रका निर्देशक दिपक श्रेष्ठ हुन् ।



-निर्माता तथा निर्देशक नरेश पौड्याल अर्को चलचित्रको निर्माणमा जुटेका छन् । चलचित्र 'धड्कन'को सफलतापछि नरेशले निर्देशन गर्ने अर्को चलचित्रको शीर्षक 'दीपशिखा' राखिएको छ । यो चलचित्रमा चेतन सापकोटाले संगीत दिने भएका छन् । निर्देशक पौडेल नयाँ चलचित्र 'दीपशिखा' का लागि एक जना नयाँ नायिकाको खोजीमा छन् । यसअघि उनले आफ्नो यो नयाँ चलचित्रका लागि विराज भट्ट, अरुणिमा लम्साल, मुकुन्द श्रेष्ठ आदि कलाकारको छनौट गरिसकेका छन् । 'नयाँ नायिका फेला पर्नासाथ चलचित्रको छायांकन प्रारम्भ हुन्छ, निर्देशक पौडेल भन्छन्– 'यो चलचित्र प्रेमकथामा आधारित हुनेछ ।'

– हरेक साता कालजयी चलचित्र प्रदर्शन गर्ने उद्देश्यले काठमाडौंमा शुभारम्भ सिनेमा क्लब स्थापित भएको छ । उत्कृष्ट स्वदेशी तथा विदेशी चलचित्र एवं वृत्तचित्र प्रदर्शन गर्ने उद्देश्यले चलचित्रकर्मी प्रकास सामयीको संयोजकत्वमा यो क्लब गठन भएको हो । क्लबले आफ्नो यात्राको शुभारम्भ सत्यजित रेद्वारा निर्देशित चलचित्र 'सतगति' बाट गरेको थियो । भदौ महिनाभर क्लबले भारतीय निर्देशक गुरुदत्तका चारवटा चलचित्र प्रदर्शन गर्नेछ । त्यसपछिको महिना अभिनेत्रीविशेषका रूपमा स्मीता पाटिल तथा सवाना आजमीद्वारा अभिनीत चलचित्र प्रदर्शन हुनेछन् । क्लबका अनुसार सुरुका केही महिना क्लबले निःशुल्क रुपमा चलचित्र प्रदर्शन गर्नेछ ।




सहर च



## मुस्कुराउन सहयोग पुऱ्याउने युवती

सात वर्षअघि मोडलिङको संसारमा प्रवेश गरेकी अमृता श्रेष्ठले यो अवधिमा एक दर्जनभन्दा बढी विज्ञापनमा मोडलिङ गरिसकेकी छिन्। उनका विज्ञापन देखेर साथीहरू बेला-बेलामा जिस्काइरहन्छन्, 'यो त विज्ञापनकै लागि जन्मिएकी हो।' काठमाडौंमा जन्मिएकी अमृता प्रत्येक भदौ महिनामा आफ्नो जन्म दिन मनाउँछिन्। बीबीएसकी छात्रा अमृताको शारीरिक बनावट ३२×२६×३४ छ। अमृता ५ फिट ४ इन्च अग्ली छिन्। मोडलिङका अतिरिक्त शिक्षण पेसामा सक्रिय अमृता स्वीमिङ, नृत्य तथा यात्राकी सौखिन हुन्। आफ्नो मुस्कानलाई सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिने अमृताका आकर्षक तस्बिरहरू साइबरसंसार डट कममा हेर्न सकिन्छ। आफ्नो शरीरको बनावटलाई चुस्त राख्न नियमित व्यायाम गर्नुका अतिरिक्त सन्तुलित आहार खाने अमृता भारतीय मोडल मिलिन्द सोमन तथा लिजा रेबाट प्रभावित छिन्। केही म्युजिक भिडियोमा समेत अभिनय गरेकी अमृता आफूलाई सधैं मुस्कुराइरहने तथा अरूलाई पनि मुस्कुराउन सहयोग पुऱ्याउने युवतीका रूपमा चित्रण गर्छिन्।

## डन बनिन् गीतकार



एक समय सितेरियो कराँते खेलमा सशक्त खेलाडीका रूपमा परिचित दीपा लिम्बु राईले गीतलेखनमा पनि आफ्नो प्रतिभा र क्षमता उत्तिकै सशक्त भएको कुरा उजागर गरेकी छिन्। झापा दमकमा जन्मिएकी दीपाले २०५० सालमा सम्पन्न जिल्लास्तरीय कराँते प्रतियोगिता, २०५१ सालमा सम्पन्न प्रथम आमन्त्रण अन्तरडोजो टुर्नामेन्टमा तथा २०५२ सालमा सम्पन्न दोस्रो शिव मेमोरियल आमन्त्रण अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसिप प्रतियोगितामा स्वर्णपदक हासिल गरेकी थिइन्।


त्यसताकादेखि नै कवितालेखन तथा खेलकुदलाई एकसाथ अँगालेकी दीपा कविता प्रतियोगितामा समेत पुरस्कृत भएकी थिइन्। हालै मात्र संगीतकार पारस मुकारुङको संगीतमा दीपाका गीतहरूको सँगालो कोसिस बजारमा आएको छ। कोसिसभित्रका गीतले दीपाको गीत लेखन क्षमतालाई उजागर गरेको छ।

मार्सल आर्टबाट ब्ल्याक बेल्ट (1st DAN) हासिल गरिसकेकी दीपा भन्छिन्– 'खेलकुदप्रतिको मेरो रहर पूरा भैसकेको छ, अब म गीतलेखनलाई नै अघि बढाउन चाहन्छु।' आफ्ना ब्रिटिस आर्मी पतिसँग चाँडै नै युके जाने तयारीमा रहेकी दीपा त्यहाँ पुगेपछि पनि गीतलेखनलाई निरन्तरता दिने कुरा बताउँछिन्।

**–प्रतिमा विवश राई**

## राजकुमारकी पूर्वप्रेमिका

बेलायतका राजकुमार ह्यारीकी प्रेमिका हुँदा लाउरेन पोपले आफूलाई सम्भावित राजकुमारीका रूपमा कल्पना गरेकी होलिन्। राजकुमार ह्यारी सैनिक अभ्यासमा जाँदा लाउरेनले आफूलाई आकर्षक



बनाइन्। उनको उद्देश्य ह्यारीलाई आफ्नो सौन्दर्यबाट चकित पार्नु थियो। आफ्नो सौन्दर्यबाट ह्यारीलाई कुनै किसिमले आकर्षित गर्न नसकेपछि उनले आफूलाई अन्तर्राष्ट्रिय म्यागजिन प्लेब्वाइमा प्रस्तुत गरिन्। उनलाई आफ्नो मुहारभन्दा स्तन बढी आकर्षक छ भन्ने कुरामा विश्वास छ। ३४ इन्चको छाती भएकी लाउरेनले प्लेब्वाइ म्यागजिनमा बेलायतका तर्फबाट कुनै चर्चित युवतीको तस्बिर प्रकाशित गरेको विगत पाँच वर्षमा यो पहिलो अवसर हो। २२ वर्षीया लाउरेनभन्दा अघि जोर्डनले प्लेब्वाई म्यागजिनका लागि निर्वस्त्र फोटो खिचाएकी थिइन्।

# चलचित्र

## नानु



गएको शुक्रबार गुरुङ भाषाको चलचित्र 'नानु' को च्यारिटी सो प्रदर्शन हुँदा बुटवलको कालिका चलचित्र मन्दिरमा दर्शकहरूको आश्चर्यजनक घुइँचो लाग्यो भने हल पनि धेरै वर्षपछि खचाखच भरियो। देशमा चलेको द्वन्द्व र घरघरमै सिडीबाट फिल्म हेर्ने परिपाटीले केही वर्षयता हलहरूले उल्लेख्य दर्शक पाउन नसकेको अवस्थामा त्यस दिन ३ सय रुपैयाँको टिकट किन्ने सयौं व्यक्ति देखेर धेरै जना दंग परे। फिल्म हलका कर्मचारीहरूका अनुसार विगत चार-पाँच वर्षयता एउटा सोमा झन्डै ८ सय दर्शक उपस्थित भएको यो पहिलो अवसर हो। गुरुङ जातिको संस्कृति एवं परम्परामा चलचित्र निर्माण गर्दै आएका युवा निर्देशक प्रितम गुरुङको निर्देशन रहेको चलचित्र नानुमा नारी संवेदनाका साथै अन्य फिल्ममा जस्तै व्यावसायिक मसलाहरू पनि रहेकाले दर्शकहरू सोचेभन्दा धेरै आएको निर्देशक गुरुङले दाबी गरे। बुटवल र भैरहवाअघि लमजुङ र तनहुँमा च्यारिटी सो गरिएको नानु भोलि १० गते राजधानी काठमाडौंमा प्रदर्शन हुँदैछ। झन्डै ६ लाखको लगानीमा रोधीं परिवारले प्रस्तुत गरेको चलचित्र नानुमा दुर्गा गुरुङको संगीत तथा राजु गुरुङको नृत्य-निर्देशन छ। कृष्ण गुरुङ, केशव गुरुङ, प्रितम गुरुङ तथा सुनीता गुरुङले प्रमुख भूमिकामा अभिनय गरेको २ घण्टा १५ मिनेटको नानुमा पाँचवटा गीत छन्। नानु चलचित्रप्रति दर्शकले देखाएको माया एवं रुचिले गर्दा गुरुङ भाषामा अब बन्ने चलचित्रलाई डकुमेन्ट्री र च्यारिटी सोको स्तरबाट माथि उठाई व्यावसायिक धारमा लाने हौसला मिलेको निर्देशक प्रितम तमुले साप्ताहिकलाई बताए।

– टोपराज शर्मा

## दादागिरी



देशमा शान्ति छाउन थालेपछि सातैपिच्छे नेपाली चलचित्र सार्वजनिक हुन थालेका छन्। निर्माता रोज राणाको चलचित्र 'दादागिरी' यसै साता सार्वजनिक भएको छ। पोखरा, नारायणघाट, बिर्तामोड, धरान तथा दाङबाट प्रदर्शन आरम्भ भएको यो चलचित्रमा बिपना थापाका श्रीमान् राजेश हमाल सामान्य दाम्पत्य जीवन निर्वाह गर्दै हुन्छन्। अर्कातर्फ सज्जा मैनालीका प्रेमी विराज भट्ट गुन्डागर्दीलाई आफ्नो पेसा बनाइरहेका हुन्छन्। चलचित्रको सबैभन्दा खराब चरित्र धीरेन शाक्य गुण्डाहरूका नाइके हुन्छन्। राजेशको प्रयासबाट विराज सुध्रिन्छन्, तर राजेश भने स्वयं अपराधजगत्मा प्रवेश गर्न बाध्य हुन्छन्। उनको बाध्यता के थियो ? भन्ने कुरालाई चलचित्रमा नाटकीय ढंगबाट प्रस्तुत गरिएको छ। मौनता श्रेष्ठको लेखन तथा चेतन सापकोटाको संगीत रहेको यो चलचित्रको निर्देशन मदन घिमिरेले गरेका हुन्। चलचित्रमा नायिका रेखा थापाले अतिथिका रूपमा एउटा कामुक नृत्य गरेकी छिन्।

## आपकी खातिर



प्रियंका चोपडा लन्डनमा बसोबास गरिरहेकी अप्रवासी भारतीय युवती हुन्। डिनो मोरियोसँग उनको प्रेमसम्बन्ध टुटेको धेरै भएको हुँदैन। उनी आफ्नी सौतेनी बहिनी अमिषा पटेलको न्यूयोर्कका व्यवसायी सुनिल सेट्टीसँग हुने विवाह समारोहमा भाग लिन मुम्बई पुग्छिन्। सुनील डिनोका साथी हुन्छन्। विवाह समारोहमा आफ्नो पूर्वप्रेमी डिनोमा ईर्ष्या जगाउन प्रियंकाले आफ्नो कलेज जीवनका साथी अक्षय खन्नासँग हिमचिम बढाउँछिन्। वास्तवमा डिनोले प्रियंकाभन्दा पहिले उनकी बहिनी अमिषासँग पनि प्रेम सम्बन्ध तोडेका हुन्छन्। त्यसैले प्रियंकाको ईर्ष्या जगाउने उक्त योजनामा अमिषा पनि सामेल हुन्छिन्। सुनील र अक्षयलाई पनि उनीहरूको योजनाका बारेमा थाहा हुँदैन। अक्षय प्रियंकासँग साँचो प्रेम गर्न थाल्छ। यो साता सार्वजनिक हुने चलचित्र 'आपकी खातिर' को निर्देशक धर्मेश दर्शन हुन्। चलचित्रमा हिमेश रेसमियाको संगीत सुन्न पाइन्छ।

## मेटेरियल गर्ल्स्



दुई दिदी-बहिनी आभा र टेन्जी एक मल्टिनेसनल सौन्दर्य प्रसाधन उत्पादक कम्पनीका सञ्चालक हुन्छन्। उनीहरूको कम्पनीबाट उत्पादित सौन्दर्य प्रसाधनको व्यवसाय राम्रै चलिरहेको हुन्छ, तर अचानक उनीहरूलाई ठूलो घाटा लाग्छ। कम्पनीको बोर्ड मिटिङले घाटा सहनुभन्दा पनि कम्पनीलाई उनीहरूको प्रतिद्वन्द्वी कम्पनीमा गाभ्ने निर्णय गर्छ। त्यो निर्णयलाई आभा र टेन्जीले मान्दैनन् र केही समयमै कम्पनीलाई नाफा दिलाएर पहिलेकै अवस्थामा पुऱ्याउन खोज्छन्। त्यसपछि सुरु हुन्छ हास्यप्रधान पारिवारिक चलचित्र 'मेट्रियल गर्ल्स'मा हास्यपूर्ण दृश्यको लहर। एक घण्टा चालीस मिनेटको यो चलचित्र यसै साता सार्वजनिक हुँदैछ। अमेरिकामा खिचिएको यो चलचित्रमा साँच्चैका जुम्ल्याहा दिदी-बहिनी हिलारी डफ् तथा हायली डफ्ले केन्द्रीय भूमिका निर्वाह गरेका छन्। चलचित्रको निर्देशन मार्था कुलिजले गरेकी हुन्।

# क्यासेट

## बाटोमा



गायक तथा संगीतकार गंगा मसालको स्वर एवं संगीतमा सजिएका आधुनिक गीतहरूको नयाँ संग्रह 'बाटोमा' श्रोतामाझ आएको छ। गायक मसालद्वारा नै बजार व्यवस्थान गरिएको यो संग्रहमा समावेश गरिएका आठवटा गीत सैलेशकुमार नेपाल, दुर्गाप्रसाद दाहाल तथा गायक मसालले रचना गरेका हुन्।

## आवाज

संगीतकार नागेन्द्र श्रेष्ठ तथा गीतकार रामकृष्ण बान्तवाले संयुक्त रूपमा तयार पारेको गीतिसंग्रह 'आवाज' मा आधुनिक शैलीका गीतहरू सुन्न सकिन्छ। रिबेल क्रिएसनले उत्पादन गरेको यो संग्रहका सबै गीत नागेन्द्र श्रेष्ठले संगीतबद्ध गरेका छन् भने रामकृष्ण बान्तवाले ती गीतहरूको रचना गरेका हुन्। नागेन्द्र श्रेष्ठ, आभा मुकारुङ तथा बिकल प्रधानले संग्रहका गीतमा स्वर प्रदान गरेका छन्।

## यसपालि....



बनेपाको सांगीतिक समूह 'ग्लुमी गाइज' ले आफ्नो नयाँ गीतिसंग्रह '...यसपालि' बजारमा ल्याएको छ। नौवटा गीतले सजिएको संग्रहमा समूहका सहकर्मीहरू सुरवे वैद्य, निर्मल फैजु, मित्र भोछिभोया तथा हरि कर्माचार्यको शब्द, संगीत तथा स्वर सुन्न सकिन्छ। म्युजिक डट कमले उत्पादन गरेको यो एल्बममा लोकशैलीका पपगीतहरू सङ्ग्रहित छन्।

# रंगमञ्च

-शनिबार हेटौंडाको मुख्य बजारमा सडक नाटक 'अधुरो मिलन' मञ्चन भयो। किशोरावस्थामा होस नपुऱ्याउँदा ज्यानलाई पनि खतरा हुनसक्छ भन्ने सन्देश बोकेको उक्त नाटक अन्तर्राष्ट्रिय युवा दिवशका अवसरमा नेपाल परिवार नियोजन संघ मकवानपुरले आयोजना गरेको थियो। विमल घिमिरेद्वारा लिखित नाटकमा लोकप्रसाद ढकाल, विमल घिमिरे, वासु न्यौपाने, दीपेन्द्र श्रेष्ठ, रुकु लामिछाने, शान्ता लामा, किरण सुब्बा आदि कलाकारले अभिनय गरेका थिए।

# पुस्तक

## तामाङ संस्कार र संस्कृति

लेखक रुद्रसिंह तामाङले ताम्बा, बोन तथा बौद्ध संस्कृतिमा आधारित तामाङ समाजको समग्र परिचय दिने कृति 'तामाङ संस्कार र संस्कृति' सार्वजनिक गरेका छन्। तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र नेपालले प्रकाशनमा ल्याएको यो कृति पाँच खण्डमा विभाजित छ। तामाङ समाजका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने वा रुचि राख्ने पाठकहरूका लागि यो बहुमूल्य कृति साबित हुनसक्छ। २ सय ५० पृष्ठको यो कृतिको मूल्य १ सय ५० रुपैयाँ राखिएको छ।

## वेदान्त दर्शनसार


हिन्दू समाजलाई गहन रूपमा प्रभावित गरेको वेदान्त दर्शनका बारेमा लेखक अर्जुनदेव पन्तले 'वेदान्त दर्शनसार' नामक कृति प्रकाशमा ल्याएका छन्। रत्न पुस्तक भण्डारले प्रकाशित गरेको यो पुस्तक ७८ शीर्षकमा विभाजित छ। १ सय २५ रुपैयाँको यो पुस्तक वेद-वेदान्त दर्शनका बारेमा जानकारी लिन चाहने पाठकहरूका लागि उपयोगी देखिन्छ।

# ग्यालरी

-बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा कलाकार प्रकाश चाँदवाडकरका सिर्जनाहरू आइतबारदेखि प्रदर्शनीमा छन्। भारतको महाराष्ट्रमा छदाँ उनी हरेक पटक बिदामा ऐतिहासिक अजन्ता गुफा पुग्थे। त्यसैको प्रभावस्वरूप ग्यालरीमा प्रदर्शित उनका अधिकांश चित्र अजन्ता गुफासँगै सम्बन्धित छन्। एक्रेलिक तथा मिश्रित माध्यममा तयार पारिएका कलाकार प्रकाशका ती दुई दर्जन सिर्जना दुई सातासम्म प्रदर्शनीमा रहनेछन्।

-नेपालका दस जना कलाकारका बीसवटा चित्रकला प्रदर्शनी कोरियाको राजधानी सियोलमा हुने भएको छ। सियोलस्थित अल्फा ग्यालरीमा आगामी अक्टोबर २० तारिखदेखि नोभेम्बर २ तारिखसम्म चल्ने उक्त प्रदर्शनी विगत छ महिनादेखि नेपालमा रहँदै आएका कोरियन कवि किम योङ ह्योको पहलमा हुन लागेको हो। प्रदर्शनीमा नेपाली कलाकार विजय थापा, शशि शाह, सुरेन्द्र भट्टराई, राधेश्याम मुल्मी, उमाशंकर शाह, सीमा शाह, एरिना ताम्राकार, केबी रञ्जित, नरबहादुर विक तथा प्रदीप बज्राचार्यका चित्रकला हुनेछन्।

# सानो पर्दा



– नारीप्रधान कथामा आधारित नयाँ टेलिश्रृंखला 'नारी' कान्तिपुर टेलिभिजनबाट प्रसारण हुन थालेको छ। मेघा फिल्म्सले निर्माण गरेको यो श्रृंखला आइतबार राति ७:३० बजे प्रसारण हुन्छ। गौरीशंकर धुजूद्वारा निर्देशित यो श्रृंखलामा सुमिना श्रेष्ठ, मिथिला शर्मा आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्।

– इमेज च्यानलले नेपाली गीतका म्युजिक भिडियो मात्रै प्रसारण हुने कार्यक्रम 'भिडियो सेलेक्ट' को प्रसारण प्रारम्भ गरेको छ। कार्यक्रममा दर्शकले आफ्नो रोजाइका गीतहरू हेर्न सक्ने व्यवस्था मिलाइएको छ। कार्यक्रम प्रस्तोता नरहने यो कार्यक्रममा दर्शकले अनुरोध गरेका म्युजिक भिडियोहरू मात्र प्रसारण हुन्छ। आधा घण्टा लामो यो कार्यक्रम प्रत्येक दिन दिउँसो दुई बजेदेखि प्रसारण हुन्छ।

– टेलिचलचित्रको लेखन, छायांकन, निर्देशन तथा प्रसारण हुने बेलासम्मका घटनाक्रमलाई समेटेर युवा निर्देशक पवन खतिवडाले एउटा नयाँ कार्यक्रम निर्माण गर्ने भएका छन्। 'सानो पर्दा' शीर्षक राखिएको यो कार्यक्रममार्फत टेलिचलचित्रका विविध पक्षका बारेमा रोचक जानकारी गराइनेछ। हस्पिटल, किनारा, मोड आदि टेलिश्रृंखलामा काम गरिसकेका खतिवडा नृत्य निर्देशकका रूपमा पनि काम गरिरहेका छन्।

– श्रीदेवी खड्का सानो पर्दामा संघर्षरत छिन्। 'पुष्पाञ्जली' तथा 'जिन्दगानी' गरी दुई टेलिश्रृंखला तथा केही म्युजिक भिडियोहरूमा अभिनय गरिसकेकी खड्का यतिबेला अभिनय तथा निर्देशनसम्बन्धी प्रशिक्षण लिइरहेकी छिन्। श्रीदेवीले भविष्यमा चलचित्र निर्देशक बन्ने लक्ष्य लिएकी छिन्।

-नेपाल टेलिभिजन टु मेट्रोबाट हरेक शुक्रबार राति पौने नौ बजे प्रसारण हुने कार्यक्रम 'झंकार'ले प्रसारणको सय भाग पूरा गरेको छ। यसै अवसरमा कार्यक्रमका निर्माता तथा निर्देशक जीवन श्रेष्ठले राजधानीमा एक समारोह आयोजित गरेका थिए। इटिसीको प्रस्तुति तथा शान्तिप्रियको परिकल्पनामा प्रसारण हुँदै आएको उक्त टेलिभिजन कार्यक्रमले गीत प्रसारणका आधारमा सम्बन्धित स्रष्टाहरूलाई रोयल्टी प्रदान गरिने जानकारी निर्देशक श्रेष्ठले दिएका थिए। कार्यक्रमको सञ्चालन रजनी पौडेलले गर्छिन्।

-इमेज च्यानलबाट हरेक दिन साँझ पाँच बजे प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'म्युजिक अफ योर च्वाइस'बाट सञ्चालिकाद्वय संज्ञा सिंह तथा सांझेले बिदा लिएका छन्। पढ्नका लागि अमेरिका जाने भएकाले उनीहरूले उक्त च्यानलको जागिर पनि छाडेका छन्। कार्यक्रमका प्रमुख निर्माता आसिफ साहका अनुसार कार्यक्रम 'म्युजिक अफ योर च्वाइस' मा अब उनीहरूको स्थानमा पल्लवी तथा महिमा देखिन थालेका छन्। चार जनाले पालैपालो सञ्चालन गर्ने उक्त कार्यक्रममा विवेक तथा आसिफ पनि संलग्न छन्।

# पालो धारावाहिक नाटकको

साप्ताहिक समाचार

काठमाडौं– मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको हास्यप्रस्तुतिसहितको टेलिश्रृंखला उत्पादन गर्ने रेडियोकर्मीहरूको संस्था एन्टेना फाउन्डेसन नेपालले रेडियो श्रोताहरूका लागि नयाँ नाटक उत्पादन गरेको छ।

रेडियो नेपाललगायत देशभरिका दुई दर्जन एफ.एम. स्टेसनबाट प्रसारण हुने यो नाटकले खासगरी मध्य तथा सुदूर पश्चिमाञ्चलका युवावर्गलाई लक्षित गरेको छ। फाउन्डेसनका संयोजक मधु आचार्यका अनुसार नाटकले शान्ति प्रवर्द्धनका लागि युवाहरूको प्रत्यक्ष संलग्नतालाई स्थानीय तथा राष्ट्रिय स्तरमा अभिप्रेरित गर्ने मुख्य उद्देश्य लिएको छ। नाटकका निर्माता तोया घिमिरेका अनुसार सबै तह एवं तप्कामा हुने शान्ति निर्माणका गतिविधिमा युवाहरू संलग्न हुन सक्छन् तथा शान्ति निर्माणमा उनीहरूको भूमिका महत्त्वपूर्ण हुने भएकाले नाटकले तीनै युवाहरूमार्फत समाजमा नयाँ सन्देश दिनेछ। प्रत्येक मंगलबार, बिहीबार तथा शनिबार राति साढे आठ बजे रेडियो नेपालमा तथा त्यही समयमा अन्य एफ.एम.स्टेसनहरूबाट प्रसारण हुने यो नाटकको प्रत्येक श्रृंखला १५ मिनेट लामो हुनेछ।

नाटकको लेखन अशेष आचार्य, अभिनाषी पौड्याल, सुष्मा पाण्डे, भानु बोखिम तथा अभिमन्यू निरबी गरी पाँच जना युवा लेखकले गरेका छन्। नाटकका लागि एउटा शीर्षक गीतसमेत तयार पारिएको छ, जसलाई राजु सिंहले संगीतबद्ध गरेका छन्। लामो समयसम्म प्रसारण हुने उक्त रेडियो नाटकमा रूपकमल क्षेत्री, उज्ज्वल मैनाली, प्रवेश केसी, सुशीला रिमाल, पवित्रा घर्तीमगर, खुमा घर्तीमगर, दुश्यन्त भट्टराई आदि कलाकारले स्वर दिनेछन्।

# मेडिकलका विद्यार्थीहरुको क्याटवाक



टोपराज शर्मा

बुटवल– शरीरमा सेतो कोट र घाँटीमा स्टेथेस्कोप भिरेर बिरामीको जाँच र उपचारमा व्यस्त रहने चिकित्सकहरू गत आइतबार भैरहवामा बेग्लै पहिरनमा देखा परे। करुणा महोत्सवका अवसरमा आयोजित फेसन सोमा युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवामा एमबीबीएस तथा बीडीएसमा अध्यनरत छात्र-छात्राहरू मोडल बनेर र्‍याम्पमा उत्रिएका थिए।

४० डिग्री सेल्सिएसभन्दा माथिको तापक्रम रहेको प्रचण्ड गर्मीमा डाक्टरहरू व्यावसायिक मोडलजस्तै बिरालाको चालमा र्‍याम्पमा उत्रिँदा फेसन शो हेर्न उपस्थित झन्डै एक हजार दर्शक मन्त्रमुग्ध बने।

गरिब तथा असहाय बिरामीको निःशुल्क उपचारका लागि कोष खडा गर्ने पवित्र उद्देश्यले सन् २००२ मा स्थापित करुणा संस्थाले आयोजना गरेको महोत्सवका अवसरमा कलेजमा अध्ययनरत नेपाल तथा भारतका ३२ जना भविष्यका डाक्टर फेसन सोमा उत्रिएका हुन्।

एनिमल राउन्ड, इलिमेन्ट्री राउन्ड, क्रिएटिभ राउन्ड र डिजाइनर्स च्वाइस गरी चार राउन्डको फेसन सोमा डाक्टरहरूले दर्शकहरूलाई व्यावसायिक मोडलहरूले जत्तिकै भरपूर मनोरञ्जन प्रदान गर्दै आनन्दित तुल्याएका थिए। फेसन सोमा उत्रिएका डाक्टरहरू कुनै बेला चितुवा र बाघका झलक दिने जंगली पहिरनमा त कुनै बेला प्लास्टिक, बोरा, पात-पतिङ्गर, चुरा-पोते, परालजस्ता वस्तुबाट आफैंले तयार गरेका मनमोहक सृजनामा प्रस्तुत भएका थिए। त्यति मात्र होइन, उनीहरू अत्याधुनिक पहिरन तथा डिजाइनर्सहरूको रोजाइका पहिरनमा समेत व्यावसायिक मोडलजस्तै गरी प्रस्तुत भए।

## साताको स्वर



### कोमल वली

**'पोइल जान पाम्....' छोटो समयमै लोकप्रिय भयो नि ?**

– मौलिक शब्द तथा सबैले टिप्न सक्ने भाकामा गाइएकाले यो गीत कम समयमै लोकप्रिय भएको हो ।

**लोकप्रिय नै भएको कसरी थाहा पाउनुभयो ?**

–पछिल्लो साता मात्र म तीजका एक दर्जनभन्दा बढी कार्यक्रममा सहभागि भएँ, जहाँ मैले यो गीत सात-सात पटकसम्म गाउनुपर्‍यो ।

**विरोध पनि उत्तिकै आइरहेको छ नि ?**

– यो गीत केही शब्दका कारण विवादमा ल्याइएको छ, तर यो गीत सुरुदेखि अन्त्यसम्म सुन्ने हो भने विरोध गर्नेहरू स्वयं नाच्न थाल्नुहुनेछ ।

**'पोइल' भन्ने शब्दका कारण विवाद भएको मान्नुहुन्छ ?**

– मैले पनि त्यस्तै सुनेकी छु तर राप्ती अञ्चलमा पोइला जानु भनेको पोई अर्थात् श्रीमान्को घरमा जानुलाई जनाउने भएकाले यसले समाजमा नकारात्मक प्रभाव पार्छ जस्तो मलाई लाग्दैन । उल्टो यसले लोप हुन लागेको शब्दलाई पुनर्जीवन दिएको छ ।

– ४२ औं राष्ट्रिय बालदिवसका अवसरमा गत शनिबार राजधानीमा आयोजित उपत्यकाव्यापी एकल बालनृत्य प्रतियोगितामा विभिन्न नृत्य प्रशिक्षण केन्द्र तथा विद्यालयमा अध्ययनरत ११ जना बालबालिकाले प्रतिस्पर्धा गरे । अनाथ, असहाय बालसुधार तथा राष्ट्रिय अपाङ्ग तालिम पुनर्स्थापना केन्द्र बालआश्रम, डल्लुको सहयोगार्थ अन्नपूर्ण कलाकेन्द्रले आयोजना गरेको उक्त प्रतिस्पर्धामा आठ वर्षीया बालिका सुरुभी श्रेष्ठले प्रथम स्थान हासिल गरिन् । नायिका ऋचा घिमिरे निर्णायकमा रहेको उक्त रमाइलो प्रतियोगितामा अप्रतियोगी नृत्यसमेत प्रदर्शन गरिएको थियो ।

– गायक पुष्कर जंगमको चौथो एकल गीतिसंग्रह 'म्याट्रिक्स' गत शुक्रबार सार्वजनिक भएको छ । सञ्चारकर्मीमाझ लोकार्पण गरिएको उक्त संग्रहमा राहुल प्रधानको संगीतमा तयार गरिएका पपगीतहरू समावेश गरिएको छ । गायक जंगमले यसअघि 'रुँदै बसौली', 'सुनाखरी' तथा 'भजनमाला' जस्ता गीतिसंग्रह प्रकाशित गरिसकेका छन् ।

– साहित्य संगम मकवानपुरले वर्ष २०६१ को मकवानपुर प्रतिभा पुरस्कार युवा संगीतकार गौरव केसीलाई प्रदान गरेको छ । पुरस्कारको राशि नगद पाँच हजार रुपैयाँ छ ।

– गायक रामकृष्ण ढकाल बुबा बनेका छन् । अघिल्लो बिहीबार अर्थात् गत भदौ १ गते उनकी श्रीमती नीलम ढकालले छोरी जन्माएकी थिइन् । ओम अस्पतालमा आफन्त तथा शुभचिन्तकहरूको शुभकामना ग्रहण गरिरहेका गायक ढकाल साप्ताहिकसँग भन्दै थिए– 'बुबा बनेपछि थप जिम्मेवार भएको अनुभव भैरहेको छ ।'

– गायक राजेश पायल राई सांगीतिक कार्यक्रमका क्रममा बेलायतको लन्डन पुगेका छन् । 'नौजाले मायाले...' गीतका कारण




चिटिक्क भा'छु रे ! गायिका सिन्धु मल्ल तीजको मुडमा

पछिल्लो समयमा चर्चामा रहेका राजेशपायलसँगै पप गायक अनिल सिंह, चलचित्र नायक श्रीकृष्ण श्रेष्ठ तथा नायिका झरना थापा पनि लन्डन पुगेका छन् । लन्डनस्थित नेपाली कलाकार संघद्वारा हिजो बिहीबार आयोजित सांस्कृतिक कार्यक्रममा उनीहरूले त्यहाँ बसोबास गर्ने नेपालीहरूलाई मनोरञ्जन प्रदान गरे ।

– सञ्चारकर्मी तथा युवा गायक अशोक प्यासी राईले गाएका लोकपप गीतहरूको पहिलो संग्रह 'रिफ्रेस' को विमोचन गत मंगलबार राजधानीमा सम्पन्न भएको छ । वरिष्ठ गायक तथा संगीतकार फत्तेमानले उक्त संग्रहको विमोचन गरेका हुन् । नौवटा गीतको उक्त संग्रह विमोचन गर्ने क्रममा गायक राईले आफ्ना संघर्षका कथाहरू सञ्चारकर्मीलाई सुनाएका थिए । विमोचन समारोहमा सोही संग्रहका दुईवटा गीतका म्युजिक भिडियो प्रदर्शन गरिएको थियो, जसको निर्देशन श्रीराम महत तथा हेमा मानन्धरले गरेका छन् ।

– गायक दीपेशकिशोर भट्टराई आफ्नो सातौं गीतिसंग्रह 'भोकल' तथा त्यसमा समावेश गरिएको एउटा गीतको म्युजिक भिडियो यही साता सार्वजनिक गर्दैछन् । आगामी बिहीबार उनका यी नवीनतम कृतिहरू श्रोता तथा दर्शकमाझ पुग्नेछन् । एघारवटा गीतको यो संग्रहको 'आँखा जुधाएर हेर्न डराएँ' गीतको भिडियो आगामी बिहीबार प्रिमियर गरिनेछ, जसको निर्देशन सिमोस सुनुवारले गरेका हुन् । संग्रहमा एउटा राष्ट्रिय गीतका साथै मेलोडियस, रक तथा ल्याटिनो शैलीका गीतहरू समावेश गरिएको गायक भट्टराईले साप्ताहिकलाई बताए ।

– पुराना गायक तथा संगीतकार राम थापाले अघिल्लो बिहीबार नयाँ गीतिसंग्रह 'एञ्जल' को विमोचन गर्नुका साथै नयाँ संगीत कम्पनी मार्क अडियो भिडियो एन्ड ट्रेनिङ सेन्टरको उद्घाटन गरेका छन् । संग्रहमा नयाँ गायक राजेश लिम्बूले गाएका गीतहरू समेटिएका छन् । उक्त कार्यक्रममा संगीतकार राजु सिंह तथा गायक एड्रियन प्रधानका साथै ९० वर्षीया वृद्धा शोभा शाहीलाई सम्मानित गरिएको थियो ।

– रोमान्टिक जोडीहरूले समय बिताउने थलोका रूपमा विकसित भएको काठमाडौं, बत्तीसपुतलीस्थित एउटा थुम्कोमा अघिल्लो बुधबारदेखि दुईदिने बाँसुरीवादन कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा करिब चार दर्जन बाँसुरीवादकले आफ्ना धुन प्रस्तुत गरेका थिए । उमेश पण्डित, विष्णु विक, योगेन्द्र खड्का, विनोद बन्जारा आदि नयाँ तथा पुराना पुस्ताका बाँसुरीवादकले अघिल्लो वर्ष प्रारम्भ गरेको 'अखण्ड यात्रा' शीर्षकको यो सांगीतिक कार्यक्रमको यो दोस्रो प्रस्तुति हो । यात्राले काठमाडौं उपत्यकाभित्र छरिएर रहेका बाँसुरीवादकलाई जमघट गराउने तथा राष्ट्रप्रेम जगाउने उद्देश्य बोकेको छ । यस पटकको यात्रामा प्राचीनकालका नौरंग समावेश थिए जसमध्ये पनि भक्ति रागको वर्चस्व देखिन्थ्यो ।

– शास्त्रीय संगीतका पारखीलाई ठमेलस्थित पिल्ग्रिम्स बुक हाउस तथा बाग्मती किनारको किराँतेश्वर मन्दिरमा शास्त्रीय संगीतको स्वाद पस्किरहेका ज्ञानुराधा गोर्खाली तथा अच्युतराम भण्डारीको सांगीतिक प्रस्तुति नौलो होइन, तर अघिल्लो बिहीबार गुरुकुल पुगेका श्रोतालाई उनीहरूको प्रस्तुतिले छुट्टै आकर्षण पैदा गरेको थियो । पुरानो बानेश्वरस्थित गुरुकुलमा यस्तो खालको आयोजित सांगीतिक कार्यक्रम अबदेखि नियमित हुने भएको छ । तबला तथा सितारवादनमार्फत गोर्खाली तथा भण्डारीले करिब दुई घण्टा संगीतपारखीलाई हलचल गर्न दिएनन् । हरेक औंसीको साँझ बत्तीसपुतलीस्थित राममन्दिरको शास्त्रीय प्रस्तुतिमा भेटिने गोर्खाली तथा भण्डारीले विगत एक दशकदेखि संयुक्त प्रस्तुति दिँदै आएका छन् । गुरुकुलको प्रस्तुतिमा उनीहरूले राग किर्वाणीसँगै राग भैरवीमा आधारित कहर्वा, ख्याम्टा, थुम्री तालगायत एक दर्जनजति सांगीतिक धुन प्रस्तुत गरेका थिए ।

– पोखराको सांगीतिक समूह 'सिल्भरब्रिज' ले आफ्नो पहिलो सिडी संग्रह 'किताब' को बिक्रीबाट आएको रोयल्टीको २५ प्रतिशत रकम पोखरास्थित पोखरा वृद्धाश्रमलाई प्रदान गर्ने घोषणा गरेको छ । दुई साताअघि सार्वजनिक भएको यो संग्रह तयार पार्ने सांगीतिक समूहमा अर्विन खड्का, तेज गुरुङ तथा भुवन सीके गायनमा छन् भने वचन गुरुङ बाँसुरी, सन्तोष गोले बास गिटार, विनोद गुरुङ ड्रम तथा प्रदीप राना लिड गिटारमा छन् ।

## लाइभ शो

–ठमेल, काठमाडौंस्थित एउटा रेस्टुराँमा हरेक दिन डान्स पार्टी आयोजना गरिन्छ । फायर एन्ड आइस डान्स रेस्टुराँमा आधिकारिक नृत्यांगना छैनन् । रेस्टुराँ पुग्ने जो-कोही पनि डान्स फ्लोरमा गएर नृत्य गर्न सक्छन् । रेस्टुराँले जनाएअनुसार त्यहाँको डान्स फ्लोर राति साढे नौ बजेदेखि मध्यरात दुई बजेसम्म खुला हुन्छ ।

## नजिकबाट कमलमान सिंह



| | |
|---|---|
| जन्ममिति : | मे १९ |
| घरमा बोलाउने नाम : | कमल |
| जन्मस्थान : | थापाथली, काठमाडौं |
| रुचि : | गीत सुन्ने, साथीहरूसँग घुम्ने |
| पहिलो गीत : | सुसेलीले बोलाऊँ कि... |
| पहिलो एल्बम : | 69 |
| सांगीतिक गुरु : | कोही पनि हुनुहुन्न |
| पहिलो कन्सर्ट : | काठमाडौंमै भएको थियो |
| पहिलो प्रेम : | आमासँग |
| पहिलो प्रेमिका : | पहिले थिइन् अहिले छैनन्, |
| पहिलो प्रेमपत्र : | पाएको पनि छैन, लेखेको पनि छैन । |
| पहिलो पटक बजाएको इन्स्ट्रुमेन्ट : | गिटार |
| मनपर्ने खाना : | मसलेदार खाना |
| मनपर्ने गायक : | अरुण थापा |
| मनपर्ने रंग : | कालो तथा सेतो |
| मनपर्ने पहिरन : | क्याजुअल |
| मनपर्ने परफ्युम : | बोराबोरा |
| मनपर्ने नायिका : | एलिसिया सिल्भरस्टोन |
| मनपर्ने आफ्नै गीत : | पर्खाइको पीडा... |
| पहिलो डेटिङ : | काठमाडौं |
| पहिलो फोटोसेसन : | करिब दस वर्षअघि सौखले गरेको |
| मनपर्ने मौसम : | दसैंताकाको मौसम |
| मनपर्ने खेल : | क्रिकेट तथा फुटबल |
| फुर्सदमा : | टेलिभिजन हेर्छु, साथीहरूसँग घुम्छु |
| पहिलो चुम्बन : | पहिलेकी प्रेमिकासँग |
| मनपर्ने संगीत : | सबै प्रकारका संगीत |
| मनपर्ने गीत : | जति माया लाए पनि |
| नजिकको साथी : | थुप्रै छन् |
| मनपर्ने म्युजिक भिडियो : | इन्तजार..... (चलचित्र 'पाप') |

## विराटनगरमा कब्बाली सन्ध्या



**कमल रिमाल**


विराटनगर- विराटनगरमा गत बुधबार साँझ भारतीय कलाकारहरूले विश्वशान्ति तथा प्रेमको अभिव्यक्तिस्वरूप गाइने कब्बाली प्रस्तुत गरे । भारतको ६० औं स्वतन्त्रता दिवसका अवसरमा भारतीय सांस्कृतिक सम्बन्ध परिषद् भारतीय राजदूतावास तथ बी.पी. कोइराला भारत-नेपाल प्रतिष्ठानले प्रस्तुत गरेको कब्बाली सन्ध्यामा सुश्री चञ्चल भारतीले तीन घन्टासम्म लगातार कब्बाली गाइन् । भारतको आध्यात्मिक पद्धति तथा धर्मनिरपेक्ष परम्पराको सारलाई कब्बालीले प्रतिनिधित्व गर्ने बताइन्छ ।

अरू सांगीतिक कार्यक्रम झैं उक्त कार्यक्रममा कलाकारसँगै नाच्ने, हुटिङ गर्ने दर्शक थिएनन् । शान्त भएर प्रत्येक शब्द सुन्दै-अर्थ्याउँदै बसेका दर्शक बेलाबेला वाह-वाह गर्दै ताली बजाउँथे । अतिथि सदनमा भएको कब्बाली साँझको आनन्द लिन आएका विराटनगरवासीले यस प्रकारको शान्त वातावरणमा सांगीतिक मनोरञ्जन लिन पाएका थिएनन् । एक हजार वर्षअघि सुरु भई इस्लाम धर्मालवम्बीमाझ मात्रै सीमित रहेको कब्बाली हाल भारतमा सबै धर्मावलम्बीहरूमा प्रचलित छ ।

हजरत निजामुद्धिनका अनुयायी भारतीय कवि तथा संगीतकार अमिर खुसरोलाई कब्बालीको श्रेय दिइन्छ । उनले कब्बाली गीतहरूको रचना गरेर तुर्की तथा फारसका विभिन्न संगीत, बाजा भरेर भारतीय संगीत परम्पराको थालनी गरेको मानिन्छ । दुई दशकदेखि कब्बाली गाउँदै आएकी चञ्चल भारतीको गजलमा दर्शक तथा श्रोताहरू मन्त्रमुग्ध भएका थिए । उनलाई हार्मोनियम वादक ताजुद्धिन भारतीले स्वरमा पनि साथ दिएका थिए ।

## कविता

### मेरो निष्ठुरता



तिम्रा यादहरू तिमीतिरै पठाइदिएँ
बिन्ती माफ गर, मैले तिम्रो माया भुलिदिएँ
एक प्रहर त मेरो तस्विरको छेउमा बस
यस्ता बिन्तीहरू अब नगरे भो
जहाँ तिम्रो खोपिएको तस्विर थियो
त्यो सिसाभरि मैले धूवाँ ओछ्याइदिएँ
एक रात त मेरो क्षणिक याद गर
अनुरोध एउटै अब नछरे भो
जहाँ तिम्रो रोपिएको याद थियो
त्यो मुटुको कुना नै आँसुले बगाइदिएँ।

–प्रेमकृष्ण श्रेष्ठ

### दुई टुक्रा कविता




१. **नेपाल**
बम र गोलाले डढिसकेको
पुर्खाको इज्जत लडिसकेको
के को सुन्दर, के को शान्त ?
हत्या हिंसाले भा'छ आक्रान्त।
२. **नेपाली**
भोका नेपाली नाङ्गा नेपाली
लुला नेपाली बाङ्गा नेपाली
के को बहादुर, के को वीर ?
हत्या हिंसाले भुक्या छ शिर।

–मिलन बगाले

### घात भयो

तिमीलाइ सम्झी रुने अब
बानी मेरो गैसक्यो।
जिन्दगीमा पाको धोका
सपनीझै भैसक्यो।
छड्के ओठमा तर्के नजर
वाडी पैरो गै सक्यो।
भुकम्पले चर्क्यो मुटु
नहनु चै भैसक्यो।
छाती वाटै गयौ तिमी ,
हृदयलाइ घात भयो।
जीन्दगीमा छुट्यौ अब,
अधेरीको रात भयो।

– विष्णुकुमार अधिकारी




### यस्तो जीवन

इच्छाएको नपाउँदामा नबाँचिने रहर हुन्छ
जसो गरी नाफा-फाइदा उतैतिर लहर हुन्छ
दुखी सम्झी हात दिंदा पूरै सप्पै निल्न खोज्छन्
जुराएर नाता जोड्नुस् अनि मात्र ठहर हुन्छ
बगलीमा छुरा छेड्छन् मुखको शब्द राम राम
जहाँ हुन्छ, नानाभाँति त्यो नै एउटा सहर हुन्छ
जसको पाप त्यसकै फलिफाप
जमानाको नियम भो
धर्म ठानी साथ दिनुस् नसोचेको कहर हुन्छ
दुख भयो बिन्ती गर्नुस् कता भाग्छन् नाता-गोता
नगदको भोला भिक्नुस् साथी आठै प्रहर हुन्छ
हेरेश खानु हुन्न भन्छन् चेशको मित्र बन
यस्तो जीवन केको होला र ? नजिकैमा नहर हुन्छ।

– दर्शन दिनेश

## लघुकथा

### बालश्रम



अन्य क्षेत्रमा असफलता हात लागेपछि दयासागरले गार्मेन्ट कारखाना खोले। कलिला बालबालिकाहरूलाई काममा लगाउँदा एकातर्फ न्यून पारिश्रमिक दिए पनि हुने, अर्कातर्फ बालबालिकाका जाँगरिला हातले मेहेनतपूर्वक तयार गरेको उत्पादन गुणस्तरीयसमेत हुने भएकाले कामदारमा भर्खरै आमाको दूध छोडेका बालबालिकाहरूलाई भर्ना गरे। बालबालिकामा ठग्ने, चोर्ने तथा भ्kारा टार्ने प्रवृत्ति नभएकाले दयासागर न्यूनतम लगानीमा अधिकतम आम्दानी गर्न सफल भए।

यही क्रममा मानव अधिकारवादी संस्थाहरूले बालश्रमको विरुद्धमा विभिन्न चेतनामूलक तथा प्रतिरोधात्मक कार्यक्रमहरू सञ्चालन गर्न थाले। विभिन्न कारखानाहरूमा छापा मारेर बालशोषण गर्नेहरूमाथि कारबाही गर्ने प्रक्रिया सुरु हुन थाले। यसै क्रममा धेरै कारखाना मालिकहरू पक्राउ परे तर दयासागर बालमजदुर नराखेका कारण भव्य समारोहबीच सम्मानित भए।



एकथरीले अनुमान लगाए- बालश्रमविरोधी मञ्चको अध्यक्ष भएकाले दयासागर सम्मानित भए। अर्काथरीले अनुमान गरे- आफ्नो कारखानामा काम गर्ने बालबालिकाको उमेर पाँच-पाँच वर्ष बढाइदिएकाले उनले कारबाही भोग्नु परेन।

–डा. रवीन्द्र समिर

### प्रेम प्रस्ताव

लामो समयको मित्रतापछि सुशीलाले प्रकाशसमक्ष प्रेम प्रस्ताव राखिन्। मन त पहिलेदेखि नै पराएकी हुन् उनले तर उनी चाहन्थिन्– 'प्रकाशले नै प्रेम प्रस्ताव राखोस्', तर प्रकाशले उनलाई कहिल्यै प्रेम प्रस्ताव राखेन। सुशीला र प्रकाश घुम्न जाँदा प्रेमका कुरा त हुन्थे तर पनि प्रकाशले कहिल्यै सुशीलालाई मन पराउने कुरा गरेन। आज लामो समयको मित्रतापछि सुशीलाले औपचारिक प्रेम प्रस्ताव राखेकी छिन्। प्रकाशले पनि सुशीलालाई मन नपराएको त कहाँ हो र ! तर ऊ अन्य पुरुषको डबलीमा पृथक् पुरुष थियो। कसैलाई पनि धोका दिनु हुँदैन भन्ने मान्यता राख्थ्यो ऊ। अनि फेरि प्रेमलाई तिरस्कार होइन, प्रेमले नै जित्नुपर्छ भन्ने आदर्शमा बाँचेको थियो, तर पनि उसले सुशीलालाई कुनै प्रतिक्रिया दिएन। बारम्बार सुशीलाले आफ्नो प्रेमको प्रतिक्रिया दिन दबाब दिएपछि एक दिन प्रकाशले सुशीलालाई फोन गरेर भन्यो- 'सुशीला, तिमीले मेरा लागि धेरै गरेकी छौ। तिम्रो माया र सहयोगको म सदा ऋणी हुनेछु। आज फेरि पनि तिमीसँग सहयोगको याचना गर्दैछु, आशा छ तिमीले अवश्य पनि मलाई सहयोग गर्नेछौ। म आजभोलि एकदमै व्यस्त रहेको कुरा त तिमीलाई पनि थाहा छँदै छ। त्यसैले प्लिज, मेरी प्रेमिका बाहिरबाट आउँदै छिन्, उनलाई यहाँको रमणीय स्थानहरू घुमाइदेऊ है।'

–मदन ढुङ्गाना

## साप्ताहिक साथी




२३ वर्षीय केसी बिल्डर (पोखरेली) पेसाले टुर गाइड हुन्। आईएसम्म अध्ययन गरेका ५ फिट ८ इन्च अग्ला तथा मिलनसार स्वभावका केसीलाई माउन्टेन बाइकिङमा रुचि छ। गहुँगोरो वर्णका अविवाहित केसी सुखमा नमात्तिने, दुःखमा नआत्तिने, धैर्यवान् तथा निष्ठावान् साथीको खोजीमा छन्। उनलाई कतार फियुल, पो.ब.नं.७७७७, मार्केटिङ डिपार्टमेन्ट, कतारमा पत्राचार गर्न सकिन्छ।



सिभिल इन्जिनियरिङमा डिप्लोमा गरिरहेका १८ वर्षीय राम उदगार यादव (राजन) अध्ययनलाई नै आफ्नो पेसा मान्छन्। चञ्चल स्वभावका यादव संगीत, पत्रमित्रता तथा भ्रमणमा रुचि राख्छन्। गहुँगोरो वर्णका राम मिलनसार, विश्वासिलो तथा अरूको भावना बुझ्न सक्ने साथीको खोजीमा छन्। उनलाई लाहान प्राविधिक शिक्षालय, लाहान-१०, सिरहा वा उनको इमेल ठेगाना rajan.ajanabi@yahoo.com मा पत्राचार गरी साथी बनाउन सकिन्छ।



२३ वर्षीय ज्ञानु राई ५ फिट ५ इन्च अग्ला छन्। नोकरीलाई पेसा बनाएका मिलनसार स्वभावका ज्ञानु पत्रमित्रता एवं भ्रमणमा रुचि राख्छन्। गहुँगोरो वर्णका ज्ञानु धनी र गरिबबीच भेदभाव नगर्ने, सानालाई माया र ठूलालाई आदर गर्ने, बीचैमा साथ नछाड्ने साथीको खोजीमा छन्। उनलाई पञ्चकन्या गाविस वडा नं. ३, घोयालीटोल, सुनसरीमा पत्राचार गर्न सकिन्छ।



प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गरिरहेका १९ वर्षीय सुदीप सुनुवार रातो वर्णका छन्। ५ फिट ६ इन्च अग्ला तथा मिलनसार स्वभावका सुदीप मित्रतामा घात नपुऱ्याउने, घमन्ड नगर्ने मिलनसार साथीको खोजीमा छन्। गीत, संगीत एवं अध्ययनमा रुचि राख्ने सुदीपलाई sarsu_raju@yahoo.com मा पत्राचार गरी साथी बनाउन सकिन्छ।

-२८ वर्षीय सुशान्त थापामगरले एसएलसीसम्म अध्ययन गरेका छन्। अभिनयलाई पेसा बनाएका ५ फिट ५ इन्च अग्ला सुशान्तको रुचि अभिनय तथा पत्रमित्रतामा छ। गोरो वर्णका



सुशान्त जस्तोसुकै परिस्थितिमा पनि साथ दिइरहने तथा मनको कुरा बुझ्ने साथीको खोजीमा छन्। मिलनसार स्वभावका सुशान्तलाई सैबु-४, ललितपुरको ठेगानामा सम्पर्क गर्न सकिन्छ।

-नोकरीलाई पेसा बनाएका, एसएलसीसम्म अध्ययन गरेका २२ वर्षीय प्रेम लिम्बु मिजासिलो स्वभावका छन्। पत्रमित्रता एवं भ्रमणमा रुचि भएका ५ फिट ३ इन्च अग्ला प्रेम गोरो वर्णका छन्। रगतको नाताभन्दा भावनाको नातामा जोड दिने साथीको खोजीमा रहेका प्रेमलाई संयुक्त बेसक्याम्प, भोटे ओडार, लमजुङ, सिउँडीबार-९ मा पत्राचार गर्न सकिन्छ।

## सन्देश



एस., म तिमी हरपल खुसी भएको हेर्न चाहन्छु। तिम्रो खुसीका लागि जुनसुकै मूल्य चुकाउन तत्पर रहँदा-रहँदै पनि मेरो दुर्भाग्य, बाध्यतावश कुनै समय तिमीलाई साथ दिन नसक्दा म आफैं जलिरहेछु। अतः मेरा कमी-कमजोरीलाई आफ्नै सम्झी हामी जहाँ जसरी रहे पनि एउटै सिक्काका दुई पाटा हौं भन्ने विश्वास मैले गरेको छु।

**उही तिम्रो प्रिय**

पत्रमित्र साथीहरू दिनेश, विवश, विकास, गोविन्द, एलिना, दुर्गा, मणि, चन्द्र, प्रतिमा, सावित्र, सीता, ममिता, सोनु, सुमी, राधिका, हरि, जितेन्द्र, सुविन, कला, सवित, शिवराज, वियम आदिको मीठो सम्झना गर्दै पत्र पठाउन विनम्र अनुरोध छ।

**छत्र श्रेष्ठ**

मीना, अदीति, गणेश, योगेन्द्र, छत्र, सुर्ज, कमला, मीन, आदिलाई सफलताको शुभकामना।

**गणेश**

उषा, अनिता, सरिता तथा अञ्जुलाई न्यानो स्मरणका साथै

साप्ताहिक सन्देशको सूचना
विजयादशमीको शुभकामना यही भदौ मसान्तसम्ममा उपलब्ध गराइदिनु हुन अनुरोध छ।

१०+२ को जाँच दिँदा स्कुलको गेटअगाडि उभिएर हेरिरहने तथा इकोनोमीको जाँच हुँदा जाँच कस्तो भनेर सोद्धा राम्रो भयो भन्ने नीलो सुइटर लगाउने छात्रालाई फोन गर्न आग्रह छ।

**तीन जनामध्ये सबैभन्दा छेउको**

शनिबार साँझपख मोबाइल गरी भेटौं न भन्ने, मैले कुरा गर्दैमा कसरी भेट्ने ? मलाई अहिले फुर्सद छैन, भेट भए पनि चिन्दैनौ होला भन्दा 'चिन्छु, आऊ न, कहाँ भेट्ने ?' भनेर जिद्दी गर्ने। मैले त्यसो भए भोलि भेटौंला भनेपछि 'हुन्छ, त्यसो भए सिद्धपोखरीमा भेटौंला ...लिएर आउने होइन ?' भन्दा म छाँगाबाट खसेझैं भएको छु। म त्यस्तो परिस्थितिको व्यक्ति होइन, म साधारण व्यक्ति हुँ भन्दाभन्दै पनि त्यसो भए मेरा मीत दाइसँग भेट्ने ? भनी अनेक कुरा गर्ने मैयाँ, मबाट त्यस्तो कुनै आशा नगर, त्यसैले मोबाइल नगरेकै बेस छ।

**पीडित मित्र**

गोविन्द, नवीन, कृष्ण, टेक, परीक्षामा सफलताको शुभकामना।

**कृष्णा**

मञ्जु, तिम्रो साथीलाई मैले चिठी र तस्बिर पठाएको थिएँ, पायौ कि पाइनौ ? हतार भएकाले मैले तिमीलाई केही भन्न सकिनँ, तर अब भन्दैछु– म तिमीलाई मन पराउँछु। साथ दिन्छयौ भने म तिमीलाई आफ्नो बनाउन चाहन्छु। प्लिज एक पटक फोन गर है।

**चित्र**

नीरज, शुभकामना त सबैले दिन्छन् तर म यस्तो शुभकामना दिन्छु जसले तपाईंको हौसला बढोस्, प्रेरणाको स्रोत बन्न सकोस् अनि जीवनको कुनै पनि मोडमा स्मृति बनिरहोस्। म भन्दिन आकाशको जुन झारिदिन्छु तर त्यहाँसम्म पुग्ने प्रयासमा भगवान्ले तपाईंलाई सहयोग गरून्, यसरी नै हरेक वसन्त पार गर्दै अन्यायका विरुद्ध हटेर होइन डटेर लड्नु, सधैं सकारात्मक सोचाइ बोकेर अघि बढ्नु।

**प्रतीक्षा**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................................

उमेर : ........................ उचाइ : ........................

पेसा : ........................ शिक्षा : ........................

स्वभाव : ........................ वैवाहिक स्थिति : ........................

अभिरुचि : ..........................................................................

वर्ण : ................................

इमेल : ..........................................................................

ठेगाना : ..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## जीवनको गोरेटो

### अस्वीकार्य प्रेम प्रस्ताव

त्यसबेला म कक्षा १० मा अध्ययनरत थिएँ। म उनको हरेक क्रियाकलाप नियाल्थें। म उनीभन्दा अलि पढाइमा तेज थिएँ जसले गर्दा गणितको जाँचका दिन पहिलोपटक बोल्दै सिकाइदेऊ न भनिन्। मलाई कताकता नौलो आभास भैरहेको थियो र पछाडि परेको र सिकाइदिएँ।



त्यतिमात्र नभएर कापी पनि प्रत्यक्ष रूपमा देखाइदिएँ। त्यस दिनदेखि हामीबीच बोलचाल हुन थाल्यो। म नाट्य समूहको उपाध्यक्ष थिएँ। चेतनामूलक नाटक प्रस्तुत गर्नु नै हाम्रो समूहको मुख्य उद्देश्य थियो। हामीले नाटक देखाउने भयौं जसका लागि कथा/पटकथा र निर्देशन म आफैले गरेको थिएँ। नाटकका कलाकारहरूमध्ये उनी पनि एक थिइन्। एक दिन रियर्सल सकेर मनको भावना भन्ने हिम्मत गर्दै उनीसमक्ष पुगी एउटा कुरा भन्नु थियो तिमीलाई भनें। उनले पनि हतारिँदै 'के हो भन न' भनिन् तर मैले 'भैगो कुनै दिन भनुँला ?' भन्दै घरतिर लागें। हामीले नाटक प्रस्तुत गर्‍यौं। नाटक देखाएपछि हामी अझ बढी नजिकिएका थियौं।'

एक दिन मनलाई दरिलो बनाउँदै एउटा भाइमार्फत् प्रस्तावस्वरूप पत्र पठाएँ। केही दिनपछि उनले मित्रमार्फत् पत्र पठाइन्, मैले पत्र पठाउँदा उनी मसँग बोल्न छोडेकी थिइन्। लाजले हो वा रिसले ? हुन त अहिले पनि मसँग बोलेकी छैनन्। उनको पत्र पाएपछि पढें... तर... तर... मेरो प्रस्ताव अस्वीकार्य भयो।

**– लेकाली**

### म माया गर्छु

म अध्ययनको सिलसिलामा धरान पुगें। म एक्लै थिइनँ, मेरा दाइ र बहिनी अनि एउटी साथी पनि थिए। म, बहिनी रोजिता र कमला हामी तीन जना एउटै कलेजमा पढ्दै थियौं।

हामी कसैसँग पनि त्यति खुलेर कुरा गर्दैनथ्यौं एक दिन सविनसँग हाम्रो भेट भयो। उसले मलाई धेरै माया गर्थ्यो र म पनि। उसले मलाई पत्रद्वारा एउटी साथीमार्फत् मायाका कोसेलीहरू पठाउँदै गयो, म त्यसको मौखिक जवाफ दिन्थें। पछि उसको अनुरोधमा पत्रद्वारा पठाउन थालें। बिस्तारै ती पत्रहरूमा प्रेमको विजारोपण हुन थाल्यो। त्यसपछि म पत्राचारलाई रोक्न बाध्य भएँ किनकि मैले उसलाई केवल मित्र सम्झिएकी थिएँ, प्रेमी होइन।

मसँग प्रत्यक्ष भेटमा पनि उसले यस्तै कुरा गर्न थाल्यो। उसको प्रस्ताव अस्वीकार गर्दै सम्झाएँ तर उसले आफ्नो कुरा परिवर्तन गर्न चाहेन, मैले नचाहेर नै धोका दिनुपर्‍यो। किनकि न त यो प्रस्ताव उसको परिवारले स्वीकार्न सक्थ्यो न त मेरो परिवारले।

उसले मलाई साँचो प्रेम गर्थ्यो भने उसले गाउँघर नै छाडेर हिंडनुपर्ने थिएन। दुई महिनापछि अचानक मेरो नाममा उसैको पत्र आयो। बिना ठेगानाको, फोन नम्बर नाम र काठमाडौं मात्र लेखिएको थियो। जसमा उसका परिवारमा कुनै खबर नदिनु भन्ने सुझाव थियो। उसको परिवारलाई उसका बारेमा केही थाहा थिएन। ऊ एक्लो छोरो थियो। उसले आफ्नो मन ढुंगा झैं कठोर बनाएको थियो।

२०५९ साल मसिरमा बुबाको मृत्यु भयो तर ऊ आएन। २०६२ साल फागुनमा मलाई खोज्दै ऊ विराटनगर आएको खबर पाएँ। विश्वास त थिएन तर एक



दिन म आमालाई उपचारका लागि धरान गैरहेको बेला बाटोमा उसलाई भेटें। न त उसले बोलायो न त मैले नै। आमालाई लिएर भोलिपल्ट घर आएँ, म उसलाई अझै माया गर्छु र गरिरहनेछु केवल एउटा मित्र सम्झेर। म उसलाई अनुरोध पनि गर्छु त्यो कुरालाई परिवर्तन गरेर आऊ, म तिमीलाई स्वीकार गर्नेछु।

**–आँसु**

### अनुभव

म १२ कक्षामा पढ्दै थिएँ। क्याम्पसबाट घर, घरबाट क्याम्पस गर्दै मेरो दिनचर्या बितिरहेको थियो। यसै क्रममा एक दिन अचानक एक जना साथीको फोन आयो। उसले फोनमा एक जना साथीलाई बोल्न दियो र ऊसँग पनि मैले मित्रता गाँसें। त्यसपछिका दिनमा त्यो नयाँ साथीको फोन बारम्बार आइरहन्थ्यो र घन्टौंसम्म हामी गफ गर्थ्यौं। त्यस्तै ऊ घरमा पनि भेट्न आउन थाल्यो। यसरी हाम्रो मित्रता घनिष्ट हुँदै गयो। एक दिन उसले मसँग प्रेम प्रस्ताव राख्यो। मैले त्यो कुरालाई गम्भीर रूपमा लिइनँ। मलाई के थाहा ? उसले मलाई साँच्चिकै मायाँ गर्दोरहेछ। जब मैले यो कुरा थाहा पाएँ तब ढिलो भैसकेको थियो। किनकि मैले केही नभनेका कारण उसको सम्बन्ध अरूसँगै कायम भैसकेको थियो। अहिले म सोच्छु– उसको कुरालाई साधारण रूपमा नलिएको भए मैले आफ्नो प्रेमलाई पाउने थिएँ वा गुमाउने थिइनँ।

**–काली**

### मेरो मित्रता

यो जिन्दगीको यात्रामा थुप्रै साथीहरूसँग भेटिने र छुट्टिने क्रम चल्दो रहेछ। तीमध्येका केही बिर्सन लायकका हुन्छन् भने केही नभेटिए पनि सम्झनामा आइरहने हुँदारहेछन्। एक पत्रिकामा मैले पत्रमित्रताका लागि फोटो छपाएको थिएँ। यसै क्रममा हाम्रो मित्रताको साइनो जोडिन पुगेको थियो। उनी पत्र लेख्न निकै सिपालु थिइन्। पत्र पढ्दा लाग्थ्यो साहित्यमा उनको केही दखल छ। उनले पठाएका हरेक पत्र मैले दोहोऱ्याएर पढ्थें।

समय बित्दै थियो उनको पत्र आउने र मैले प्रतिउत्तर दिने सिलसिला चलिरहेको थियो। उनले पठाएका पछिल्ला केही पत्र मेरा आफन्तको हातमा परेछ। तिनीहरूले पत्र खोलेर पढी केही च्यातिएको अवस्थामा मेरो चिठी भनी दिएका थिए। त्यसपछिका समयमा मैले केही चिठी पठाएँ तर जवाफ पाउन सकिन। उनको पत्र पाउने प्रयास र आशा सबै विफल भए। मित्र, पत्र पठाउने क्रममा अञ्जानमा त्यो मनलाई चोट पुग्न गएको छ भने एक मित्र सम्झी क्षमा गरिदिनु।

समय परिस्थितिले गर्दा हाम्रो मित्रतालाई दिगो राख्न सकिएन। यसमा म तिमीलाई दोष दिन चाहन्नँ। त्यसैले जीवनको यात्रा गर्ने क्रममा कुनै मोडमा हाम्रो भेट भए मित्र भनेर बोलिदिनु, तिमी जहाँ भए पनि मित्रताको सम्झना गरिदिनु, तिमी जहाँ जसरी रहे पनि खुसी साथ रहनु।

**–दुर्गा**

## कुपन सन्देश

पाउने :

सन्देश :

पठाउने :

प्रति सन्देश रु. २०/– अनिवार्य

## हङकङमा डे पार्टी

**साप्ताहिक समाचार**

हङकङ- रातको समयमा




देखिने हङकङको रमाइलो त्यो दिन घाम नडुब्दै देखियो। आरजेमा सम्पन्न 'डे डान्स पार्टी' ले सम्भवतः पहिलो पटक हङकङका युवा पुस्तालाई दिउँसै रातको मज्जा दियो। प्रायः राति पार्टीहरूको आयोजना हुने गरेको हङकङमा यसपटक दिउँसै पार्टी भएको थियो। डिजे सुरजले पार्टीमा विभिन्न रिमिक्स, हिपहप आदि बजाएर उपस्थित सबैलाई नाच्न बाध्य पारेका थिए। सुप्रिया राणा तथा सविता राईद्वारा आयोजित उक्त पार्टीमा डिजे राजुको रिमिक्स 'च्याङ्वा है च्याङ्वा' निकै घन्कियो। उक्त पार्टी हङकङमा बसोबास गर्ने नेपालीहरूका लागि आयोजित गरिएको थियो।

## फेरि आए हबिब

**साप्ताहिक समाचार**

काठमाडौं– विश्वमै चर्चित भारतीय हेयर स्टाइलिस्ट जावेद हबिब काठमाडौंलाई पनि आफ्नो राम्रो बजार बनाउन सफल छन्।



मानिसहरूलाई एकैपटकमा फरक 'लुक्स' दिने हेयर स्टाइलले नै हो भन्ने हबिब शनिबार बिहान १० बजेदेखि होटल र्‍याडिसनको नेपादुक् हलमा आफ्नो कपाल काट्ने शैलीको प्रदर्शन गर्दै थिए। काठमाडौं तथा ललितपुरमा आफ्ना दुईवटा 'युनिसेक्स' सैलुन तथा प्रशिक्षण केन्द्र सञ्चालन गरिसकेका हबिबलाई हेयर स्टाइलिस्टका रूपमा सेलिब्रेटी मानिन्छ। बेरिना हेयर कलर क्रिमको प्रायोजनमा ट्रेन्ड्ज एडभरटाइजिङ एन्ड मार्केटिङद्वारा आयोजित 'लाइफस्टाइल इन कलर्स' कार्यक्रममा हबिबले ४ सय ५० भन्दा बढी नेपाली सौन्दर्य विशेषज्ञलाई हेयर कलरिङसम्बन्धी प्रशिक्षण दिएका थिए। उक्त अवसरमा हबिब्स् सैलुनका तर्फबाट हनी राणाले 'ब्राइडल मेकअप' तथा 'बडी पेन्टिङ' प्रदर्शन गरेकी थिइन्। कार्यक्रमको अन्त्यमा हबिब्स् सैलुनको हेयर स्टाइल तथा मेकअप तथा रेज बुटिककी डिजाइनर मनले गरेको डिजाइनिङमा ट्रेन्ड्जका कोरियोग्राफर प्रबल श्रेष्ठले फेसन सो पनि प्रस्तुत गरेका थिए।

## वर्षा र पसिनामा भिज्दै डान्स पार्टी

विराटनगर- डान्स गर्दा पसिनाले निथ्रुक्क भिजेका युवायुवती बाहिर झमझम वर्षिएको आकाशे पानीमा भिज्दै शनिबार विराटनगरमा सम्पन्न डान्स पार्टीमा रमाए। प्याराडाइज होटलको गजल हल चर्को संगीत, लाइट सिस्टम, कृत्रिम धूवाँ तथा मान्छेको भीडले अत्यधिक तातो थियो। बढ्दै गएको ताप सहन नसकी युवायुवतीहरू बाहिर बर्सिरहेको पानीमा भिज्दै नाच्न थाले। डान्समा रमेको युवा पुस्तालाई त्यस दिन परेको पानीले ठूलो राहत प्रदान गर्‍यो। दिउँसो तीन बजेदेखि नै डान्समा जमेकाहरूसँगै नाच्दै स्थानीय गायक-गायिकाले विभिन्न गीत प्रस्तुत गरे। बेलुका नौ बजेसम्म चल्ने भनिए पनि डान्सरहरूबीचको विवादका कारण कार्यक्रम डेढ घन्टाअघि नै स्थगित भएको थियो।

**–कमल रिमाल**

# दुःख पर्दा कसलाई सम्झनुहुन्छ, किन ?

कसलाई सम्झनु नि, बुबाआमालाई सम्झन्छु, किनकि उहाँहरू नै मेरो साबथोक हुनुहुन्छ ।

**साजन गिरी** (१५), **स्याङ्जा**

मलाई दुःख पर्दा पशुपति बाबालाई सम्झन्छु ।

**रमेश खड्का** (२६), **झापा**

दुःख वा समस्याको समाधान पैसाबाट हुन्छ, पैसा दिने बाउलाई सम्झनुपरेन त ?

**नीरज अर्याल**, (१६) **बुटबल**

मेरी सपनाकी राजकुमारीलाई, किनकि उनी सधैं मेरै बारेमा चिन्तित रहन्छिन् ।

**लोकमणि तिमिल्सिना** (२४), **सिन्धुली**

म मेरो दाजु ईश्वर ओझालाई सम्झन्छु, किनकि उहाँ जस्तोसुकै समस्याको हल खोज्न सक्नुहुन्छ ।

**दिभा ओझा** (१४) **विराटनगर**

आमालाई नै सम्झन्छु, किनभने मलाई सबैभन्दा बढी माया गर्ने मेरी आमा नै हुनुहुन्छ ।

**हिमाल** (२०) **बाग्लुङ**

कसैलाई सम्झिन्न, सहयोग गर्ने कोही होइनन् ।

**sajana_amrit@yahoo.com**

निष्ठुरीको मुस्कान जसले एक वर्षदेखि दुःखी बनाइरहेको छ ।

**टीकाराम अर्याल, स्याङ्जा**

भगवान्लाई सम्झेर समस्या समाधान हुने होइन, त्यसैले गर्लफ्रेन्डलाई सम्झन्छु ।

**अर्जुन रावल** (१९)

म चाहिँ आफ्नो मेहनतलाई सम्झन्छु, दुःख वा समस्यालाई मेहनतद्वारा नै सुल्झाउन सकिन्छ ।

**दीपेन्द्र देउवा, डडेलधुरा**

दुःख जाओस् भन्दै भगवान्लाई सम्झन्छु, किनकि भगवान्प्रतिको मेरो विश्वासले समस्या समाधान हुन्छ ।

**विवेक राई** (१४)

टाढा भएका साथीलाई सम्झन्छु किनभने उनले मलाई हरबखत सहयोग गर्थे ।

**गंगाराम न्यौपाने** (१६), **स्याङ्जा**

भगवान् र जन्म दिने आमालाई, किनकि उहाँहरूलाई सम्झनेबित्तिकै दुःखका तगाराहरू बिस्तारै उघ्रँदै जान्छन् ।

**सुदर्शन खतिवडा, नुवाकोट**

बिल गेट्सलाई सम्झन्छु, किनकि पैसा भए कुनै दुःख हुँदैन ।

**सुवास थापा** (१९), **पोखरा**

नाटककार बालकृष्ण समलाई सम्झिन्छु। उनले भनेका छन्, हे दैव यदि तेरो बास दुःखीको घरमा हुने भए मलाई दया गरेर अलि बढी दुख दे।

**रूपक सुवेदी, काभ्रे**

आफ्नी आमालाई सम्झन्छु, किनभने उहाँले सजिलैसँग समस्याको समाधान गर्नुहुन्छ ।

**अनिता चौधरी** (१८), **सिरहा**

आफ्नी प्रेमिकालाई सम्झन्छु, किनकि उनले मलाई समस्याबाट पार पाउने सल्लाह दिन्छिन् ।

**राम थापा** (२०), **मकवानपुर**

के अरूलाई सम्झिरहनु, क्वाँ-क्वाँ नरोएर ? समस्या त आफसेआफ टाप बुझ्नुभयो ।

**सुजित खतिवडा, जनकपुर**

आमाबाबुबाहेक सबै चीज पैसाले किन्न सकिने भएपछि म बिल गेट्सलाई नै सम्झन्छु ।

**टीकाराम, स्याङ्जा**

भगवान्लाई सम्झन्छु, किनकि दुःख दिने भगवान्ले नै हो, सुख दिने पनि उहाँ हो ।

**यादव सुवेदी** (१९), **हरिऔन, सर्लाही**

हीरा काट्ने हीरैमा राखेर, दुःख काट्ने दुखैमा हाँसेर भनेझैं म आफ्नो मनलाई हँसाउन बाँदरजस्तो अनुहार भएको मेरो साथीलाई सम्झन्छु ।

**अर्जुनकुमार तामाङ, बौद्ध**

आफू त मान्छे पनि अञ्जान काम पनि अञ्जान दुःख पर्दा पनि सुख पर्दा पनि आफ्नै अञ्जान यात्रालाई सम्झिन्छु ।

**अञ्जान यात्री, भद्रबास, काठमाडौं**

म त भगवान्लाई नै सम्झन्छु, किनभने दुःख वा समस्या पर्दा मलाई साथ दिने भगवान् नै हुन् ।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**

म जन्म दिने बाबा-आमालाई सम्झन्छु। किनकि बाबा-आमाले आफ्ना छोराछोरीको दुख एवं समस्या देख्न सक्नुहुन्न अनि छिटै समाधान गरिदिनुहुन्छ।

**लक्ष्मी आलेमगर, हङकङ**

सबैभन्दा पहिले भाग्य लेख्ने भगवान्लाई सम्झन्छु ।

**बाबुराम पाण्डे, घोराही, दाङ**

ब्वाइ फ्रेन्डलाई सम्झन्छु, किनभने मेरा सबै दुःख र समस्या हल गरिदिनुहुन्छ ।

**पबु श्रेष्ठ**

बुबा-आमा अनि प्रियसीलाई, किनभने मेरो सहारा भनेको उहाँहरू नै हो ।

**एक.के.** (२१), **प्युठान**

सबैभन्दा पहिले, बाबा-आमालाई सम्झन्छु, किनकि बाटोमा लड्दा पनि मुखबाट ऐया बाबा, ऐया आमा भन्ने शब्द निस्कन्छ ।

**केशर डि.एम.**(२१)

म त उनै मनकी रानीलाई सम्झन्छु, किनकि उनीसँग गएर बस्दा दुःख र समस्या सबै हल हुन्छन् ।

**दीपेश पौडेल** (१९), **तामनगर, बुटवल**

सहयोगी मित्रहरूलाई सम्झन्छु, किनकि उहाँहरूबाट मात्र समस्या समाधान हुन्छ ।

**भूमिराज राई** (१७), **सुनसरी**

भगवान्लाई, म सुख वा खुसीको समयमा पनि भगवान्लाई नै सम्झन्छु । सुखको समयमा त साथ दिन्छन् भने दुःखको समयमा कसरी साथ नदेलान् र ? भगवान् मानिस होइनन् नि जो स्वार्थी हुन्छन् ।

**भानु श्रेष्ठ** (१८), **रत्ननगर, चितवन**

पहिले भाग्यलाई, कस्तो भाग्य रहेछ भनेर र त्यसपछि बाआमालाई, यस्तो दुःखमा पार्नु थियो भने किन जन्माएको भनेर ।

**के.डी. राई** (१८), **सोलुखुम्बु**

कसैलाई पनि सम्झन्न, किनकि दुःख-सुखमा साथ दिने व्यक्ति कमैमात्र हुन्छन् ।

**जनकप्रसाद सापकोटा** (२०), **काभ्रे**

ईश्वर, पशुपतिनाथलाई, किनभने भगवान्ले दिने साथ अथवा मायाँ पैसाले किन्न सकिंदैन, त्यो सधैं निश्चल हुन्छ । मानिसले गरेको हरेक सहयोगमा स्वार्थ लुकेको हुन्छ ।

**दुर्गा , काठमाडौं**

प्रथम हुनेले उद्देश्य लिई अध्यापन गराईदैछ !
भर्ना खुल्यो ०६३
Private
D.E.O.
T.U.
Regular Tuition & Coaching
Test-SLC, I.A, I.Com, I.Sc, +2, CBSE, Bachelor & Master

**प्रश्न : म २४ वर्षीया विवाहित युवती हुँ । मेरो विवाह भएको आठ वर्ष भयो । हाम्रो मागीविवाह भएको हो । विवाहअघि मैले कुनै पनि पुरुषसँग यौनसम्पर्क राखेकी थिइनँ । विवाहपछि म मेरो श्रीमान्प्रति मात्र सर्मपित छु, तर मलाई एउटा समस्याले निकै पिरोलेको छ । समस्या के हो भने मलाई यौनचाहना नै हुँदैन । मेरो श्रीमान्मा भने तीव्र यौनचाहना छ । यौनसम्पर्कका बेला मेरो योनि पोल्नुका साथै दुख्छ पनि । यो के कारणले भएको होला ? यौनचाहना बढाउने कुनै औषधी छ कि ? कुनै-कुनै बेला यौन उत्तेजना हुन्छ, तर एक सेकेन्डमा नै हराएर जान्छ । जस्तोसुकै क्रिया गरे पनि ममा यौन उत्तेजना नै हुँदैन । अर्को कुरा, मेरो योनिबाट गन्हाउने सेतो पानी बग्छ । औषधी-उपचार गर्दा पनि ठीक हुँदैन । औषधी खाउन्जेल ठीक हुन्छ, औषधी खान छाडेपछि त्यस्तै हुन्छ । कहिले-कहिले त सेतो बाक्लो सिगानजस्तो पानी आउँछ । कतै मेरो पाठेघरमा खराबी त छैन ? के पाठेघरको खराबीले यस्तो हुन्छ ?**

**-सरि.**

**उत्तर : चाहना नहुनुको कारण ?**

अहिले २४ वर्ष मात्र हुँदा नै विवाह भएको ८ वर्ष भैसक्यो भन्दा तपाईंको विवाह यस्तै १६ बर्षमा भएको हुनुपऱ्यो । विवाहका लागि यो कलिलो उमेर हो, तर मैले जान्न चाहेको कुराचाहिँ, विवाहभन्दा पहिले वा विवाहका सुरुका दिनमा तपाईंको यौनचाहना कस्तो थियो ? अहिले आएर मात्र परिवर्तन भएको हो कि ? वा तपाईंलाई यो विवाह नै मन परेको थिएन ? यस्ता प्रश्नहरूको सम्बन्धमा जानकारी नभएको स्थितिमा महिलाहरूमा सामान्य रूपमा यौनसम्पर्कप्रति किन रुचि हुँदैन ? एकछिन चर्चा गरौं ।




यौन उत्तेजना नै नहुनु वा यौन सन्तुष्टि गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन् । पाठेघर वा वरिपरि संक्रमण हुन गै यौनसम्पर्क नै पीडापूर्ण हुने भएकाले महिलाले यौनसम्पर्क नै गर्न मान्दैनन् । केही दीर्घरोगको पनि यस्तो प्रभाव पर्न सक्छ । यी मुख्य शारीरिक कारणहरूबाहेक प्रायःजसो अवस्थामा सामान्य रूपमा यौन क्रियाकलाप गर्न नसक्नुको पछाडि मानसिक कारणहरू पनि हुन सक्छन् । यौनप्रतिको गलत मानसिकता एक प्रमुख कारण हुनसक्छ ।

यौन क्रियाकलाप नै खराब हो भन्ने प्रभाव कसैलाई परेको छ भने ऊ सहजै यौनक्रियाकलापमा संलग्न हुन सक्दैन । यौनसम्बन्धी मूल्य-मान्यताको विकास हुँदा यदि मनमा गहिरो प्रभाव परेको छ भने यसलाई परिवर्तन गर्न सकिँदैन । हामीलाई थाहै छ, मस्तिष्क नै यौन उत्तेजना सुरु हुने सबैभन्दा प्रमुख अंग हो । आफैंभित्र मानसिक विरोधाभास भए यस्तो परिस्थिति आउन सक्छ । यौन दुर्व्यव्यवहार, बलात्कार वा कुनै आदरणीय व्यक्तित्वबाट यौन शोषणजस्ता निकै नै पीडापूर्ण/आघातपूर्ण पूर्वयौन अनुभूतिहरूवाट गुज्रनुपरेको छ भने पक्कै नै यौनप्रति सकारात्मक सोचाइ हुने भएन । कतिपय महिलामा त पुरुष जातिप्रति नै घृणा पैदा भएको हुनसक्छ । त्यसैगरी आत्मसम्मान पर्याप्त मात्रामा नभएमा पनि आफूलाई अपूरो मान्ने हीन भावनाले ग्रसित अवस्था पनि यसका कारण हुन सक्छन् ।

त्यसबाहेक दैनिक जीवनमा आइपर्ने तनावहरू, जस्तै– चिन्ता, निराशा, थकाइ, अन्तर्व्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन् । यो तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरासँग पनि सम्बन्धित हुनसक्छ । यदि त्यस्तो हो भने तपाईंलाई नै यस विषयमा सबैभन्दा बढी थाहा हुने भएकाले त्यसैअनुसार समाधानको बाटो खोज्नुपर्ने हुन्छ । अन्य कुनै रोगको उपचारका क्रममा औषधी प्रयोग गर्नुभएको भए यौन क्रियाकलापमा प्रभाव पार्ने खालको होइन, त्यो पनि विचार गर्नुपर्छ ।

**के यौनइच्छा नै नभएको हो ?**

कुनै व्यक्ति यदि भयका कारणले यौनसम्पर्कमा संलग्न हुँदैन भने त्यसलाई Sexual Aversion भनिन्छ भने इच्छा नै नभै यौनसम्पर्क नराख्नुलाई Inhibited Sexual Desire भनिन्छ । यो अवस्थामा यौन क्रियाकलापमा संलग्नता पनि कम हुन्छ भने यौन क्रियाकलामा संलग्न हुने इच्छा पनि कम हुन्छ । यसरी इच्छा नै कम हुँदा यौनसपना (स्वप्नदोष), यौन परिकल्पना, यौन उत्तेजक कुराप्रति ध्यान वा आकर्षण, यौन क्रियाकलापप्रतिको चाहनाको सचेतनता, आकर्षण, सम्भावित यौनसाथी देख्नु, यौन क्रियाकलाप गर्न नपाएकोमा हतास हुनेजस्ता कुरा पनि हुँदैनन् वा कम हुन्छन् । यस्तो अवस्थामा रुचि नै कम हुने भएकाले यौन क्रियाकलाप पनि नगर्ने हुन्छन् भने अर्काले सुरु गर्दा पनि त्यसलाई सजिलै स्वीकार गर्दैनन् । यी सबै भए पनि शारीरिक रूपमा यौनसम्पर्क राख्न सक्षम हुन्छन् ।

**सेतो पानी बग्नुको सम्बन्ध छ कि ?**

विशेष गरेर भयातुर वा डर भएका कारणले गर्दा यौनसम्पर्क गर्न लाग्दा अकस्मात् योनिको मांसपेशीको संकुचन हुन्छ र योनि कडा हुन्छ । यस्तो बेलामा यौनसम्पर्क राख्न खोज्दा यौनसम्पर्क पीडायुक्त हुन्छ । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । पीडापूर्ण तथा अप्ठ्यारो यौन सम्पर्कलाई चिकित्सीय भाषामा Dyspareunia भनिन्छ, जुन महिला तथा पुरुष दुवैलाई हुनसक्छ ।

सेतो तथा गन्हाउने पानी योनिबाट बग्नुले तपाईंको योनिश्राव अस्वाभाविक भएको संकेत गर्छ । जसको अर्थ– प्रजनन अङ्गका संक्रमण वा यौनरोग भएको हुनसक्छ । यसो हुँदा यौनसम्पर्कको बेला पीडा हुनसक्छ । सुखमय हुनुको सट्टा पीडादायक भयो भने यौनसम्पर्कमा रुचि हुने कुरै भएन । यौनसम्पर्कमा रुचि नहुनुमा यसको भूमिकामा पनि राम्रोसँग विचार पुऱ्याउनुहोला । योनि सुख्खा हुनु पनि पीडाको कारण हुन्छ ।

रोगको सही पहिचान गरेर औषधी सेवन गर्दा समाधान भए पनि समस्या बारम्बार बल्झिनुको प्रमुख कारणमा औषधीको मात्रा तथा उपचार पर्याप्त नभएको हुनसक्छ, तर अर्को मुख्य कारण भनेको पुनः संक्रमण हुनु हो । यौनरोगको मामिलामा यौनसाथी (यौनसम्पर्क राखिएका व्यक्ति) को पनि उपचार गर्नुपर्ने हुन्छ । यसो नगरिए यो पुनः एक-आपसमा सरिहाल्छ र बल्झिएको जस्तो लाग्छ । यस अर्थमा तपाईं र तपाईंको श्रीमान्ले सँगसगै उपचार गर्नुपर्ने हुनसक्छ । यसका लागि एकपल्ट चिकित्सकसँग सम्पर्क राख्नुहोला ।

अन्तिम भर्ना खुल्यो !
Private Test/SLC र Exampted
Harvard Int'l Academy
Koteshwor, Katmandu
Tel: 2050153
Sandra Open School
Sorakhutte
Chitwan



# तीजले झकिझकाउ छ बजार

**संगीता कटुवाल**

तीजको अवसरमा 'पोइल जान पाम' गीतिसंग्रह तयार पारेर चर्चा तथा विवादमा आएकी गायिका कोमल वलीको यो वर्षको तीज आफ्ना लागि 'विशेष' हुने बताउँछिन् । अझ छोटो अवधिमा नै 'पोइल जान पाम'को बिक्री संख्या पचास हजार नाघिसकेकाले पनि उनी उत्साहित छिन्।

तीजको एक साताअघिदेखि नै इन्जिनियर श्रीमती संघको कार्यक्रमबाट प्रारम्भ हुने कोमलको तीज कलेज जीवनका संगीहरूले आयोजना गरेको दर खाँदै, महिला गायिकाहरूलाई दर ख्वाउँदै, आफ्नै नजिकका मित्र, घर-परिवार तथा दिदीबहिनीहरूसँग रमाउँदै बित्नेछ । यस्तै विभिन्न कार्यक्रममा सरिक हुनुपर्ने भएकाले बजार महँगो हुनुअघि नै उनले साडी, कुर्ता तथा त्यसलाई सुहाउँदा सम्पूर्ण सामग्री किनिसकेकी छिन् । तीजको दिन भने व्रत बसेर भ्याएजति भगवान् शिवका मन्दिर घुम्ने योजना यी लोकगायिकाको छ ।

तीजकै गीत गाएर चर्चामा आएकी सिन्धु मल्ल तीन वर्षअघि मात्र विवाह-बन्धनमा बाँधिएकी हुन् । माइती टाढा (नेपालगन्ज) भएकाले काठमाडौंमा आफ्नो परिवारसँगै नयाँ-नयाँ पहिरनमा सजिएर नाच्दै तीज मनाउने योजना बनाएकी छिन् उनले । सिन्धु व्रत त बस्छिन् तर निराहारचाहिं नबस्ने बताउँछिन् । 'तीजकै दिन विभिन्न कार्यक्रममा सहभागी हुनुपर्ने भएकाले पनि निराहार बस्न गाह्रो हुने उनी बताउँछिन् । तीजका लागि आवश्यक सम्पूर्ण सामग्री उनले किनिसकेकी छिन् । एक वर्षको अन्तरालमै 'चिटिक्कै भा'छु रे' को क्रमशः भाग १ तथा २ गीतिसंग्रह निकालेकाले यस पटक तीज गीतिसंग्रह ननिकालेको उनले बताइन् ।

यी गायिकाहरूझैं अरूलाई पनि तीजको रन्को लागिसकेको छ । वर्षभरि भेट नभएका दिदी-बहिनीहरू जम्मा भै रमाइलो गर्ने बेला फेरि आएको छ । रातो पहिरन तथा साजसज्जामा सजिएर त्यसमा पनि यसै वर्ष विवाह-बन्धनमा बाँधिएका महिलाहरूको माइती जाने लर्को जताततै देखिन्छ । नायिका रञ्जना शर्मा, कविता खड्का, सुस्मिता कार्की पनि यस पटकको तीजमा उत्साहित छन् । उनीहरू यसैवर्ष विवाह-बन्धनमा बाँधिएका हुन् ।

सहरबजारका सम्पूर्ण पसल साडी तथा कुर्तामा सजिएका आकर्षक डमीहरूले भरिएका छन् । वर्षभरि नै सुस्ताउने व्यापार पनि चाडपर्वका अवसरमा वृद्धि हुने भएकाले अहिले दसै बजार प्रारम्भ भएको अनुभव गर्न थालिएको छ । काठमाडौंका प्रमुख व्यापारिक केन्द्र न्युरोड, असन, इन्द्रचोक, खिचापोखरी, लगनखेल तथा पाटनढोकामा तीजका निम्ति बजार जानेहरूको भीड बढेको छ । सौभाग्य वृद्धिको कामनासँगै सौभाग्यका प्रतीक मानिने वस्तुहरू माइतीले आफ्ना चेलीलाई, चेलीले आफ्ना साथीसंगीलाई सौभाग्य तथा दीर्घायुको कामना गर्दै आदान-प्रदान गर्ने प्रक्रियाले तीव्रता पाउन थालेको छ । तीजलाई नै दृष्टिगत गरेर तीज फेस्टिबल तथा प्रतियोगिताहरू आयोजना भैरहेका छन् ।

इन्द्रचोकस्थित मनोज वस्त्रालयका मनोज श्रेष्ठ अरू बेला जस्तोसुकै रंगका परिधानमा चित्त बुझाउने महिलाहरू तीजको बेला रातै रंगका साडीमा सजिन चाहने बताउँछन् । तीजका अवसरमा कटन, शिल्क, सिफन, इम्ब्रोडरी साडीहरू ३ सयदेखि १ हजार ५ सयसम्ममा बिक्री भैरहेको श्रेष्ठ बताउँछन् । त्यस्तै अर्को सारी पसलका सञ्चालक कवीन्द्र श्रेष्ठ सामान्य दिनमा १० देखि १५ हजारसम्मको व्यापार भए पनि तीजका बेला ३० हजारसम्मको व्यापार भैरहेको बताउँछन् । अविवाहित युवतीहरूले समेत आकाशे, प्याजी रंगका साडीहरू २ हजारसम्म हालेर किन्ने गरेको श्रेष्ठ बताउँछन् ।

त्यस्तै अहिले बुटिकहरूमा पनि भीड बढिरहेको छ । बुटिकहरूमा अहिले व्यापार मात्र बढेको छैन, 'सिल्क' साडीको माग पनि बढिरहेको छ । इम्ब्रोडरी गरिएका पटियाला, सेमीपटियाला, चुरिदार कुर्ताको माग पनि यही तीजका कारण बढेको गुन्यूचोली बुटिककी सञ्चालिका कल्पना सिंह बताउँछिन् । अरूबेला सधैं पाइन्ट तथा टिसर्टमा सजिन रुचाउने मोडल रमिला अधिकारीले पनि तीजकै निम्ति नेटको रातो साडी खरिद गरेकी छिन् ।

अहिले साडीका अतिरिक्त सौभाग्यको प्रतीक पोते, चुरा, धागो सौन्दर्य प्रसाधन तथा गरगहनाहरूको बजार पनि उत्तिकै तातेको देखिन्छ । इन्द्रचौकसँगैको काश्मिरी बजारका अकबर अलि तीज तथा लगनका बेला पोतेको व्यापार २५ प्रतिशतले बढ्ने बताउँछन् । विशेष गरी रातो, पहेंलो तथा हरियो रंगका जापानीज, एम.जी.बी., डाइमन्ड कोडस, जे.के.ओजस्ता पोते मंगलसँत्र, नौगेडी डिजाइन अहिले बिक्री भैरहेको अकबरले बताए । जम्मा ३४ वटा पसल रहेको उक्त बजारमा तीजमा एकै परिवारले ५ हजारसम्मको पोते खरिद गरेको अकबरको अनुभव छ ।

इन्द्रचोक चोखाछेका डीएस कस्मेटिक्सका दीपेन्द्र महर्जन अचेल चुरालाई महिलाहरूले सौन्दर्यका साथै फेसनका रूपमा समेत प्रयोग गर्ने गरेको बताउँछन् । यस पटकको तीजमा डाक्टर, भीसीपी, नम्बर वान, तीन सय, पारलियो ब्राण्डका पोतेजडित चुराहरू उपलब्ध छन् । विवाहित हुन् अथवा अविवाहित, सबैले तीजको बेला रातो रंगका चुरा प्रयोग गरे पनि अविवाहितहरूले भने मेटल, लाहा तथा प्लास्टिकका चुराहरू मन पराउने महर्जनको अनुभव छ ।

यसबाहेक अहिले कपाल बाँध्ने धागो, टीका तथा रातो नेलपोलिसजस्ता सौन्दर्य प्रसाधनहरूको बजार वृद्धि भैरहेको छ । विगत एक दशकदेखि गहनाको फेसनमा व्यापक परिवर्तन आएको छ । अहिले गहना उतिसारो बिक्री नभए पनि तीजका बेला बिक्री केही मात्रामा भए पनि वृद्धि हुने न्युरोडका व्यापारीहरू बताउँछन् । यसपटकको तीजमा महिलाहरू तिलहरी, चुरा, औंठी, टप, झुम्काजस्ता हल्का डिजाइनका गहनाप्रति आकर्षित देखिएको उनीहरूले बताए । कलेज पढ्ने युवतीहरू भने चेन, पत्थर भएका औंठी तथा टप लगाउन रुचाउँछन् ।

यसबाहेक बजारमा तीजका भाका समेटिएका गीतिसंग्रहहरू पनि घन्किरहेका छन् । म्युजिक नेपालले गायिका कोमल वलीको 'पोइल जान पाम', मेलोडी नेपालले 'शिरैको शिरफुल', शिला क्यासेट सेन्टरले तीज गीतको भीसिडी 'पुतलीको भट्टी' तथा रामचन्द्र काफ्लेको तीजको कोसेलीका रूपमा 'के भयो र घरमा दिदी' जस्ता संग्रहहरू बजारमा आएका छन् । चलचित्र निर्माताहरूसमेत तीजमा नयाँ चलचित्र प्रदर्शन गर्न कुरेर बसेका छन् ।

मिठाई तथा फलफूलको माग तीजमा अलि बढी नै हुन्छ । कालिमाटी तरकारी तथा फलफूल बजारका अध्यक्ष राजन पोखरेलका अनुसार अहिले विगतको तुलनामा थप पाँचदेखि दस ट्रक फलफूल दैनिक राजधानी भित्रिरहेका छन् । दुई दिनअघिको बाबुको मुख हेर्ने दिन तथा त्यसपछिको दर खाने दिनका कारण मिठाई तथा फलफूलको व्यापार उत्कर्षमा पुगेको हो । धार्मिक महत्त्वको पर्व भए पनि अहिले तीजको व्यापारिक महत्त्व पनि बढ्दै गएको छ । तीजमा बढ्ने पहिरन, गरगहना, फलफूल तथा मिठाईको व्यापारले पनि उक्त कुरा पुष्टि हुन्छ ।



# महिलाहरूको सोऱ्ह श्रृंगार

महिलाहरूको विशेष चाड तीजमा माइत जाने तथा कोभन्दा को राम्री देखिने भन्ने होडबाजी नै चल्छ । तीजका कारण अहिले बजारमा महिलाहरूको भीड चुरा, टीका तथा श्रृंगार पसलहरूमा बढी नै छ । तीजकै अवसरमा महिलाहरूबीच सोऱ्ह श्रृंगारका कुराहरू पनि भैरहेका छन् । हुन त महिलाहरू श्रृंगारका बारेमा त्यसै पनि सचेत हुन्छन् ।

महिलाहरूले सोऱ्ह श्रृंगार गर्ने चलन धेरै पुरानो हो । श्रृंगारको परम्परागत रूपको कुरा गर्ने भने यसअन्तर्गत कानपासा, ढुङ्ग्री, बुलाकी, बिन्दी, चुरा, औंठी, पाउजु, माला, सिन्दूर-पोते, तीलहरी, बाला, गाजल, लाली, मेहन्दी, गरगहना, नत्थी, बास्ना आउने तेल, अत्तर आदि पर्छन् । अहिले सोऱ्ह श्रृंगारका यी साधनहरूमा निकै परिवर्तन आइसकेको छ । अझ यसलाई राम्रोसँग भन्नुपर्दा समयसँगै श्रृंगारका यी साधनहरूमा पनि परिवर्तन आइसकेको छ । परम्परागत सोऱ्ह श्रृंगारका यी सामग्रीहरू महिलाहरूका लागि उपयुक्त भए पनि अचेल श्रृंगारका यी साधनहरूबाहेक अरू केही साधनलाई पनि सोऱ्ह श्रृंगारअन्तर्गत राख्न थालिएको छ, जसले महिलाहरूको सौन्दर्यलाई अझ बढी आकर्षक बनाउन मद्दत गर्छन् ।

महिलाको शिरदेखि पाउसम्म श्रृंगार गर्ने परम्परा धेरै पुरानो हो, जसअन्तर्गत केशको सज्जादेखि लिएर खुट्टामा लगाउने मेहन्दीका साथै पाउजुसम्म पर्छ । जस्तो अचेल केश कलर तथा पर्म गर्ने फेसन छ । यदि पुराना तस्बिर तथा चलचित्र हेर्ने हो भने ती तस्बिर तथा चलिचत्रहरूमा घुम्रिएको तथा भिन्दाभिन्दै प्रकारले सजिएको केश देख्न पाइन्छ । केश घुमार्नका लागि अचेल कर्ल्सको प्रयोग गरिन्छ तर पहिले यस प्रकारको सुविधा थिएन । केश नुहाए पछि हल्का सुकाएर मसिनो गरी बाटेर छाड्नाले केश पर्म गरेजस्तो देखिन्थ्यो । पहिले महिलाहरू केशमा नयाँ लुक दिनका लागि यस्तो उपाय अपनाउँथे, तर अहिले सोऱ्ह श्रृंगारको परम्परामा धेरै नै परिवर्तन आइसकेको छ । यसलाई अझ स्पष्ट रूपमा भन्ने हो भने सोऱ्ह श्रृंगार अब एक सय सोऱ्ह भैसकेको छ ।

**केशको सजावट**

परम्परागत महिलाहरू केशमा रिबन, धागो तथा चुल्ठोमा चमेलीको फूल लगाउँथे भने अचेल चुल्ठो सजाउनका लागि बेली, चमेलीभन्दा गुलाब तथा सयपत्रीका फूलहरूको प्रयोग गरिन्छ । अझ चुल्ठो तथा जुरो पहिरनको रंगसँग मिल्दो फूलले सजाउने चलन चलेको छ । यस्ता चलनहरूले अब श्रृंगार केवल परम्परागत मात्र नभएर यसमा नयाँ-नयाँ प्रयोग हुन थालेको छ । जुरो तथा चुल्ठोलाई विभिन्न किसिमले सजाउन थालिएको छ । सुन्दरता बढाउन कृत्रिम फूलहरूको प्रयोग पनि बढी नै रहेको छ ।

**सिन्दूर**

आज पनि सिन्दूरको महत्त्व पहिलेझैं कायम छ । आज पनि महिलाहरू सिन्दूरलाई सोऱ्ह श्रृंगारमध्ये सबैभन्दा महत्त्वपूर्ण मान्छन्, तर यसमा पनि धेरै परिवर्तन देखिएको छ । परम्परागत रूपमा सिन्दूर पाउडर अथवा धूलो नै प्रयोग गरिन्थ्यो, तर आज सिन्दुरलाई तरल पदार्थका रूपमा प्रयोग गर्न थालिएको छ । अझ बजारमा पेन्सिल तथा लिपस्टिकको आकारमा सिन्दूर पाइन थालेको छ । महिलाहरू अब सिन्दूरलाई पहिलेझैं सिउँदोमा मात्र लगाउँदैनन् । उनीहरू यसलाई सिउँदोबाट प्रारम्भ गरेर निधारको माथिल्लो भागसम्म ल्याउँछन् ।

**आँखाको श्रृंगार**

परम्परागत रूपमा आँखाको श्रृंगार भन्नाले आँखामा केवल गाजल लगाइन्थ्यो, तर अचेल आँखाको श्रृंगार बढी महत्त्वपूर्ण बनेको छ । गाजलसँगै मस्कारा, आईस्याडो, आई लाइनर आदिको प्रयोग गर्न थालिएको छ । अचेल त कलरफूल कन्ट्याक्ट लेन्स लगाउने प्रचलन पनि बढ्दो छ ।

**अनुहार तथा ओठको मेकअप**

पहिले लिपस्टिक तथा रोजको चलन थिएन । ओठलाई गुलाबी तथा रातो बनाउन पान अथवा दत्तिउन प्रयोग गरिन्थ्यो भने ओठलाई अझ बढी रातो बनाउनका लागि मखनमा सिन्दूर मिश्रण गरेर ओठमा लगाइन्थ्यो । अहिले अनुहार तथा ओठको मेकअपका लागि अनेकन प्रसाधन उपलब्ध छन् । ओठका लागि पेन्सिल, लिप ब्लस तथा लिपस्टिकहरू छन् भने अनुहारका लागि विभिन्न मस्चराइजिङ क्रिम, फेस पाउडर, फेस प्याक, ब्लसअन, रोज आदि उपलब्ध छन् । यति मात्र होइन, अचेल त लिपस्टिक नै विभिन्न रंगमा उपलब्ध छन्, गुलाबीदेखि नीलोसम्मका विभिन्न सेडहरू उपलब्ध छन् । पहिरनको रंगअनुसार लिपस्टिकको रंग प्रयोग गर्ने प्रचलन बढ्दो छ ।

**बिन्दी**

परम्परागत युगमा बिन्दीलाई केवल विवाहित महिलाले मात्र प्रयोग गर्थे भने अहिले यो अविवाहित युवतीहरूबीच पनि लोकप्रिय छ । बिन्दीको डिजाइनमा पनि धेरै परिवर्तन आएको छ । पहिले यो केवल सुन-चाँदीको मात्र हुन्थ्यो भने अहिले आएर यो स्टिकर देखि स्टोनसम्मका डिजाइनमा उपलब्ध छ ।

**नत्थी तथा बुलाकी**

नत्थी तथा बुलाकीको प्रयोग पनि परम्परागत रूपमै गरिन्थ्यो, तर अचेल यसलाई नयाँ तरिकाले लगाउन थालिएको छ । अचेल सानो नोज रिङ अथवा नत्थी नाकमा मात्र नभएर नाइटो, आईब्रो, ओठ तथा नङमा समेत लगाइन्छ ।

– **अरुणा भट्टराई**

# महोत्सव तीजको



साप्ताहिक समाचार

काठमाडौं– 'तीजको लहर आयो बरी लै....' यस पटकको तीजमा यो गीत त्यति सुनिएको छैन । अघिल्लो वर्ष गायिका सिन्धु मल्लले गाएको तीज गीत 'चिटिक्कै भा'छु रे...' चर्चामा थियो, तर यसपटक भने गायिका कोमल वलीले बाजी मारेकी छिन् । टेलिभिजन च्यानलदेखि एफ.एम.सम्मका सांगीतिक कार्यक्रममा गायिका वलीको नयाँ तीज गीत 'पोइल जान पाम् शिव पोइल जान पाम' बजिरहेको छ । नृत्य गर्न मिल्ने भाकामा तयार पारिएको यो गीतका बारेमा विभिन्न टीकाटिप्पणी भैरहे पनि यस पटकको तीजमा यो गीतले विवाहित/अविवाहित सबैको ध्यान खिचिरहेको छ । सञ्चारमाध्ययमा मात्र कहाँ हो र ? तीजको उपलक्ष्यमा गत साता आयोजित तीज महोत्सवहरूमा समेत यही गीत नै गाइयो । अघिल्लो साता धापाखेलमा आयोजित तीजविशेष कार्यक्रममा गायिका वली नै महिलाहरूलाई यही गीतमा नचाइरहेकी थिइन् ।

शनिबार रोटरी क्लबमा सम्पन्न 'तीजको रहर आयो बरी लै' कार्यक्रममा यसै वर्ष विवाह भएका युवतीहरू मात्र होइन, नाति-पनाति हुर्काइसकेका हजुरआमाहरूसमेत 'पोइल जान पाम' भन्दै कम्मर मर्काइरहेका थिए । तीजलाई हर्षोल्लासमय बनाउन तीज आउनु एक साताअघि नै आयोजित सांस्कृतिक कार्यक्रमको प्रमुख आकर्षण नै तीजसम्बन्धी गीतमा नृत्य गर्नु थियो । नेपाल किड्नी समाजद्वारा महिला मृगौला पीडितहरूको सहयोगका लागि आयोजित कार्यक्रममा पूर्व मिस नेपाल उषा खड्गी मात्र होइन, मोडल सुचित्रा आचार्य, गायिका लोचन भट्टराई, चन्दा देवान आदि पनि तीजगीत गाएर आफूसहित उपस्थित सबै महिलालाई नचाइरहेका थिए । बिहान ११ बजे प्रारम्भ भएको उक्त महोत्सव महिलाहरूले प्रयोग गर्ने सौन्दर्यका सामग्रीहरूको स्टलले सजिएको थियो ।

तीजकै अवसर पारेर भोलि शनिबार आयोजना गर्न लागिएको 'किड क्विन नेपाल २०६३' प्रतियोगिताका ४७ जना प्रतिस्पर्धीले आफ्ना आमाहरूलाई भेला पारेर तीजको दर खाएका छन् । गत बुधबार ठमेलस्थित जीएए हलमा नेप्लिज फेसन होमले आयोजना गरेको 'तीजको दर खाने कार्यक्रम' मा चार दर्जनभन्दा बढी महिलाले आफ्ना सुन्दर छोरीहरूसँग बसेर दर मात्र आएनन्, दर खाएपछि तीजका गीतहरूमा मन खोलेर नृत्यसमेत गरे । कार्यक्रमका आयोजक हेमा मानन्धर भन्दै थिइन– 'स-साना बालिकाहरूलाई तीजको महत्त्व बुझाउन तथा एकआपसमा सद्भाव कायम गर्न यो कार्यक्रम आयोजित गरिएको हो ।' तीजको दर पुरुषहरूले समेत खान सक्छन् भन्ने करा व्यक्त गर्न उनले पुरुष सञ्चारकर्मीलाई समेत निमन्त्रणा गरेकी थिइन् ।

सुन्धारासँगैको काठमाडौं मलस्थित इडन रेस्टुराँमा पनि तीज महोत्सव शीर्षकमा तीज मेला आयोजित गरियो । गत शनिबार तथा आइतबार आयोजित महोत्सवमा फुड फेस्टिवल, नेल आर्ट, मेहन्दी आर्टका स्टलहरू सजाइएका थिए । त्यसबाहेक सारी, कुर्ता-सलबार तथा गरगहनाका स्टलमा पनि महिलाहरूको उल्लेख्य सहभागिता देखियो ।

# तीजको लहर आयो बरिलै

शिव शर्मा

*तीज आयो माइत जानी पालो अहिले मैंरै हो*
*माइती आँगन नटेकेकै साह्रै धेरै भो !*

यति बेला यस्तै गीतहरूसँगै महिला दिदीबहिनीहरूको रमाइलो पर्व हरितालिकाको चहलपहल गाउँदेखि सहरबजारसम्म छाइसकेको छ । महिलाहरू राताम्मे पहिरनमा सजिएका छन् ।

अहिले पर्यटकीय नगरी पोखरामा पनि तीजको रमझम छ । रेडियो एफ.एम.देखि टेलिभिजनहरूमा तीजका सुरिला भाकाहरू गुन्जिन थालेका छन् । विभिन्न पसलमा तीजका सरसमान खरिद गर्ने महिलाहरूको भीड पनि उत्तिकै छ । रातो पहिरनमा दिदीबहिनीहरू गरगहनाले झकीझकाउ देखिन थालेका छन् । तीजकै लागि भनेर स्थानीय बुटिक तथा फेन्सी पसलहरू रातै पहिरनले रंगिएका छन् ।

महेन्द्रपुलस्थित सेभी बुटिकमा हरितालिका तीजका लागि भनेर विशेष पहिरन तयार पारिएको छ । 'हरेक वर्ष हाम्रो बुटिक तीजविशेष नै हुने गरेको छ,' बुटिक सञ्चालिका तथा फेसन डिजाइनर सविता शेरचन बताउँछिन् । बुटिकहरूमा सिल्क, सिफोन, नेट, जर्जट आदिका राता रङ्गीविरङ्गी साडी, कुर्ता-सलवार तथा मिनिस्कटहरूको माग अधिक हुने गरेको छ । यस किसिमको रौनकले तीज अझ रमाइलो हुने महिलाहरूको अनुभव छ । कारण अहिले मुलुकको स्थिति विगतको तुलनामा केही सहज छ । त्यही भएर महिलाहरू यसपटकको तीजमा दिल खोलेर तीजे भाका नाच्न कस्सिएका छन् । मुलुकमा आएको परिवर्तनले यस पटक तीज रमाइलो होला जस्तो छ, ब्युटिसियन चिनु गुरुङको धारणा छ ।

पोखराका थुप्रै ठाउँमा तीज मेला आयोजित हुन्छन् । पोखरामा तीज गीत प्रतियोगिता आयोजना हुने क्रम पनि तीव्र छ । त्यस्तै तीजलाई केन्द्रित गरी निकालिएका गीतिक्यासेटहरू बिक्री-वितरण पनि व्यापक भैरहेको स्थानीय व्यापारी बताउँछन् । पोखरामा लोकगायिका हरिदेवी कोइरालाको 'लोकतन्त्रको दियो' शीर्षक तीजगीतको क्यासेट निकै चलेको छ । गीतमा सासँ-बुहारीको कचकच मात्र होइन, मुलुकमा समसामयिक राजनैतिक घटनाक्रमका साथै विधवाले रातो पहिरन किन लगाउनु हुँदैन भन्ने प्रश्न उठाइएको छ ।

आजभोलि तीजगीत गाउने प्रचलनमा पनि ठूलो परिवर्तन आएको छ । पहिले केवल सासँ-बुहारी तथा घरपरिवारको गन्थन मात्र हुन्थ्यो गीतमा । आजभोलि समसामयिक चेतनालाई तीजगीतमा प्रस्तुत गरिन्छ । अहिलेसम्म तीजगीतका १५ वटाभन्दा बढी एल्बम बजारमा ल्याइसकेकी चर्चित लोकगायिका हरिदेवी कोइराला अहिले तीजगीतमा आएको दोहोरीको प्रचलनले विकृति पनि भित्रिएको गुनासो गर्छिन् । कोइराला भन्छिन्- 'तीजगीतमा आजभोलि भाव छैन, हल्का र व्यावसायिक मात्र भयो तीजगीत ।'

धेरै महिला तीजलाई घटना पर्वका रूपमा पनि व्याख्या गर्छन् ।



तीजमा खुट्टा बजारेर नाच्न र गाउन पाएपछि भोकतिर्खा सबै भुल्छन् महिलाहरू । अहिलेको तीजमा पनि यस्तै रौनक छाइसकेको छ । सहरबजार तीजले रनक्क तातेको छ । रातै पहिरनमा सुसज्जित हुँदै माइतीघर ओहोरदोहोर गर्ने चेलीबेटीहरूको लावालस्कर सुरु भैसकेको छ ।

# तीजका लागि मेकअप



तीजको व्रत बस्नेहरूले आफ्नो मेकअप गर्दा केही विशेष कुरामा ध्यान दिनुपर्छ । तीजमा प्रायः रातो सारी र हरियो पोते लगाइन्छ । तीज गर्मीयाममा पर्ने भएकाले व्रतका बेला घामबाट जोगिन हल्का मेकअप गर्नुपर्छ । मेकअप गर्नुअघि तातो पानी र चिसो पानीलाई अलग-अलग भाँडामा राखी त्यसमा एक-एक चम्चा फिटकिरी हालेर दुवै भाँडाबाट पालैपालो गरी अनुहारमा बाफ लिनुपर्छ । यसरी १५ मिनेट बाफ लिएपछि शरीरबाट निस्कने पसिना नियन्त्रित हुन्छ । त्यसपछि मेकअप गर्नुपर्छ । अनुहारको रङअनुसार फाउन्डेसन मिलाउनुपर्छ । अनुहारको मेकअप गर्न लुज पाउडर, मेकअप सेट, लिप पेन्सिल, आई पेन्सिल, आइकल, मस्करा, लिपिस्टिक, टीका चाहिन्छ ।

- सबैभन्दा पहिले भिजेको मलमल कपडाले अनुहार पुछ्ने र केही बेर बाफ लिएपछि लुज पाउडर अनुहारमा बिस्तारै लगाउने । आइब्रो पनि आफ्नो अनुहारको आकारअनुसार कोर्ने । अण्डाकार अनुहारमा जस्तो सेपको आइब्रो पनि सुहाउँछ, तर गोलो अनुहार छ भने भी आकारको आइब्रो बनाउने ।
- दुवै कलर हल्का-हल्का गरी कोर्ने ।
- अहिले गोल्डेन पिंक सिल्भर फेसनमा छ, तर रातो सारीसँग मिल्ने कलर भने ब्राउन पिंक रेड स्याडो मिक्स हो ।
- आँखाको साइडमा पिंक र आई बलमा गोल्डेन कलर तथा आइकलको तल राइडमा ग्रीन कलर पनि सुहाउँछ ।
- पेन्सिलले ओठमा आकार कोर्ने र एक पटक लिपस्टिक लगाउने । त्यसकै माथिबाट पाउडर थप्ने र ब्रसको सहायताले बढी भएको पाउडर हटाउने । त्यसपछि फेरि लिपिस्टिक लगाउने ।
- सानो ओठमा ग्लसी लिपिस्टिक राम्रो देखिन्छ भने ठूलो ओठमा सुख्खा लिपिस्टिक सुहाउँछ । पहिले सबै भागमा फैलिने गरी फाउन्डेसन लगाउने । फाउन्डेसन घाँटी, कान, अनुहारमा केयर गरी लगाउनु राम्रो हुन्छ ।
- ब्राउन कलरको स्याडोले नाक कानको साइडमा हल्का नाकको सेप दिने ।
- लिपस्टिक रातो वा पिंक हुनुपर्छ । रोज लगाउँदा गालाको आकार हेरेर लगाउनुपर्छ । अन्डाकार अनुहार छ भने रोज जसरी लगाए पनि सुहाउँछ । गोलो अनुहार छ भने रोज कम लगाउनुपर्छ । गाला भित्र पसेको छ भन्ने गालालाई फुलाएर रोज लगाउने । गाला ठूलो छ भन्ने थोरै मात्र रोज लगाउने ।

# स्कर्टमा स्टाइलिस लुक

-यदि स्कर्ट लगाएर कुनै फर्मल कार्यक्रममा जान रुचाउनुहुन्छ भने डेनिम स्कर्टको छनौट उत्तम हुन्छ । यसका साथमा सुन्दर, म्याचिङ टप तथा हाइहिल सुजको कम्बिनेसनले स्टाइलिस लुक दिनुका साथै प्रोफेसनल पनि देखाउँछ ।

-नाइट पार्टीका लागि भने ब्राइट कलर्सका स्कर्टको छनौट राम्रो हुन्छ । यसका साथमा बिड्स वर्क गरिएका स्लिभलेस टप लगाउन सकिन्छ । लङ-स्कर्टका साथमा प्लेन, प्रिन्टेड वा इम्ब्रोइडरी गरिएका कोर्सेटको प्रयोग पनि राम्रो हुन्छ ।

-फ्युजन लुकको चाहना राख्नुहुन्छ भने बन्धेजको स्कर्ट र सर्ट कुर्ती प्रयोग गर्नु राम्रो हुन्छ । बन्धेजको दुपट्टाका साथमा मिरर वर्क वा इम्ब्रोइडरी गरिएका स्कर्टको कम्बिनेसनलाई पनि फ्युजन लुकका लागि प्रयोग गर्न सकिन्छ ।

-यदि स्लिम लुक मन पराउनुहुन्छ भने फ्लेयरयुक्त स्कर्टको साथमा ठूल्ठूला प्रिन्ट भएका टप वा कर्ती छनौट गर्न सक्नुहुन्छ । फिगरअनुसार वार्डरोबमा पिच, आइस-ब्लु, पिन्क जस्ता हल्का सेडका कलरफुल ड्रेसलाई महत्त्व दिनु राम्रो हुन्छ ।

-यदि स्लिम-ड्रिम हुनुहुन्छ र फिगर पनि सुन्दर छ भने जिप्सी स्कर्टका साथमा हिप-लेन्थको कुर्ती प्रयोग गर्न सकिन्छ । यसबाट अझ बढी हट र सेक्सी देखिन्छ ।

-सितारा, मिरर वर्क गरिएका फ्लेयर्ड स्कर्टमा स्मार्ट टपको कम्बिनेसनले स्पार्कल लुक प्रदान गर्छ भने लेयर्ड स्कर्ट र निटेड कार्डिगनको कम्बिनेसनले व्यक्तित्वमा ग्ल्यामर लुक सञ्चार गर्छ ।

-यदि फिगर त्यति पर्फेक्ट छैन भने स्ट्रेट एलाइन स्कर्टका साथमा हिपलेन्थ टपको कम्बिनेसनलाई प्रयोग गर्नुपर्छ ।


-

हिजो-आज पोन्चोको प्रचलन पनि बढेको छ । पोन्चोका साथमा स्कर्ट प्रयोग गरेर डिसेन्ट लुक प्राप्त गर्न सकिन्छ ।

-यदि उचाइ राम्रो छ र खुट्टा सुन्दर एवं स्लेन्डर छ भने छोटो स्कर्ट लगाएर आफ्नो फिगरलाई सेक्सी लुक प्रदान गर्न सकिन्छ तर खुट्टा स्लेन्डर र प्रोपर्सनमा छैन भने लङ स्कर्ट लगाउनु उचित हुन्छ ।

-यदि आफ्नो उचाइ सामान्यभन्दा कम छ भने घुँडासस्म फ्ल्याट र त्योभन्दा तल फ्लेयरयुक्त स्कर्ट लगाएर आफ्नो लुकमा स्टाइल थप्न सकिन्छ । यदि ग्ल्यामरस लुक चाहने हो भने सिफन वा जर्जेटका स्कर्टका साथमा कोर्सेट तथा हाइहिल सुज प्रयोग गर्न सकिन्छ ।

स्टाइलिस एवं डिसेन्ट लुकका लागि कलर कम्बिनेसन पनि महत्त्वपूर्ण हुने भएकाले रंग छनौटमा पनि उत्तिकै सजगता अपनाउनुपर्छ । नाइट पार्टीका लागि जहाँ रेड वाइन, ब्ल्याक, गोल्डेन वा हेवी वर्क गरिएका स्कर्ट बढी सुहाउँदा देखिन्छन् । दिउँसो पिन्क, ब्लु, पर्पलजस्ता लाइट सेड बढी उपयुक्त हुन्छन् । अफिस एवं फर्मल वातावरणका लागि भने डार्क सेडका कलरका साथमा फर्मल स्कर्ट छनौट गर्नु राम्रो हुन्छ । पिकनिक वा घुमफिरका लागि भने फ्लावरी एवं बोल्ड प्रिन्टयुक्त स्कर्ट बढी सुइटेबल हुन्छ ।







# फुटबलमा बलियो दाबेदारी



**साप्ताहिक समाचार**

काठमाडौं– दसौं साग खेलकुदका लागि कोलम्बोतर्फ प्रस्थान गर्नुअघि नेपाली फुटबल टिमका प्रशिक्षक श्याम थापाले दावीका साथ भनेका थिए- 'हामी फुटबलमा स्वर्ण पदक जित्ने लक्ष्यका साथ श्रीलंका जाँदै छौं। दसौं सागको औपचारिक उद्घाटनभन्दा तीन दिन अघि प्रारम्भ भएको फुटबलका प्रारम्भिक चरणका नतिजाहरूले प्रशिक्षक थापाको उक्त दावीलाई पुष्टि गर्ने केही आधार उपलब्ध गराएको छ। साग फुटबलअन्तर्गत समूह बीमा भारत, बंगलादेश तथा अफगानिस्तानसँगै परेको नेपालले आफ्नो पहिलो खेल बंगलादेशसँग खेलेको थियो। खेल सकिन केही क्षण मात्र बाँकी रहँदासम्म उक्त खेलमा नेपाल पराजयको सँघारमा थियो, तर इन्ज्युरी समयमा बंगलादेशका रक्षापंक्तिका खेलाडीले डी-एरियामा नेपालका विजय गुरुङलाई लडाएपछि प्राप्त पेनाल्टीमा सन्तोष साहुखलले खेललाई बराबरीमा टुङ्ग्याउने गोल गरे। उक्त खेलपछि विश्लेषकहरूले प्रशिक्षक थापाको दावी फितलो रहेको टिप्पणीसमेत गरे।

आफ्नो समूहको दोस्रो खेलमा पनि नेपालले भारतसँग बंगलादेशकै परिणाम दोहोर्‍याएपछि भने नेपालको सेमिफाइनलमा प्रवेश गर्ने सम्भावना एकपटक फेरि ब्यूझियो। भारतसँगको खेलमा नेपाललाई एकपटक फेरि भाग्यले साथ दियो र खेल सकिनुभन्दा १३ मिनेटअघि प्राप्त पेनाल्टीलाई एक पटक फेरि सन्तोष साहुखलले नै गोलमा परिणत गरेर नेपालको सम्भावनालाई कायमै राखे। नेपालले भारतसँग पनि बराबरीमा खेलेपछि, २/२ खेलपछि यो समूहका सबै सहभागी टिमसँग समान २/२ अंक थियो। गोल अंकका आधारमा नेपाल समूहको शीर्ष स्थानमा रहे पनि सेमिफाइनलमा प्रवेशका लागि अफगानिस्तानसँगको खेल कम्तीमा बराबरीमा टुङ्ग्याउनुपर्ने वा अफगानिस्तानलाई जित्नैपर्ने दबाबमा नेपाली खेलाडीहरू थिए।

उता खेलको नियति भने बेग्लै थियो। आफ्नो निर्णायक खेलमा नेपालले अफगानिस्तानलाई १ का विरुद्ध ५ गोलले पराजित गर्दै समूहमा शीर्ष स्थान कब्जा गरेर सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित गर्‍यो। अफगानिस्तानविरुद्धको खेलमा नेपालका लागि जुमानु राई तथा युगलकिशोर राईले २/२ गोल गरे भने विजय गुरुङले १ गोल गरेका थिए। उक्त खेलमा अफगानिस्तानले एक मात्र गोल फर्काउन सक्यो। अफगानिस्तानविरुद्धको फराकिलो जित साग खेलकुदको इतिहासमा नेपालका लागि दोस्रो ठूलो जित हो। यसअघि नेपालले आठौं साफमा भुटानलाई शून्यका विरुद्ध ७ गोलले पराजित गरेर नेपालका लागि सबैभन्दा ठूलो अन्तर्राष्ट्रिय जित प्राप्त गरेको थियो।

सेमिफाइनलमा नेपालको प्रवेशलाई फुटबल विशेषज्ञहरूले ठूलो आश्चर्यका रूपमा हेरेका छैनन्। दसौं सागमा फुटबलको प्रारम्भिक चरणका नतिजाहरूले विगत दस वर्षयता नेपाली फुटबलमा गरिएको लगानी, लिग फुटबलमा भएको सुधार, उमेर समूहको फुटबलमा नेपालले गरेको मेहनत आदि सबैको नतिजा बिस्तारै देखिँदै गएको तर्फ संकेत गरेको छ।

आठौं साफपछि दक्षिण एसियाली खेलकुदमा नेपाल सेमिफाइनलमा प्रवेश गरेको थियो भने नवौं साफमा नेपाल लिग चरणबाटै बिदा भएको थियो। अहिले नेपाल सेमिफाइनलमा मात्र प्रवेश गरेको छ। सेमिफाइनल प्रवेश रोमाञ्चकारी भए पनि पदक सुरक्षित छ भनिहाल्नुपर्ने अवस्था अझै सिर्जना भएको छैन। सेमिफाइनलमा नेपालले मालदिभ्सको सामना गर्दैछ।

## तीन कास्य मात्रै

दसौं दक्षिण एसियाली खेलकुद (साग) को ब्याडमिन्टनतर्फ नेपालले जम्मा तीन कास्य पदक हात पार्‍यो। नेपालले पुरुष टिम इभेन्ट्स तथा महिला टिम इभेन्ट्सतर्फ कांस्य पदक जितेको हो। यसैगरी सुमिना श्रेष्ठले नेपाललाई ब्याडमिन्टनमार्फत नै पहिलो कांस्य दिलाएकी थिइन्। सुमिना बहुराष्ट्रिय खेलकुदको एकल स्पर्धामा पदक जित्ने नेपाली ब्याडमिन्टन खेलको इतिहासकै पहिलो खेलाडीसमेत बनेकी छिन्।

पुरुष तथा महिला टिम इभेन्ट्स दुवैमा भारतले सेमिफाइनलमा नेपाललाई



५-० ले पराजित गरेको थियो। माल्दिभ्सलाई क्वाटरफाइनलमा सहजै ५-० ले हराएको नेपाली पुरुष टिमले सशक्त भारतीय टिमविरुद्ध उत्कृष्ट प्रदर्शन गरे पनि सफलता प्राप्त गर्न सकेन। भारतीय खेलाडिसँगको खेलमा पशुपति पनेरु उत्कृष्ट प्रदर्शनका बाबजुद १६-२१ तथा १७-२१ ले पराजित भए।

साग खेलकुदको औपचारिक उद्घाटनभन्दा दुइ दिनअघि नै सुरु भएको ब्याडमिन्टनका सात स्पर्धामा एसियाली स्तरको भारतीय टिमले एकलौटी अधिकार जमायो

नेपालको प्रदर्शन चार स्पर्धामा भने राम्रो हुन सकेन। महिला युगल, मिक्स डबल्स, पुरुष एकलमा कसैको पनि प्रदर्शन राम्रो रहन सकेन। दक्षिण एसियाली स्तरको ब्याडमिन्टनमा लगातार दुई पटक रजत पदक जितेको नेपाली महिला युगल जोडी यस पटक कमजोर देखियो। आफ्नी सहकर्मी पूजा श्रेष्ठको अभावमा सुमिनाले उक्त इभेन्टमा कुनै चमत्कार देखाउन सकिनन्। ब्याडमिन्टनमा प्राप्त आंशिक सफलतामा रमाएका नेपाली खेलाडीहरू भने नेपाली ब्याडमिन्टनलाई व्यावसायिक बनाउन सके मात्र दक्षिण एसियाली राष्ट्रमा आफ्नो स्थान प्रतिस्पर्धात्मक हुन सक्ने बताउँछन्। उनीहरू भन्छन्– 'हामीले विगत केही वर्षमा राम्रो सुधार गरेका छौं तर योभन्दा राम्रो हुनका लागि थप एक्सपोजर तथा व्यावसायिकता आवश्यक छ।'

## उसुमा मस्त विना

कुनै समय विना खड्का र उसु एक-अर्काका पर्यायजस्तै थिए। विना उसुमा संलग्न हुने पहिलो पुस्ताकी नेपाली महिला खेलाडी हुन्। पाँच वर्षअघि उनी उसुबाट एकाएक हराइन्। आफ्ना उसु प्रशिक्षक श्रीमान्सँग अमेरिका प्रवेश गर्नु त्यसको कारण थियो।

उनले दसौं सागमा सहभागी हुने योजना भने केही महिनाअघि अमेरिकाको भर्जिनिया राज्यमा आफ्ना श्रीमान्सँग बुनेकी थिइन्। अन्ततः दसौं दक्षिण एसियाली खेलकुद (साग) मा भाग लिन विना अमेरिकाबाट नेपाल फर्किन्। कडा अभ्यास गरिन् र अन्ततः स्वर्ण जितेर देखाइन्।

विनाले थाउलुअन्तर्गतको नानछ्वानमा स्वर्ण पदक जितेकी हुन्। उसु भनेपछि हुरुक्क हुने ३३ वर्षीया विनाले नानछ्वानमा ८ दशमलव ९३,



नानताउमा ८ दशमलव ९१ र नानकुनमा ८ दशमलव ९८ गरेर कुल २६ दशमलव ८२ अंक प्राप्त गरिन्। 'स्वर्ण पदक जितेकोमा निकै खुसी छु। व्यक्तिगत रूपमा यो मेरा लागि सबैभन्दा ठूलो उपलब्धि हो। मेरो कडा मिहेनतले रंग देखाएको छ,' उनले भनिन्।



तस्बिरहरू : राष्ट्रिय फोटो पत्रकार समूह

खेल्दाखेल्दै उनले आफ्नै प्रशिक्षक चन्द्र लामासँग मायाप्रीति गाँसिन्। 'सुरुका केही वर्षमा खासै आकर्षण थिएन, प्रशिक्षक र चेलीकै सम्बन्ध थियो,' उनले सम्झिन्– 'तर कति बेला माया-प्रीति बस्यो थाहै भएन।' यसअघि उनले अन्तर्राष्ट्रिय स्तरमा तीन स्वर्ण जितेकी छिन्। उनी अमेरिका गएको पाँच वर्ष भयो। त्यहाँ उनी चिनियाँ मार्सल आर्ट्स सेन्टरमा उसु सिकाउँछिन्। उनका श्रीमान्को काम पनि यही हो। उनकी छोरी श्रुसनिता पनि अमेरिकामै उसु सिकिरहेकी छिन्।

# ऐतिहासिक उपलब्धिको बाटोमा नेपाली क्रिकेट

**साप्ताहिक समाचार**

काठमाडौं- दक्षिण एसियामा बढेको क्रिकेटको क्रेजलाई पछ्याउँदै अघि बढेको नेपाली क्रिकेटले मलेसियामा चलिरहेको एसीसी ट्रफी क्रिकेट प्रतियोगितामा एकपछि अर्को गर्दै सफलता हात पारेको छ। नेपालले आफ्नो समूहको पहिलो चरणको खेलमा चारवटै प्रतिद्वन्द्वीलाई एकतर्फी रूपमा पराजित गरेर नेपालमा राष्ट्रिय टिमको प्रदर्शन खस्किएको अनुभव नेपाली क्रिकेटप्रेमीहरूले समेत गरिरहेको अवस्थामा मलेसियामा आयोजित एसीसी ट्रफी प्रतियोगितामा नेपालका राष्ट्रिय खेलाडीहरूले आफ्नो मुलुकलाई दिलाएको सफलताले नेपाली क्रिकेटमा नयाँ आशासमेत जगाएको छ। राष्ट्रिय टिमको विगतको प्रदर्शन केही खस्किएको अनुभव स्वयं नेपाली क्रिकेटका अन्तर्राष्ट्रिय प्रशिक्षक रोय

## नेपाल सेमिफाइनलमा

**एसीसीको पछिल्लो नतिजाले नेपाललाई सेमीफाइनलमा प्रवेश गराएको छ। क्वाटर फाइनलमा नेपालले बहराइनलाई २५ रनले पराजित गरेपछि नेपाल सेमिफाइनलमा उक्लिएको हो। यो जितसँगसँगै एसीसी ट्रफीको इतिहासमा नेपाल पहिलो पटक सेमिफाइनलमा प्रवेश गरेको छ। यसअघि सन् २००४ को एसीसी ट्रफीमा नेपाल क्वाटरफाइनलमा फिजीसँग पराजित भएको थियो।**

**बहराइनसँगको खेलमा पहिले ब्याटिङ गर्दै नेपालले बहराइनसमक्ष २ सय १ रन बनाउने चुनौती प्रस्तुत गरेको थियो। नेपालको यो स्कोरमा ज्ञानेन्द्र मल्लको अर्धशतक सामेल थियो। नेपालको चुनौती सामना गर्न मैदानमा ओर्लिएको बहराइन निर्धारित ५० ओभरमा जम्मा १ सय ७५ रनमा सीमित भयो। यस क्रममा बहराइनका ९ खेलाडी आउट भए। प्रतियोगिताका म्यान अफ दि म्याच घोषित नेपालका वसन्त रेग्मीले ३ विकेट लिएका थिए।**

लुक डायसले गर्न थालेपछि यस क्रिकेटको विकासले निरन्तरता पाइरहेको छ भन्ने कुरालाई एकपटक फेरि प्रमाणित गरेको छ।

एसीसी ट्रफीअन्तर्गत समूह 'सी' मा कुबेत, भुटान, हङकङ तथा म्यानमारविरुद्ध प्रतिस्पर्धा गर्न उत्रिएको नेपालले चारवटै राष्ट्रलाई सजिलै पराजित गरेर नेपाली क्रिकेटको स्तर खस्किँदै गएको छ भन्ने आलोचकहरूको मुखमा बुझो लगाएको छ। पछिल्ला केही वर्षमा लुक डायसले गर्न थालेपछि यस पटकको टिममा १९ वर्षमुनिका खेलाडीहरूलाई प्रशस्तै स्थान दिइएको थियो। श्रीलंकामा सम्पन्न १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगितामा नेपाललाई प्लेट च्याम्पियनको उपाधि दिलाउने युवा खेलाडीहरूलाई डायसले उल्लेखनीय अवसर दिएका थिए। नेपाली क्रिकेटलाई अन्तर्राष्ट्रिय क्रिकेटको यो स्थानसम्म ल्याइपुर्‍याउन अथक



परिश्रम गर्ने प्रशिक्षक डायसको प्रयोग पहिलो चरणको लिग प्रतियोगितामा निकै सफल भयो। छैटौं एसिसी ट्रफी प्रतियोगिता खेल्न जानुअघि नेपाली क्रिकेट टिमका कप्तान विनोद दासले भनेका थिए- यसपटक राष्ट्रिय टिममा १९ वर्षमुनिका खेलाडीहरूको संख्या बढी छ। विश्वकप प्रतियोगितामा प्लेट च्याम्पियनसिप हात पारेका कारण उनीहरूको मनोबल पनि उच्च छ। जसको फाइदा हामीले यसपटक एसिसी प्रतियोगितामा उठाउन सक्नेछौं।

कप्तान दासको कथनलाई सही सावित गर्दै नेपालले एसिसी ट्रफी प्रतियोगितामा भुटान तथा म्यानमारलाई आश्चर्यजनक रेकर्डका साथ पराजित गर्‍यो। नेपालले पाएको लिग चरणको सफलतामा भुटान तथा म्यानमारविरुद्ध विशाल रन र विकेटको अन्तर भए पनि नेपालले हङकङलाई पनि पराजित गर्नु अर्को उल्लेख्य सफलता थियो।

नेपाल अहिले एसिसी प्रतियोगितामा सफलता प्राप्त गरेर विश्वकप क्रिकेट प्रतियोगिताको छनौटमा प्रस्तुत हुने अभियानमा छ। सन् २०११ मा दक्षिण एसियाली मुलुकमा आयोजना हुने विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले आफ्नो उपस्थितिलाई दह्रो रूपमा प्रस्तुत गर्ने पहिलो खुट्किलोका रूपमा यो प्रतियोगितालाई लिइएको छ। सन् २०११ को विश्वकपको लक्ष्य राखेको नेपालले यसपटक आयोजित एसीसी प्रतियोगितामा कुबेतलाई ६ विकेटले पराजित गरेर आफ्नो विजयी सुरुवात गरेको थियो। पहिले ब्याटिङ गर्दै कुबेतले निर्धारित ५० ओभरमा ७ विकेटको क्षतिमा बनाएको २ सय ४ रनको चुनौतीलाई नेपालका क्रिकेटरहरूले ४७ दशमलव ३ ओभरमा ४ विकेटको क्षतिमा पूरा गरेका थिए। उक्त खेलमा नेपालका ज्ञानेन्द्र मल्लले ७९ बलमा १ सय ८ रन बनाएर प्रतियोगिताको म्यान अफ दि म्याचको उपाधि हात पारेका थिए।

नेपालले आफ्नो दोस्रो खेलमा क्रिकेट खेल्ने नयाँ राष्ट्रका रूपमा देखा परेको भुटानविरुद्ध अन्तर्राष्ट्रिय क्षेत्रमै सर्वाधिक बढी रन अन्तरले जित हासिल गरेको थियो। नेपाली क्रिकेटरहरूलाई साथ दिन सफल मलेसियाको रोयल सालेन्गोकर स्टेडियममा गत वर्ष नेपाली क्रिकेटरहरूले इटालीविरुद्ध ६ विकेटको क्षतिमा ३ सय ४ रन बनाएका थिए। यसपटक सोही स्टेडियममा भुटानविरुद्ध नेपाली क्रिकेटरहरूले ८ विकेटको क्षतिमा ३ सय १७ रनको विशाल चुनौती प्रस्तुत गरेका थिए। नेपालको विशाल रन अन्तरलाई पछ्याउँदै आएको भुटानले १८ दशमलव ५ ओभरमा सबै खेलाडी गुमाएर केवल ३६ रन मात्र बनाउन सक्यो। नेपालले भुटानविरुद्ध पाएको २ सय ८१ रनको सफलता यो प्रतियोगिताकै सर्वाधिक रन अन्तरको सफलता हो।

समूह 'सी' मा नेपालले आफ्नो तेस्रो खेलमा बलियो प्रतिद्वन्द्वी हङकङलाई ८७ रनले पराजित गरेको थियो। निर्धारित ५० ओभरको खेलमा ७ विकेटको क्षतिमा २ सय ११ रनको चुनौती प्रस्तुत गरेको नेपालविरुद्ध हङकङका खेलाडीहरूले ४३ दशमलव ३ ओभरमा १ सय २४ रन मात्र बनाउन सके।


अन्तर्राष्ट्रिय क्रिकेटमा भर्खरै पाइला हालेको म्यानमारविरुद्ध पनि नेपाली क्रिकेटरहरूले ऐतिहासिक जित हासिल गरे। पहिले ब्याटिङ गर्न ओर्लिएको म्यानमारलाई नेपाली बलरहरूले १२ दशमलव १ ओभरमा १० रनमै सीमित गरे। प्रतिउत्तरमा नेपाली खेलाडीले ५ मेडनसहित २ बलमै जित हात पारेका थिए।

# भारोत्तोलनमा ऐतिहासिक स्वर्ण



हिमेश बज्राचार्य

स्वर्ण पदक जितेर कमलबहादुर अधिकारी ड्रेसिङ रुममा छिर्दा आनन्दित थिए। उनको अनुहारमा हाँसोको बाक्लो रेखा चढेको थियो। छ जना नेपाली



पत्रकारले उनलाई चारैतर्फबाट घेरेका थिए। यस्तैमा भरोत्तोलन खेलाडी राकेश रञ्जितले भने– 'यहाँ आएका सबै पत्रकार भाग्यमानी छन्। यस्तो खुसीको क्षण भारोत्तोलनमा विरलै आउँछ।'

कमलबहादुरले तत्काल मुख खोल्न सकेनन्। पछि लामो सास तान्दै भने– 'म कतिसाऱ्हो खुसी छु भने बोल्नै सकिरहेको छैन्।' नेपाली सेनाका २८ वर्षीय यी खेलाडीको छवर्षे भारोत्तोलन यात्रा कम रोमाञ्चक छैन। उनले यही खेलबाट प्रेमिका पाए। हालसालै मात्र विवाह गरेका कमलकी पत्नी राज्यलक्ष्मी पनि भारोत्तोलनकै खेलाडी हुन्।

उनीहरू नेपालमा खेलाडी जोडीको अनुपम उदाहरण पनि हुन्। भारोत्तोलनमा महिला प्रतिस्पर्धा पनि भएको भए राज्यलक्ष्मीले पनि कोलम्बोमा प्रतिस्पर्धा गर्थिन् होला, सके पदक पनि जित्ने थिइन्। स्वर्ण हात पारेपछि त्यसको श्रेय कमलले राज्यलक्ष्मीलाई दिन कन्ज्युस्याइँ गरेनन्। स्वर्ण पदकलाई चुम्बन गर्दै उनले भने– ' मलाई यो स्वर्ण पदक र राज्यलक्ष्मीको उत्तिकै माया हुनेछ।'

राज्यलक्ष्मीलाई आफ्ना श्रीमान् काठमाडौंमा फर्कंदा यो कुरालाई लिएर डाहा हुँदो हो, तर कमलको जितमा उनी पनि उत्तिकै रोमाञ्चित हुनेछिन्, किनभने त्यो सफलता कम नाटकीय थिएन। कोलम्बो युनिभर्सिटी जिमनेजियममा ६९ किलोग्रामको प्रतिस्पर्धा सुरु हुँदा कमलले ऐतिहासिक प्रदर्शन गर्न सक्छन् भन्ने अनुमान गर्न कठिन थियो।



कमल क्लिन एन्ड जर्कका विषेशज्ञ खेलाडी मानिन्छन्। स्न्याचको प्रतिस्पर्धा समाप्त हुँदा उनी चौथो स्थानमा थिए। उनका अगाडि पाकिस्तान, श्रीलंका र बंगलादेशका खेलाडी थिए। तेस्रो प्रयासमा कमलले स्न्याचमा १ सय १३ किलोग्राम मात्र उठाएका थिए। त्यो बेला उनले अफगानी खेलाडीलाई मात्र जितेका थिए। पाकिस्तानका मतिउर रहमान तथा श्रीलंकाका सदेश पेरिसले समान १ सय १७ किलोग्राम उठाएका थिए।

बंगलादेशका मनोरञ्जन रोयले पनि १ सय १४ किलोग्राम उठाएका थिए। यस्तो स्थितिमा कलमको समर्थनमा पुगेका नेपाली पत्रकारहरू पनि निराश भैसकेका थिए, तर पत्रकारहरूलाई ढाडस दिंदै थिए– कमलका साथी खेलाडीहरू। उनीहरूले भने– 'हेर्दै जाऔं, चमत्कार हुँदैछ।' कमलले सुरुमै क्लिन एन्ड जर्कतर्फ १ सय ४६ किलोग्रामको बोली लगाएका थिए। त्यसमा कमलले राम्रै चुनौती पाए, विषेशतः रहमानले उनलाई धौंधौ पारेका थिए। क्लिन एन्ड जर्कको अन्तिम प्रयासमा उनले स्वर्णका लागि १ सय ५३ उठाउनु अनिवार्य थियो। दोस्रो प्रयासमा १ सय ५२ किलोग्राम उठाउँदा गाऱ्हो भयो र त्यसमा उनी असफल भए। रहमानले उचालेको कुल २ सय ६६ किलोग्रामभन्दा उनी एक किलोग्रामले पछाडि थिए। प्रशिक्षकले यस्तो निर्णय किन गरे, कमैले बुझे। समर्थकहरूमा ठूलो हलचल मच्चियो।

आखिर उनले अन्तिम प्रयासमा १ सय ५३ किलोग्राम नै उठाउने प्रयास गरे। यसमा असफल भएको भए उनको स्वर्ण गुम्ने निश्चित थियो। भाग्यले त्यस्तो भएन। उनको अन्तिम प्रयास सफल हुँदा पूरा हलमा नारा सुनियो– 'हिप हिप हुर्रे, यो जित कसको ? नेपालको।'



नभन्दै उनको सफलता ऐतिहासिक थियो। सन् १९८४ को पहिलो साफयता नेपालले भारोत्तोलनमा प्रत्येकपल्ट पदक जितेको छ तर यसमा स्वर्ण भने थिएन। दक्षिण एसियाली खेलकुदमै कमलको स्वर्ण पदक भारोत्तोलनतर्फ नेपालको पहिलो स्वर्णपदक थियो।

नेपाल भारोत्तोलन संघका महासचिव पार्थसारथी सेनगुप्ताले तत्काल घोषणा गरे– 'कमल अब नेपाली भारोत्तोलनका महान् खेलाडी भएका छन्। खेलमा बोल्ने काम पदकले नै गर्छ। कमलले स्वर्ण पदक जितेर देखाएका छन्, उनको नाम इतिहासमा दर्ता भएको छ, स्वर्णिम अक्षरले।' निश्चित रूपमा, नेपाली खेलकुदले नयाँ महानायक पाएको छ।

## ५ प्रश्न



**सुमिना श्रेष्ठ, दसौं दक्षिण एसियाली खेलकुदमा नेपाललाई पदक दिलाउने पहिलो खेलाडी । महिला एकलमा कांस्य पदक जितेकी सुमिना महिला टिम इभेन्टमा पनि कांस्य जित्न सफल भएकी छिन् । पाँच प्रश्न सुमिनासँग :**

**एकलमा पदक जित्दा कस्तो लागिरहेको छ ?**

एकदमै खुसी लागेको छ । मेरो लक्ष्य नै सेमिफाइनलमा पुग्ने थियो । त्यसमा म सफल पनि भएँ । मैले प्रतियोगितामा राम्रो खेलें । अझ राम्रो नतिजा प्राप्त गर्नेतर्फ मेरो प्रयास निरन्तर रहनेछ ।

**खेलबाट सन्तुष्ट हुनुहन्छ ?**

एकदमै सन्तुष्ट छु । पछिल्लो समयमा जापानी प्रशिक्षक आएपछि हाम्रो खेलमा धेरै सुधार आएको छ ।

**घर छाडेर टाढा आउँदा कस्तो महसुस भएको छ ?**

ग्रुपमा रहेर खेल्दा त त्यस्तो केही भएन । खाली समयमा घरको सम्झना त आइहाल्छ । धेरै पटक फोन पनि गरें । धेरै पटक विदेशमा पुगेर अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिएका कारण त्यति असहजचाहिँ भएन ।

**श्रीलंका भ्रमण रमाइलो नै भयो होला नि ?**

खेलमै केन्द्रित रहेका कारण रमाइलो र नरमाइलोको त्यति मतलब भएन । खेल नभएको समयमा पनि घुम्न पाइएन । सुरक्षा व्यवस्थाका कारण पनि यस्तो भएजस्तो लाग्छ ।

**भविष्यको योजना खेल मात्र हो ?**

खेल मात्र खेल्ने भन्ने त होइन । पहिले स्नातक पूरा गर्ने सोचाइ छ । खेललाई पनि अघि बढाउन चाहन्छु । अन्य योजना स्नातक पूरा गरेपछि मात्र सोच्ने कुरा हो ।

# को बन्नेछ नेपाली नृत्य तारा ?

**शिव शर्मा**

पोखरा- आकाशगंगा सिने प्रा.लि. काठमाडौं तथा हिमाली सांस्कृतिक परिवारको स्थानीय संयोजनमा राष्ट्रिय स्तरको को बन्नेछ नेपाली नृत्य ताराको देशव्यापी छनौट सुरु भएको छ । प्रतिभा छनौटको क्रम पोखराबाट प्रारम्भ भएको हो । भदौको पहिलो साता सुरु भएको पश्चिमाञ्चलस्तरीय प्रतिभा छनौट गत साताको शनिबार सकिएको छ ।

नेपाली नृत्य ताराका लागि पश्चिमाञ्चलबाट सयौंले सहभागिता जनाए पनि आयोजकहरूले उनीहरूमध्येबाट ५४ जनालाई प्रतियोगिताका लागि छनौट गरी प्रतिस्पर्धा गराएका थिए । उनीहरूमध्येबाट पश्चिमाञ्चलबाट ७ जना मात्र छनौटमा परे । छनौटमा पर्नेहरूमा सबै नृत्य कलामा अब्बल मानिएका छन् । उनीहरूमध्ये मीरा गुरुङ चलचित्र नायिकासमेत हुन् । उनको नृत्यकलाले पोखरामा जादु छर्दै आएको छ ।

त्यसैगरी छनौटमा परेका सुवास राई माछापुच्छ्रे डान्स सेन्टरका डान्स डाइरेक्टर हुन् । राई निर्णायकको नजरमा उत्कृष्ट प्रतिभासमेत घोषित भए । अब उनीसहित छनौटमा परेका प्रतिभाहरूले देशभरिबाट छनौट भएका प्रतिस्पर्धीहरूसँग प्रतिस्पर्धा गर्नेछन् ।

पश्चिमाञ्चल क्षेत्रको पोखरापछि हेटौंडा, झापा, धरान, विराटनगर, इटहरी, बुटवल, वीरगन्जआदि ठाउँबाट प्रतिभाको छनौट गरी अन्तिम प्रतिस्पर्धा राजधानीमा हुनेछ । अमेरिकन आइडलबाट सुरु भएको यस किसिमको प्रतियोगिता इन्डियन आइडल नेपाली तारा तथा नेपाल स्टार हुँदै नेपाली नृत्य तारासम्म आइपुगेको छ ।



नेपाली नृत्य ताराको उपाधि जित्नेले एक लाख रुपैयाँका साथमा सिंगापुर भ्रमण एवं नेपाली चलचित्रमा अभिनय गर्ने अवसरसमेत पाउनेछन् ।

Advance
Hardware
Networking
Training
Duration : 3 Months
Ph: 4241870

# सौन्दर्य स्याहार, आफ्नै हातमा

**जब केस नै बन्छ चिन्ताको कारण**

- धूलो एवं प्रदूषणयुक्त आजको वातावरणको सीधा असर केशमा पर्छ । फलस्वरूप केश क्रमशः कमजोर हुँदै जान्छ ।
- निर्दयी मौसमले केशमा लट्टा एवं चायाँ पर्ने समस्या उत्पन्न हुन्छ । यसले केशको जरासमेत कमजोर हुन्छ र बिस्तारै झर्न थाल्छ ।
- रासायनिक अथवा इलेट्रिकल उपचार एवं औषधीको अधिक सेवनले साइड इफेक्ट गर्छ र केश कमजोर हुन्छ । फलस्वरूप सुन्दर केश पनि बिस्तारै झर्न थाल्छ ।

**केशलाई दिनुहोस् सम्पूर्ण सुरक्षा**

- उपयुक्त सेम्पुले केशको जरासम्म पुगेर त्यसलाई पूर्ण रूपमा सफा गर्छ।
- सामान्य केशमा अमला र सिकाकाई लाभदायक हुन्छ । यसले केश चम्किलो एवं स्वस्थ रहन्छ । अमला तथा सिकाकाईले शिरको छालालाई पनि सफा गर्छ ।
- केश फरफराउँदो एवं बलियो बनाउन हीना तथा तुलसी स्याम्पु वरदान साबित हुन्छ ।
- रोजमेरी जडीबुटीले चायाँ एवं शिरको छालामा कुनै संक्रमण हुन दिँदैन ।
- सबै किसिमको साइड इफेक्टबाट बच्न हर्बल स्याम्पु नै प्रयोग गर्नुहोस् ।
- सोया एवं प्रोटिनले केशका सबै स्थानमा पोषण प्रदान गर्छ ।
- आयुरको हर्बल स्याम्पुमा यी सबै गुणकारी तत्त्व विद्यमान छन् । यी स्याम्पु अनेक लाभकारी जडीबुटीले भरिएका छन् । यसको प्रयोगले केशलाई सदाबहार एवं ताजा राख्छ ।

**केशको सम्पूर्ण रेखदेख प्रकृतिले नै गर्न सक्छ ।**

होटल तालिम होटल व्यवस्थापन

HOTEL KHUMBU

टुर एवं होटल तालिम
• Tour & Travel Mgmt
• Tour Operation
• Airline & Travel
• Hotel Management
• F & B Management
• Cook
• Waiter
• Bartender
SATS Course

नेपाल फोटोग्राफी ट्रेनिङ इन्स्टिच्युट

रोजगारमूलक तालिम (CTEVT
PHOTOGRAPHY Photo Editing
VIDEOGRAPHY Video Editing
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**